माघ - २

सर्वोच्च अदालत बुलेटिन

पाक्षिक प्रकाशन

वर्ष ३०, अङ्क २० | २०७८, माघ १६-२९ | पूर्णाङ्क ७१०



प्रकाशक

सर्वोच्च अदालत

रामशाहपथ, काठमाडौं

फोन नं. ४२००७२८, ४२००७२९, ४२००७५० Ext.२५११ (सम्पादन), २५१४ (छापाखाना), २१३१ (बिक्री)

फ्याक्सः ४२००७४९, पो.व.नं. २०४३८

Email: info@supremecourt.gov.np, **Web:** www.supremecourt.gov.np

सम्पादन तथा प्रकाशन समिति

माननीय न्यायाधीश श्री सपना प्रधान मल्ल, सर्वोच्च अदालत	- अध्यक्ष
माननीय न्यायाधीश श्री हरिप्रसाद फुयाल, सर्वोच्च अदालत	- सदस्य
मुख्य रजिस्ट्रार श्री लालबहादुर कुँवर, सर्वोच्च अदालत	- सदस्य
नायब महान्यायाधिवक्ता श्री कृष्णजीवी घिमिरे, प्रतिनिधि, महान्यायाधिवक्ताको कार्यालय	- सदस्य
रजिस्ट्रार श्री निर्मला पौडेल, सर्वोच्च अदालत	- सदस्य
अधिवक्ता श्री रूद्रप्रसाद पोखेल, कोषाध्यक्ष, नेपाल बार एसोसिएसन	- सदस्य
अधिवक्ता श्री ऋषिराम घिमिरे, सचिव, सर्वोच्च अदालत बार एसोसिएसन	- सदस्य
प्रा.डा.विजय सिंह सिजापति, डिन, त्रिभुवन विश्वविद्यालय, कानून संकाय	- सदस्य
सहरजिस्ट्रार श्री हरिराज कार्की, सर्वोच्च अदालत	- सदस्य सचिव

सम्पादक : श्री ध्रुवकुमार ढकाल

सम्पादन तथा प्रकाशन शाखामा कार्यरत् कर्मचारीहरू

शाखा अधिकृत श्री दिपक पोखरेल
शाखा अधिकृत श्री योमा मुलपती
शाखा अधिकृत श्री नरेश कार्की
नायब सुब्बा श्री निरजकुमार ढुंगाना
नायब सुब्बा श्री भीमराज घिमिरे
सिनियर प्रुफरिडर श्री रेशम शर्मा
कम्प्युटर अपरेटर श्री अर्जुन सुवेदी
कम्प्युटर अपरेटर श्री मञ्जु खडका
कार्यालय सहयोगी श्री अच्युत दाहाल

भाषाविद् : श्री रामचन्द्र फुयाल

बिक्री शाखा

नायब सुब्बा श्री निलदेव रिजाल

मुद्रण शाखामा कार्यरत कर्मचारीहरू

मुद्रण अधिकृत श्री कान्छा श्रेष्ठ
मुद्रण अधिकृत श्री आनन्दप्रकाश नेपाल
सिनियर हेल्पर श्री तुलसीनारायण महर्जन
नायब सुब्बा श्री शिवहरि अधिकारी
सिनियर प्रेसम्यान श्री योगप्रसाद पोखरेल
सिनियर मेकानिक्स श्री निर्मल बयलकोटी
सिनियर कम्पोजिटर श्री श्यामकृष्ण प्रजापति
सिनियर प्रेसम्यान श्री सविता पोखरेल
कम्पोजिटर श्री प्रमिलाकुमारी लामिछाने
सिनियर प्रेसम्यान श्री अर्जुन घिमिरे
प्रेसम्यान श्री केशवबहादुर सिटौला
बुकबाइन्डर श्री अच्युतप्रसाद सुवेदी
बुकबाइन्डर श्री धनमाया मानन्धर

विभिन्न इजलासहरूबाट सम्पादन शाखामा प्राप्त भई यस अङ्कमा प्रकाशित निर्णय / आदेशहरू

इजलास नं. १	१२
इजलास नं. २	२
इजलास नं. ४	२
इजलास नं. ५	२
इजलास नं. ६	११
इजलास नं. ७	२
जम्मा	**३१**

इजलास नं. ८	१
इजलास नं. ९	१
इजलास नं. १०	२
इजलास नं. ११	२
इजलास नं. १२	१
रायबाझी फैसला	१
जम्मा	**८**

कूल जम्मा ३१ + ८ = ३९

नेपाल कानून पत्रिका

मा प्रकाशित भएका फैसलाहरू (२०१५ सालदेखि हालसम्म)

हेर्न, पढ्न तथा सुरक्षित गर्न

www.nkp.gov.np

मा जानुहोला ।

खोज्ने तरिका

सर्वप्रथम **www.nkp.gov.np** लगइन गरेपश्चात् गृहपृष्ठमा देखिने **शब्दबाट फैसला खोज्नुहोस** भन्ने स्थानमा आफूले खोज्न चाहेअनुसारको कुनै शब्द नेपाली युनिकोड फन्टमा टाइप गर्नुहोस् । यसबाट खोजेअनुसारको फैसला प्राप्त गर्न नसकेमा वेबसाइटको दोस्रो शीर्षकमा रहेको **वृहत् खोज** खोलेर विभिन्न किसिमले फैसला खोज्न सकिनेछ । त्यस अतिरिक्त **नेकाप प्रत्येक वर्ष** र **हाम्रो बारेमा** समेत हेर्न सक्नुहुनेछ ।

यस पत्रिकाको इजलाससमेतमा उद्धरण गर्नुपर्दा निम्नानुसार गर्नुपर्नेछः

सअ बुलेटिन, २०७..., ... – १ वा २, पृष्ठ ....

(साल) (महिना)

उदाहरणार्थः सअ बुलेटिन, २०७८, माघ – २, पृष्ठ १

का.जि.द.नं. ३९।०४९।०५०

सूचना

"<u>नेपाल कानून पत्रिका र सर्वोच्च अदालत बुलेटिन</u>" को **"<u>वार्षिक ग्राहक</u>"** बन्न चाहनेका लागि **<u>२०७६ वैशाख अङ्क</u>**देखि वार्षिक ग्राहक बन्न पाउने गरी सम्पादन तथा प्रकाशन समितिले निर्णय गरेको हुँदा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

समितिको निर्णयानुसार मूल्य समायोजन भई **<u>नेपाल कानून पत्रिका रू.७५</u>** र **<u>सर्वोच्च अदालत बुलेटिन प्रति अङ्क रू.४०</u>** कायम गरिएकोसमेत सबैलाई जानकारी गराइन्छ।

मूल्य रू.४०।–

मुद्रकः सर्वोच्च अदालत, छापाखाना

विषयसूची

क्र.सं.	विषय	पक्ष / विपक्ष	पृष्ठ
इजलास नं. १			**१ – ११**
१.	हक कायम	कुणाल लामा वि. पशुपति क्षेत्र विकास कोष, पशुपतिनाथ अमालकोट कचहरी, देवपतन, काठमाडौंसमेत	१
२.	सवारी ज्यान	नेपाल सरकार वि. सूर्यबहादुर घिसिङ	२
३.	कर्तव्य ज्यान	नेपाल सरकार वि. दलबहादुर खड्का	४
४.	कर्तव्य ज्यान	नेपाल सरकार वि. जीतमाया सुनुवार	४
५.	जबरजस्ती करणी	रविन्द्र नेपाली वि. नेपाल सरकार	५
६.	अपहरण तथा शरीर बन्धक	अमलदेव ठाकुर वि. नेपाल सरकार	७
७.	हाडनातामा जबरजस्ती करणी	नेपाल सरकार वि. फ्याते भन्ने राजकुमार मेनेङ्वो	८
८.	वैदेशिक रोजगार कसुर	नेपाल सरकार वि. साम्देन शेर्पा	९
इजलास नं. २			**११ – १३**
९.	उत्प्रेषण	सुरेन्द्र केशरी पौडेल उपाध्याय वि. काठमाडौं जिल्ला अदालत बबरमहलसमेत	११
१०.	उत्प्रेषण	नरेशमान शाक्य वि. पुनरावेदन अदालत विराटनगरसमेत	१२
इजलास नं. ४			**१३ – १५**
११.	जबरजस्ती करणी	रमेश खड्का वि. नेपाल सरकार	१३
१२.	पाटेबाघ वन्यजन्तुको ओखटोपहार ओसार पसार	अगानु चौधरी भन्ने अगानु डगौरा थारू वि. नेपाल सरकार	१५
इजलास नं. ५			**१६ – १८**
१३.	जबरजस्ती करणी	अमृत श्रेष्ठ वि. नेपाल सरकार	१६

१४.	कर्तव्य ज्यान	सन्दीप दमाई वि. नेपाल सरकार, नेपाल सरकार वि. सन्दीप दमाई	१७
इजलास नं. ६			१८ – ३०
१५.	उत्प्रेषण	इम्प्लाइमेन्ट क्रियसन सर्भिस प्रा.लि, काठमाडौंसमेत वि. देवराज खड्का	१८
१६.	जबरजस्ती करणी	कालीबहादुर ओली वि. नेपाल सरकार	१९
१७.	मोही लगत कट्टा	हिरालाल चौधरी भन्ने हिरालाल भण्डारी वि. जुम्मालाल यादव	२०
१८.	अपुताली हक कायमसमेत	रमा अर्याल वि. हिरण्यसिंह ढुङ्गानासमेत	२१
१९.	कर्तव्य ज्यान	जगजंग शाही वि. नेपाल सरकार	२३
२०.	उत्प्रेषण	प्रभावती अहिर वि. पुनरावेदन अदालत बुटवल, रूपन्देहीसमेत	२४
२१.	उत्प्रेषण / परमादेश	अधिवक्ता डिलहरी शर्मा वि. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौंसमेत	२५
२२.	परमादेश	स्वास्थ्य सेवा विभाग, टेकु वि. जयलाल सहनी	२६
२३.	ज्यान मार्ने उद्योग र डाँका	नेपाल सरकार वि. विकास भन्ने कमल रोक्का	२७
इजलास नं. ७			३० – ३१
२४.	वैदेशिक रोजगार कसुर	नेपाल सरकार वि. सिता दाहाल	३०
२५.	उत्प्रेषण	रामप्रसाद राई वि. राष्ट्रिय वाणिज्य बैंक, केन्द्रीय कार्यालयसमेत	३०
इजलास नं.८			३१ - ३२
२६.	कर्तव्य ज्यान	अनवर अलि मुसलमान वि. नेपाल सरकार, जुवेर अहमद	३१

		मुसलमान वि. नेपाल सरकार, नेपाल सरकार वि. अनवर अलि मुसलमानसमेत	
इजलास नं.९			**३२ - ३३**
२७.	कर्तव्य ज्यान	रामशंकर पासी वि. नेपाल सरकार	**३२**
इजलास नं.१०			**३३ - ३५**
२८.	उत्प्रेषण	उच्च माध्यमिक शिक्षा परिषद् वि. पुनरावेदन अदालत पाटनसमेत	**३३**
२९.	जग्गा खिचोला मेटाई चलन चलाई पाऊँ	रमेशप्रसाद अधिकारी वि. श्रीराम पाण्डे	**३४**
इजलास नं.११			**३५ - ३९**
३०.	जग्गा गुठी तैनाथी कायम	चक्रविर श्रेष्ठसमेत वि. भाइचा महर्जनसमेत, पञ्चलाल महर्जनसमेत वि. भाइचा महर्जनसमेत	**३५**
३१.	वैदेशिक रोजगार	नेपाल सरकार वि. आनन्द पराजुलीसमेत	**३७**
इजलास नं.१२			**३९ - ४०**
३२.	बन्दी प्रत्यक्षीकरण	रामबहादुर वाइवा वि. काठमाडौं जिल्ला अदालतसमेत	**३९**
रायबाझी फैसला			**४० - ५२**
३३.	धर्मलोप	भरतलाल न्याछ्यो वि. लक्ष्मी न्याछ्यो	**४०**

इजलास नं.१

१

मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री डम्बरबहादुर शाही, ०६७-CI-०९११, हक कायम, कुणाल लामा वि. पशुपति क्षेत्र विकास कोष, पशुपतिनाथ अमालकोट कचहरी, देवपतन, काठमाडौंसमेत

पुनरावेदक वादी कुणाल लामा स्व.पातली लमिनीको स्व. पति साइला भन्ने काजिमान लामाबाट जन्मेका छोरापट्टिको नाति तथा यी प्रत्यर्थी प्रतिवादी चम्पा लामा सोही पतिबाट जन्मेकी छोरी नाताका व्यक्तिहरू भएको तथ्यमा विवाद रहेको देखिँदैन । निज पातली लमिनीले आफ्ना पति साइला भन्ने काजिमान लामाको मिति २०२४ सालमा निधन भएपश्चात् चन्द्रबहादुर तामाङसँग विवाह गरेको र निज चन्द्रबहादुर तामाङसँग पातली लामाको २०३१ सालमा सम्बन्ध विच्छेद भएपछि उक्त कि.नं.४४६ को ०-१०-०-० जग्गा मिति २०३७।९।३ मा र.नं.३५५१ को लिखतबाट खरिद गरी निज पातली लमिनीको नाउँमा आएको तथ्यमा समेत विवाद रहेको देखिन नआउने ।

पुनरावेदक वादीको हजुरबुबा तथा प्रत्यर्थी प्रतिवादी चम्पा लामाको पिताको मिति २०२४ सालमा मृत्यु भइसकेपछि निज पातली लामाले चन्द्रबहादुरसँग दोस्रो विवाह गरेका कारण निज पातली लमिनीको पूर्वपतिका रूपमा रहेका काजिमान भन्ने साइला लामासँगको सो पूर्वनाता सम्बन्ध नै टुट्न गएको अवस्थामा निज पातली लमिनीले स्वतन्त्र अवस्थामा मिति २०३७।०९।०३ मा खरिद गरी लिएको निजको नाउँमा कायम रहेको सम्पत्तिमा पूर्वपति स्व.साइला भन्ने काजिमान लामातर्फबाट जन्मेका नाति वा छोरी नाताको हैसियतले निजहरूले अपुतालीको २ नं.बमोजिम अपुताली प्राप्त गर्न सक्ने कानूनी अवस्था विद्यमान रहेको नदेखिने ।

प्रतिवादी चम्पा लामाले यीनै पुनरावेदक वादी कुणाल लामासमेत उपर दिएको उक्त मिलापत्र बदर मुद्दामा भएको अन्तिम फैसलासमेतका आधारमा प्रतिवादी चम्पा लामाले आमा पातली लामाको नाउँमा रहेको उक्त जग्गा आफ्नो नाउँमा नामसारी गरिपाउँ भनी निवेदन दिई निजका नाउँमा नामसारी गर्ने गरी प्रतिवादी श्री पशुपतिनाथ अमालकोट कचहरीको कार्यालयबाट मिति २०६१।१।४ को निर्णय भई उक्त जग्गा निजको नाउँमा कानूनसम्मत तवरले नामसारी भई आएको देखिएको हुँदा उक्त दाबीको साबिक कि.नं. ४४६ को ०-१०-०-० घर जग्गा विपक्षी चम्पा लामाका नाउँमा हाल साबिक नामसारी गर्न विपक्षी पशुपति क्षेत्र विकास कोष श्री पशुपतिनाथ अमालकोट कचहरी देवपतन, काठमाडौंले मिति २०६१।१।४ मा गरेको (निर्णय) टिप्पणी आदेश र सोको आधारमा विपक्षी चम्पा लामाको नाउँमा भएको दर्ता नामसारीसमेत सम्पूर्ण बदर गरी आफ्नो नाउँमा यथावत् हक कायम गरी नामसारीसमेत गरिपाउँ भन्ने यी पुनरावेदक वादीको फिराद दाबी पुग्न नसक्ने भनी सुरू काठमाडौं जिल्ला अदालतबाट मिति २०६३।१२।०७ मा भएको फैसला नै सदर हुने गरी पुनरावेदन अदालत पाटनबाट

मिति २०६६।०५।२८ मा भएको फैसला मिलेकै देखिन आएकोले यी पुनरावेदक वादीको प्रस्तुत पुनरावेदन जिकिर एवं निजको तर्फबाट उपस्थित विद्वान् कानून व्यवसायीको बहस जिकिर तथा यस अदालतबाट मिति २०६७।१०।०७ मा भएको आदेशमा लिइएको आधारहरूसँग सहमत हुन नसकिने।

तसर्थ, विवादको उक्त घर जग्गा पातली लमिनीका नाउँबाट यी प्रत्यर्थी प्रतिवादी चम्पा लामाका नाउँमा हाल साबिक नामसारी गर्न पशुपति क्षेत्र विकास कोष श्री पशुपतिनाथ अमालकोट कचहरी, देवपतन, काठमाडौंले मिति २०६१।१।४ मा गरेको (निर्णय) टिप्पणी आदेश र सोको आधारमा यी प्रतिवादी चम्पा लामाको नाउँमा भएको दर्ता नामसारीसमेत बदर गरी आफ्नो हक कायम गरी नामसारीसमेत गरिपाउँ भन्नेसमेतको यी पुनरावेदक वादीको फिराद दाबी पुग्न नसक्ने भनी सुरू काठमाडौं जिल्ला अदालतबाट मिति २०६३।१२।०७ मा भएको फैसला नै सदर हुने गरी पुनरावेदन अदालत पाटनबाट मिति २०६६।५।२८ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः- सुरथप्रसाद तिमल्सेना

कम्प्युटर : मन्जिता ढुंगाना

इति संवत् २०७४ साल फागुन ३० गते रोज ४ शुभम्।

यसै लगाउको निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएको छ :

- ०६७-CI-०९१२, निर्णय दर्ता बदर, राजकुमार डंगोल वि. चम्पा लामासमेत
- ०६७-CI-०९१३, फैसला बदर, राजकुमार डंगोल वि. चम्पा लामासमेत
- ०६७-CI-०९१४, फैसला बदर, राजकुमार डंगोल वि. चम्पा लामासमेत
- ०६८-CI-०९१३, निषेधाज्ञा, राजकुमार डंगोल वि. जिल्ला प्रशासन कार्यालय, काठमाडौंसमेत

२

मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री डम्बरबहादुर शाही, ०७१-CR-०९९३, सवारी ज्यान, नेपाल सरकार वि. सूर्यबहादुर घिसिङ

प्रतिवादीले आफ्नै साइडबाट चलाई गएको मोटरसाइकल बाटोको टर्निङमा बाटो काट्दा सोही समान दिशातर्फबाट आउँदै गरेकी यी मृतकलाई उक्त सडकको टर्निङमा यी प्रतिवादी सूर्यबहादुर घिसिङले चलाएको मे ३ प ९२२३ नं. को मोटरसाइकलले मृतक इन्दिरा राईलाई ठक्कर लागेको कारणबाट मृतकको टाउकोमा चोट लाग्न गई सोही चोटको कारणबाट घटनास्थलमै निज मृतकको मृत्यु भएको देखिँदा यी प्रतिवादीले उक्त मोटरसाइकल चलाउँदा मृतकको ज्यान मर्न सक्ने ठुलो सम्भावना छ भन्ने कुरा जानी जानी वा लापरवाही गरी निजले उक्त सवारी चलाएको कारणले नै उक्त दुर्घटना हुन गएको भन्ने नदेखिने।

प्रतिवादीले सो मोटरसाइकल चलाउँदा कसैको ज्यान मर्न सक्ने ठुलो सम्भावना छ भन्ने कुरा जानी जानी वा लापरवाही गरी सो सवारी चलाएको कारण दुर्घटना भएको देखिन नआएको परिप्रेक्ष्यमा यी प्रतिवादीलाई निजले गर्दै नगरेको कसुरको लागि कसुरदार कायम गरी सजाय गर्ने अवस्था कानून एवं न्यायको दृष्टिबाट समेत मान्य हुन सक्दैन । यी प्रतिवादीले सडकमा आफ्नो

साइडबाट चलाएको मोटरसाइकलको अगाडि आइपुगेकी मृतकलाई बचाउने कोसिस गर्दा गर्दै मृतकलाई ठक्कर लागी भुइँमा लडेको कारणले घट्नास्थलमा नै मृतकको टाउकोमा चोट लाग्न गई अत्यधिक रक्तस्रावका कारण निज मृतकको मृत्यु भएको देखिएको हुँदा उक्त घटना वारदातलाई सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१(२) नं. को कसुरको दायराभित्र पर्छ भन्नु न्यायसङ्गत नदेखिने।

प्रतिवादीले चलाएको उक्त मोटरसाइकलबाट दुर्घटना हुन गई मृतकको मृत्यु हुन गएको कारणले मात्र यी प्रतिवादीले उक्त दफाबमोजिमको कसुर गरेको भनी मान्न मिल्ने नदेखिएको हुँदा यी प्रतिवादीका हकमा उक्त दफा १६१(२) नं.बमोजिमको कसुर कायम हुन सक्ने अवस्था नदेखिने।

प्रतिवादीले चलाएको उक्त मोटरसाइलबाट मृतकको मृत्यु हुन सक्छ भन्ने पूर्वावस्था देखिने गरी प्रतिवादीले मोटरसाइकल चलाएको नदेखिएको र यी प्रतिवादीले चलाएको उक्त मोटरसाइकलले बाटोको टर्निङमा बाटो काट्न खोज्ने पैदल यात्री यी मृतकलाई उक्त टर्निङमा ठक्कर दिएका कारण तत्काल घटनास्थलमा नै मृतक भुईंमा लड्न पुगी मृतकको टाउकोमा चोट लागी अत्यधिक रक्तस्रावको कारण निज मृतकको मृत्यु हुन गएको देखिएको हुँदा उक्त घटना वारदातको पृष्ठभूमि, अवस्था र परिस्थितिसमेतबाट सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१(३) नं.बमोजिमको प्रकृति विद्यमान रहेको देखिन आएकोले प्रस्तुत घटना वारदात सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१(३) बमोजिमको कसुरको दायराभित्र पर्न आएको देखिन आएकोले यी प्रतिवादी सूर्यबहादुर घिसिङलाई सोही दफा १६१(३) नं.अनुसार रू.२०००/- जरिवाना र २५ दिन कैद गर्ने गरी सुरू मोरङ जिल्ला अदालतबाट मिति २०७०/०१/३१ मा भएको फैसलालाई सदर गर्ने गरी पुनरावेदन अदालत विराटनगरबाट मिति २०७०।१०।२४ मा भएको फैसला मिलेकै देखिन आएको हुँदा पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन जिकिर एवं यस अदालतबाट मिति २०७१/११/३ मा मुद्दा दोहोऱ्याई हेर्नको लागि निस्सा प्रदान गर्ने गरी भएको आदेशमा उल्लिखित आधारसँग सहमत हुन नसकिने।

अतः माथि विवेचित आधार प्रमाणबाट यी प्रतिवादी सूर्यबहादुर घिसिङले मृतकको ज्यान मर्न सक्ने ठुलो सम्भावना छ भन्ने कुरा जानी जानी वा लापरवाही गरी निजले उक्त मोटरसाइकल चलाएको कारणले नै उक्त दुर्घटना हुन गएको भन्ने देखिन नआएको र यी प्रतिवादीले चलाएको उक्त मोटरसाइकलको ठक्करबाट मृतकको मृत्यु हुन गएकोले निज प्रतिवादी सूर्यबहादुर घिसिङलाई सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१(३) अनुसार रू.२०००/- जरिवाना र २५ दिन कैद गर्ने गरी सुरू मोरङ जिल्ला अदालतबाट मिति २०७०/०१/३१ मा भएको फैसलालाई सदर गर्ने गरी पुनरावेदन अदालत विराटनगरबाट मिति २०७०।१०।२४ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: सुरथप्रसाद तिमल्सेना

इतिसंवत् २०७४ साल कार्तिक २७ गते रोज २ शुभम्।

३

मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री टंकबहादुर मोक्तान, ०७१-CR-०९५३, कर्तव्य ज्यान, नेपाल सरकार वि. दलबहादुर खड्का

जाहेरवालीसँगको विवादमा प्रतिवादीले निजलाई हिर्काएको दाउराको चिर्पटको चोट बिचमा आएकी प्रतिवादीकी आमा मृतक हासुदेवी खड्कालाई अचानक लाग्न गई सोही चोटको कारण मृत्यु भएको देखिएको र मृतक प्रतिवादीको आमालाई मार्नुपर्नेसम्मको कारणसमेत सबुद प्रमाणबाट नदेखिएको अवस्थामा प्रस्तुत वारदातलाई भवितव्यका रूपमा लिनुपर्ने।

वारदातमा झैझगडा हुँदा मादक पदार्थको सेवन गरेका भनिएका प्रतिवादीले दाउराको चिर्पटले जाहेरवाली श्रीमती तारादेवी खड्कालाई हानेकोमा सोको चोट निजलाई नलागी बिचमा आएकी प्रतिवादीकी आमा मृतक हासुदेवी खड्कालाई लाग्न गई भवितव्य परी ज्यान मरेको अवस्था देखिँदा निज प्रतिवादीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको ६(२) नं. बमोजिम पाँच सय जरिवाना र दुई वर्ष कैद सजाय हुने गरी भएको पुनरावेदन अदालतको फैसला अन्यथा नदेखिने।

अतः उपर्युक्त विवेचित, आधार, प्रमाण तथा कारणबाट प्रतिवादी दलबहादुर खड्काले मृतकलाई मार्ने नै उद्देश्यले प्रहार गरेको भन्ने नदेखिएको अवस्था, प्रतिवादी जाहेरवाली श्रीमतीलाई कुटपिट गरिरहेको अवस्थामा दाउराको चिर्पटले हानेको चोट अचानक मृतक आमालाई लाग्न गई निजको मृत्यु भएको देखिएको स्थितिसमेतबाट निज प्रतिवादी दलबहादुर खड्कालाई साबिक मुलुकी ऐन, ज्यानसम्बन्धी महलको ६ नं. को देहाय (२) बमोजिम पाँच सय रूपैयाँ जरिवाना र २(दुई) वर्ष कैद सजाय हुने ठहर गरी पुनरावेदन अदालत दिपायलबाट मिति २०७१।६।२९ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः कमलकान्त जोशी

इति संवत् २०७५ साल भदौ २७ गते रोज ४ शुभम्।

४

मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री टंकबहादुर मोक्तान, ०७४-RC-०१४२, कर्तव्य ज्यान, नेपाल सरकार वि. जीतमाया सुनुवार

प्रतिवादी जीतमाया सुनुवारको बाख्राको खोरबाट बरामद भएको बाँसको जरा र धनकुमारी सुनुवारको ट्वाइलेटको छेउबाट बरामद भएको चिर्पट दाउरामा समेत रगतजस्तो पदार्थ लागेको भन्ने घटनास्थल तथा बरामदी मुचुल्काबाट देखिएको छ। उक्त रगत बाख्रा तुहिँदा र ब्रोइलर कुखुरा काट्दाको भनी निज प्रतिवादीहरूले जिकिर लिए पनि उक्त रगत मानिसको भएको भन्ने केन्द्रीय प्रहरी विधिविज्ञान प्रयोगशालाको प्रतिवेदनबाट पुष्टि हुन आएको छ। मृतकको पेन्टभित्र लिङ्गको फेदमा बाख्राको बड्कुला जस्तो भेटिएको भन्ने लास प्रकृति मुचुल्काबाट देखिएकोले मृतकलाई जीतमायाको बाख्राको खोर भएकै स्थानमा चिर्पट दाउराले प्रहार गरेको कारण निजको मृत्यु भएपश्चात् अपराध लुकाउनको लागि खरबारीमा लगी फालेको भनी सहजै अनुमान गर्न सकिने स्थिति देखिने।

प्रतिवादी जीतमाया सुनुवार मौकामा र अदालतमा आरोपित कसुरमा इन्कार रहे पनि वारदातको दिन मृतकसँगै बसी रक्सी खाएको

भनी स्वीकार गरेकी, सहप्रतिवादीहरूको मौकाको बयान कागज तथा वस्तुस्थिति मुचुल्कामा कागज गर्ने कलमाया रायको बकपत्रसमेतबाट यी प्रतिवादी जीतमायाको मृतकसँग पूर्वरिसइवी रहेको थियो भन्ने देखिएको, निजको बाख्राको खोरबाट बरामद भएको बाँसको जराहरूमा लागेको रगत मानिसकै रगत हो भन्ने परीक्षण प्रतिवेदनबाट देखिन आएको, मृतकले लगाएको पाइन्टभित्र बाख्राको बड्कुला भेटिएको, त्यसैगरी जाहेरवाली, मौकामा बुझिएका मानिसहरूले समेत यी प्रतिवादीसँग मृतकको झगडा भएको कुरालाई समर्थन गर्दै अदालतमा बकपत्र गरेकोसमेतका तथ्य, प्रमाण एवं कागजसमेतबाट प्रतिवादी जीतमाया सुनुवारको कर्तव्यबाट नै मृतकको मृत्यु हुन गएको परिस्थितिजन्य प्रमाणबाट देखिन आएकोले निज प्रतिवादी जीतमाया सुनुवारलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको १३(३) नं. बमोजिम जन्मकैदको सजाय गरेको सुरू फैसला सदर हुने ठहऱ्याएको उच्च अदालत विराटनगर, अस्थायी इजलास ओखलढुङ्गाको मिति २०७३।१२।१४ को फैसला मिलेकै देखिँदा निजको हकमा साधक सदर हुने।

मृतक र प्रतिवादी जीतमायाको बिचमा बाख्राले मकै खाएको भन्ने जस्तो सामान्य विवाद रहे पनि मृतकलाई मार्नुपर्नेसम्मको रिसइवी रहे भएको देखिँदैन। मृतक र प्रतिवादी जीतमायासमेत सँगै बसी रक्सी खाएको र रक्सीकै नशामा निजहरूबिच उत्पन्न सामान्य घरेलु विवादबाट उक्त वारदात घट्न पुगेको देखिन आएको छ। नशाको सुरमा दाउरो प्रहार गर्दा टाउकोमा लाग्न गई मृतकको मृत्यु हुन पुगेको देखिन्छ। उक्त वारदातमा जोखिमी किसिमको कुनै धारिलो हतियारसमेत प्रहार गरेको देखिँदैन। प्रतिवादीले मृतकलाई मार्नको लागि कुनै पूर्वयोजना बनाएकोसमेत देखिएको छैन। प्रतिवादी जीतमाया ५५ वर्ष नाघिसकेकी महिला भएको र अपराधको अवस्थासमेतलाई विचार गरी निजलाई ऐनबमोजिम जन्मकैदको सजाय गर्दा चर्को हुन जाने र वर्ष ५ कैद गर्दा पनि सजायको मकसद पूरा हुने देखिँदा निज प्रतिवादी जीतमाया सुनुवारलाई कैद वर्ष ५ गर्न व्यक्त भएको उच्च अदालत विराटनगर, अस्थायी इजलास ओखलढुंगाको राय मनासिब नै देखियो। तसर्थ निज प्रतिवादी जीतमाया सुनुवारलाई मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम ५(पाँच) वर्ष कैद सजाय हुने।

इजलास अधिकृतः महेश खनाल

कम्प्युटर : अभिषेककुमार राय

इति संवत् २०७५ साल असार १० गते रोज १ शुभम्।

५

मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री कुमार रेग्मी, *०७५-CR-१३१६, जबरजस्ती करणी, रविन्द्र नेपाली वि. नेपाल सरकार*

जाहेरी दरखास्त र पीडितको मौकाको कागजलाई पीडितको स्वास्थ्य परीक्षण प्रतिवेदन र प्रतिवादीको मौकामा भएको बयानसमेतले समर्थन गरेको पाइन्छ। प्रतिवादीले अदालतमा बयान गर्दा वारदातको दिन र समयमा प्रतिवादी पीडितसँग रहेको, आमा जाहेरवालीले शंका लागी केरकार गरेको भन्ने तथ्यलाई स्वीकार गरेको देखिन्छ। प्रतिवादीले जबरजस्ती करणी गरेको आशंकामा सोधपुछ गर्दा पीडितले सबैका सामुन्ने जबरजस्ती करणी भएको कुरा भन्न नसकी घरमा गई आमालाई

भनेको भनी पीडितको मौकाको कागजमा उल्लेख भएको भनाइलाई प्रतिवादीको अदालतको बयानले समर्थन गरेको देखिन्छ। प्रतिवादीले मौकामा गरेको साबिती बयानलाई जाहेरी, पीडितको मौकाको कागज Medical report समेतबाट पुष्टि भइरहेको अवस्थामा प्रतिवादीले जबरजस्ती करणी गरेको होइन भनी अदालतमा गरेको बयान तथा पीडित एवम् जाहेरवालीले अदालतमा गरेको प्रतिकूल बकपत्रको आधारमा मात्र जबरजस्ती करणी भएको होइन भनी निष्कर्षमा पुग्न सक्ने अवस्था देखिँदैन । पीडित १५ वर्षकी नाबालिका रहेको भन्नेमा विवाद छैन । यस्तो कम उमेरकी नाबालिकाको Hymen tear भएको Medical report बाट देखिन्छ। त्यसरी Hymen tear हुन सक्ने कुनै विश्वसनीय कारण देखिँदैन भने त्यस्तो कुनै कारण प्रतिवादीले देखाउन सकेको अवस्था पनि छैन। त्यसै विनाकारण जाहेरी दिनु पर्ने कुनै कारण पनि देखिँदैन। यस स्थितिमा प्रतिवादीले जाहेरवालीको छोरी वर्ष १५ की पीडितलाई जबरजस्ती करणी गरेको भन्ने तथ्य जाहेरी दरखास्त, पीडितको मौकाको कागज, प्रतिवादीको मौकाको बयान, घटनास्थल मुचुल्का र बुझिएका मानिसले गरेको घटना विवरण कागजसमेतका परिस्थितिजन्य प्रमाणसमेतबाट स्थापित भएको देखिने।

प्रस्तुत मुद्दामा प्रतिवादीले पीडितलाई जबरजस्ती करणी भएको भन्ने तथ्य जाहेरी दरखास्त, पीडितले मौकामा गरेको कागज, प्रतिवादीले मौकामा गरेको बयान, घटनास्थल मुचुल्का र बुझिएका मानिसले गरेको घटना विवरण कागज, Medical report समेतबाट स्थापित भइरहेको अवस्थामा जाहेरवाली तथा पीडितले अदालतमा आई प्रतिकूल बकपत्र गरेको आधारमा प्रतिवादीलाई आरोपित कसुरबाट सफाइ दिनु उक्त प्रतिपादित सिद्धान्तविपरीत हुने देखिँदा प्रतिवादीलाई अभियोग दाबीबमोजिमको कसुर ठहर हुने गरी उच्च अदालत तुलसीपुर, नेपालगन्ज इजलासबाट मिति २०७४।१।३१ मा भएको फैसला मनासिब देखिँदा प्रतिवादीको पुनरावेदन जिकिर र मुद्दा दोहोऱ्याई हेर्न निस्सा प्रदान गर्ने गरी यस अदालतबाट मिति २०७५।८।२८ मा भएको आदेशमा उल्लिखित आधारहरूसँग सहमत हुन नसकिने।

अत: विवेचित आधार र कारणबाट यी प्रतिवादी रविन्द्र नेपालीले जाहेरवालीको छोरी वर्ष १५ की पीडित परिवर्तित नाम सङ्केत नं.६६ सोरहवा (ग) लाई जबरजस्ती करणी गरेको देखिँदा निज रविन्द्र नेपालीलाई मुलुकी ऐन, जबरजस्ती करणीको ३(३) नं. बमोजिम छ वर्ष कैद सजाय हुने र ऐ.महलको १० नं.बमोजिम प्रतिवादीबाट पीडितले क्षतिपूर्तिबापत एक लाख रूपैयाँ भराइपाउने गरी सुरू बर्दिया जिल्ला अदालतबाट मिति २०७३।२।२ मा भएको फैसला सदर हुने ठहऱ्याई उच्च अदालत तुलसीपुर, नेपालगन्ज इजलासबाट मिति २०७४।१।३१ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत : रामचन्द्र खड्का

कम्प्युटर: रमला पराजुली

इति संवत् २०७७ साल असार २२ गते रोज २ शुभम्।

६

मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.डा.श्री मनोजकुमार शर्मा, *०७५-CR-१६९९, अपहरण तथा शरीर बन्धक, अमलदेव ठाकुर वि. नेपाल सरकार*

प्रतिवादी अमलदेव ठाकुरले अनुसन्धान अधिकारीसमक्ष गरेको बयान किटानी जाहेरी, सहप्रतिवादीको अनुसन्धानको क्रममा भएको बयान, जाहेरवालाको बकपत्रबाट निजको संलग्नता देखिँदा पुनरावेदन जिकिर युक्तिसङ्गत नदेखिने।

मुलुकी ऐन, अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महलको कसैले कुनै व्यक्तिलाई बल प्रयोग गर्ने धम्की दिई, डर, त्रास देखाई जोरजुलुम गरी, हातहतियार देखाई छलकपट गरी झुक्यानमा पारी वा नशालु वा मादक पदार्थ सेवन गराई वा कुनै यातायातको साधन कुनै किसिमको कब्जा वा नियन्त्रणमा लिई कुनै ठाउँमा जान बाध्य गराउन वा कुनै व्यक्तिलाई निजको मन्जुरीबिना वा नाबालक र मानसिक रूपमा अस्वस्थ व्यक्तिलाई निजको हितको निमित्त निजको बाबु, आमा वा संरक्षकको मन्जुरीबाहेक कुनै ठाउँमा लैजान हुँदैन, सो गरे अपहरण गरेको मानिने छ भन्ने कानुनी व्यवस्था रहेको देखिन्छ । प्रस्तुत मुद्दाको सन्दर्भमा मिति २०७०।११।१५ मा राति अ.११ बजे अमल देव ठाकुरसमेतले भाग्न उम्कन नदिई दुर्गा साह कलवारलाई आफ्नो नियन्त्रणमा लिएको मिसिल संलग्न कागजातबाट देखिँदा निज अमलदेवले उक्त कानूनी प्रावधानको उल्लङ्घन गरेको होइन भन्न मिल्ने नदेखिने।

अपहरण तथा शरीर बन्धक जस्तो जघन्य फौजदारी अपराधको सम्बन्धमा प्रत्यक्षदर्शीको खोजी गर्नु व्यावहारिक तथा न्यायोचित हुँदैन । यस अवस्थामा परिस्थितिजन्य प्रमाणलाई हेरी निर्क्यौल गर्नुपर्ने हुन्छ । यस परिप्रेक्ष्यमा मिसिल संलग्न कागजात हेर्दा, निज प्रतिवादी अमलदेव ठाकुरउपर किटानी जाहेरी, सहप्रतिवादी दिपेन्द्र सिंह राजपुतको अनुसन्धानको क्रममा भएको बयान तथा अमलदेव ठाकुरले अनुसन्धानको क्रममा गरेको बयानमा बताएको घटनाक्रम र जाहेरवालाले रू.२५,००,०००।– को फिरौती रकम माग भएको र बुबा अपहरणमा परेको हो भनी गरेको बकपत्रको तादम्यता रहेको देखिँदा निजको कसुरमा संलग्नता थियो भन्ने कुरा पुष्टि हुने।

मोबाइल कल परीक्षणको अभाव रहेको छ भन्ने पुनरावेदन जिकिरतर्फ हेर्दा, अमलदेव ठाकुरले बयान कागजमा ९६१५७१९००३ नं. को मोबाइलबाट आफूहरूले जाहेरवाला बाबुलाल प्रसाद जयसवालको मोबाइल नं. ९८१४२०५३१५ मा फोन गरी अपहरित दुर्गा साह कलवारको बन्धक बनाई राखेको clip मेमोरी कार्ड लिन आउनु भनी फोन गरेका थियौं भनी कागज गरेको देखिन्छ। उक्त ९६१५७१९००३ नं. को मोबाइलको call detail हेर्दा उक्त मोबाइल नं.बाट सन् २०१४।३।१५ मा जाहेरवालाको मोबाइलमा सम्पर्क भएको देखिँदा उक्त मोबाइल कलको परीक्षण भएन भन्ने प्रतिवादी अमलदेव ठाकुरको पुनरावेदन जिकिर तथ्यसङ्गत नदेखिने।

उल्लिखित तथ्य, कानूनी व्यवस्था एवम् सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्तसमेतको आधारबाट प्रतिवादी अमलदेव ठाकुरले दुर्गा

साहलाई अपहरण तथा शरीर बन्धक लिई फिरौती रकम माग गरेको बेहोरा निजको अनुसन्धान अधिकारीसमक्ष भएको बयान र सहप्रतिवादी दिनेश सिंह राजपुतले निज प्रतिवादी अमलदेव ठाकुरको समेत संलग्नता रहेको भनी बयान गरिरहेको अवस्थामा निज प्रतिवादी अमलदेव ठाकुर कसुरदार होइन भन्न मिल्ने अवस्था रहेन। उच्च अदालत जनकपुर, अस्थायी इजलास वीरगन्जबाट भएको फैसलालाई अन्यथा भन्न मिलेन। प्रतिवादी अमलदेव ठाकुरको कसुरबाट सफाइ पाउँ भन्ने पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

अत: अमलदेव ठाकुरलाई मुलुकी ऐन, अपहरण तथा शरीर बन्धक लिनेको महलको २, ३ नं. विपरीत कसुरमा ऐ. ३ नं. बमोजिम ९ वर्ष कैद गर्ने गरी सुरू बारा जिल्ला अदालतबाट मिति २०७३।३।२९ मा भएको फैसला केही उल्टी भई ९ वर्ष कैदमा थप दुई वर्ष कैद सजाय हुने र प्रतिवादीहरूबाट जाहेरवालाले ऐ.१२ नं. बमोजिम रू.५०,०००।– क्षतिपूर्ति भराई पाउने गरी उच्च अदालत जनकपुर, अस्थायी इजलास वीरगन्जबाट मिति २०७५।०२।२९ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : श्रद्धा विष्ट

कम्प्युटर : रमला पराजुली

इति संवत् २०७७ साल असार २६ गते रोज ६ शुभम्।

७

मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या. डा.श्री मनोजकुमार शर्मा, ०७६-CR-०६०७, हाडनातामा जबरजस्ती करणी, नेपाल सरकार वि. फ्याते भन्ने राजकुमार मेनेङ्वो

जबरजस्ती करणीको कसुरमा पीडितको भनाइलाई नै पहिलो कडी मान्ने गरिएको छ। यद्यपि पीडितको भनाइ मिसिल संलग्न अन्य स्वतन्त्र प्रमाणहरूबाट पुष्टि हुनुपर्छ। यसका साथै जबरजस्ती करणीको कसुर स्थापित गर्न पीडितको स्वास्थ्य जाँच प्रतिवेदन पनि प्रमुख आधार हो। वारदात लगत्तै पीडितले ननुहाएको वा कपडा नबदलेको अवस्थामा गरिएको पीडितको स्वास्थ्य परीक्षणबाट धेरै हदसम्म वास्तविक तथ्य प्रकट हुने अवस्था रहने।

प्रस्तुत मुद्दामा घटना भए लगत्तै पीडितको स्वास्थ्य जाँच गरिएको छ। पीडितको शरीरको परीक्षण गर्दा बाह्य रूपमा दुवै पाखुरामा छाला खोस्रिएको भन्नेसम्म देखिए पनि पीडितको यौनाङ्ग तथा संवेदनशील अङ्गको आन्तरिक तथा बाह्य परीक्षणबाट जबरजस्ती करणीका कुनै पनि सङ्केतहरू देखिएका छैनन्। सङ्घर्षका चिह्नहरू पनि देखिँदैनन् भने पीडितले वारदातका समयमा लगाएका कपडाहरूमा पनि पुरूष वीर्यलगायतका जबरजस्ती करणीका प्रमाण भेटिएका छैनन्। यस्तो अवस्थामा पीडितको हातमा छाला खोस्रिएको घाउ देखिएकै तथा सल बरामद भएकै तथ्यले मात्र जबरजस्ती करणीको कसुर पुष्टि हुन सक्ने देखिएन। यसबाट प्रतिवादीले मेरी छोरीलाई जबरजस्ती करणी गऱ्यो भनी जाहेरवालाले दिएको जाहेरी तथा पीडितले लेखाएको बेहोरा खण्डित हुन आयो भने मौकामा बुझिएका मानिसहरूले पीडितले भनेको सुनेका आधारमा लेखाएको बेहोरा पनि स्थापित हुने नदेखिने।

प्रतिवादी फ्याते भन्ने राजकुमार मेनेङ्वो

जबरजस्ती करणी गरेको हो भनी पीडितले दाबी लिए पनि निजको शारीरिक परीक्षणबाट त्यसका कुनै पनि प्रमाण नदेखिनु, पीडितको यौनाङ्गलगायतमा रातोपन नहुनु, सुन्निएको नभई सामान्य अवस्थामा रहनु, प्रतिवादीले पटकपटक जबरजस्ती करणी गरेको हो भने पनि पीडितको कन्याजाली नच्यातिएको अवस्था हुनु तथा घटना लगत्तै स्वास्थ्य परीक्षण गर्दा पनि पीडितको यौनाङ्ग तथा निजले लगाएको भित्री वस्त्रसमेतमा पुरूष वीर्यलगायतका जबरजस्ती करणीका कुनै पनि प्रमाणहरू नभेटिनुलगायतका तथ्य एवं प्रमाणसमेतबाट यी प्रतिवादीले पीडित भनिएकी जाहेरवालाकी छोरीलाई जबरजस्ती करणी गरेका हुन् भन्ने तथ्य स्थापित हुन आएन । जबरजस्ती करणीको कसुर नै स्थापित नभएको अवस्थामा जाहेरवाला एवं पीडितले प्रतिवादीउपर लगाएको हाडनाता करणीको कसुर पनि स्थापित हुन सक्ने अवस्था नहुँदा त्यसतर्फको कसुर पनि स्थापित हुन नआउने ।

अत: उपर्युक्त तथ्य एवं प्रमाणसमेतका आधारमा मुलुकी ऐन, जबरजस्ती करणीको कसुर गरेको ठहर गरी प्रतिवादी फ्याते भन्ने राजकुमार मेनेङ्वोलाई साबिक मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३ नं. को देहाय ४ नं. बमोजिम ५(पाँच) वर्ष कैद सजाय हुने, पीडितले प्रतिवादीबाट रू.८०,०००।- (असी हजार) क्षतिपूर्तिसमेत भरिपाउने तथा हाडनाता करणीतर्फको अभियोग दाबीबाट सफाइ पाउने ठहर गरी सुरू तेह्रथुम जिल्ला अदालतबाट मिति २०७५।१०।२२ मा भएको फैसला मिलेको नदेखिएकोले उल्टी भई निज प्रतिवादी फ्याते भन्ने राजकुमार मेनेङ्वोले वादी नेपाल सरकारको अभियोग दाबीबाट सफाइ पाउने ठहर गरी उच्च अदालत विराटनगर, धनकुटा इजलासबाट मिति २०७६।२।२८ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: सुभाषचन्द्र दाहाल
कम्प्युटर: कृष्णमाया खतिवडा
इति संवत् २०७७ साल आषाढ ५ गते रोज ६ शुभम् ।

८

मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.डा.श्री मनोजकुमार शर्मा, *०७५-CR-११४६, वैदेशिक रोजगार कसुर, नेपाल सरकार वि. साम्देन शेर्पा*

प्रतिवादी निर्मल श्रेष्ठ भन्ने पुष्पलाल निर्मल श्रेष्ठले जाहेरवालाहरू आङदानो शेर्पा र आङवाङ शेर्पालाई वैदेशिक रोजगारको लागि कोरिया पठाउने भनी सुरूमा प्रोसेसिङका लागि भनेर प्रतिव्यक्ति रू. ८०,०००।- र पछि डकुमेन्ट आइसक्यो भनी रू.९,२०,०००।- का दरले बुझी लिएका र वैदेशिक रोजगारीमा पठाउन भनी भारतको दिल्ली पुर्‍याई दिल्लीबाट कोरिया उडाई त्यहाँ विमानस्थलमा पुगेपछि डकुमेन्ट नमिलेको भनी पुनः नेपाल फिर्ता आएको भनी पीडित जाहेरवालाहरू आङदानो शेर्पा र आङवाङ शेर्पाले मिति २०७३।२।१६ मा वैदेशिक रोजगार विभागमा जाहेरी दिएका र उक्त जाहेरी दरखास्तसाथ निज प्रतिवादी निर्मल श्रेष्ठको खातामा प्रोसेसिङको लागि पठाएको रकमको बैंकको भौचर, पीडित जाहेरवालाहरूको नामको नक्कली भिषाको फोटोकपी, जाहेरवालाहरूलाई रकम फिर्ता दिने भनी प्रतिवादी निर्मल श्रेष्ठले गरिदिएको कागज तथा पीडितहरू दिल्ली हुँदै कोरिया पुगी फर्की

आएको देखिने राहदानीका प्रतिलिपिहरूसमेत पेस गरेको देखिन्छ । त्यसपछि मिति २०७३।६।५ मा जाहेरवालाहरूका श्रीमतीहरू दाकी शेर्पा र पेमा डिकी शेर्पाले प्रतिवादीहरू निर्मल श्रेष्ठ र साम्देन शेर्पाउपर आफूहरूको श्रीमान्‌हरू आङदानो शेर्पा र आङदाङ शेर्पालाई वैदेशिक रोजगारमा दक्षिण कोरिया पठाउन भनी रकम लिएका र दिल्ली हुँदै दक्षिण कोरिया पठाएकोमा त्यहाँको एयरपोर्टमा पुगेपछि कागजात नमिलेको भनी कोरियाबाट नेपाल फर्किएकाले निज प्रतिवादीहरूलाई कारबाही गरिपाउँ भनी महानगरीय अपराध महाशाखा टेकुमा जाहेरी दिएको देखिन्छ । प्रतिवादी पुष्पलाल निर्मल श्रेष्ठले मौकामा अनुसन्धान अधिकारीसमक्ष उपस्थित भई बयान गरी तारिखमा रहेकोमा तारिख गुजारी बसेको र अभियोग दायर भएपश्चात् वैदेशिक रोजगार न्यायाधिकरणबाट जारी भएको सुरू म्यादमा उपस्थित नभई म्यादै गुजारी बसेको अवस्थामा निजलाई आरोपित कसुरमा वैदेशिक रोजगार ऐन, २०६४ को दफा ४३ बमोजिम तीन वर्ष कैद र रू.३,००,०००।- जरिवाना हुने र अभियोग मागदाबीको बिगो जाहेरवालाहरूले निज प्रतिवादीबाट भराई पाउने गरी फैसला भएको देखिने ।

प्रतिवादी साम्देन शेर्पाको समेत आरोपित कसुरमा संलग्नता रहेको भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर सम्बन्धमा मिसिल संलग्न कागज प्रमाणहरू हेर्दा, पीडित जाहेरवालाहरू आङदानो शेर्पा र आङदाङ शेर्पाले मिति २०७३।०२।१६ मा वैदेशिक रोजगार विभागमा दिएको मौकाको जाहेरीमा आफूहरूलाई वैदेशिक रोजगारको लागि दक्षिण कोरिया पठाउने व्यक्ति निर्मल श्रेष्ठलाई पक्राउ गरी कारबाही गरिपाउँ भन्नेसमेत बेहोरा उल्लेख गरेका र उक्त जाहेरीमा यी प्रतिवादी साम्देन शेर्पाको नाम उल्लेख गरेको देखिँदैन । सहप्रतिवादी पुष्पलाल निर्मल श्रेष्ठले वैदेशिक रोजगार विभागका अनुसन्धान अधिकृतसमक्ष मिति २०७३।६।१६ मा गरेको मौकाको बयानमा यी प्रतिवादीलाई पोल गरेको देखिए पनि निजै प्रतिवादी पुष्पलाल निर्मल श्रेष्ठले मिति २०७३।६।१२ मा महानगरीय अपराध महाशाखा टेकुमा गरेको मौकाको कागजमा यी प्रतिवादी साम्देन शेर्पालाई पोल गर्न सकेको नदेखिँदा निजको पोल बयानलाई विश्वसनीय मान्न मिल्ने देखिएन । यी प्रत्यर्थी प्रतिवादीले वैदेशिक रोजगार न्यायाधिकरणसमक्ष उपस्थित भई आफूउपर आरोपित कसुरमा इन्कार रही बयान गरेका र उक्त इन्कारी बयान निजको साक्षी भीमबहादुर थापाले गरेको बकपत्रबाट समर्थित भएको पाइन्छ । साथै निज प्रतिवादी साम्देन शेर्पाले जाहेरवालाहरूबाट रकम लिए खाएको भन्ने कुरा पुष्टि हुने कुनै लिखत प्रमाणसमेत वादी पक्षबाट पेस गर्न सकेको देखिँदैन । त्यसैगरी पीडित जाहेरवाला आङदानो शेर्पाले अदालतमा बकपत्र गर्दा यी प्रतिवादीको समेत कसुर वारदातमा संलग्नता रहेको भनी बकपत्र बेहोरा लेखाउन सकेको देखिँदैन । तसर्थ पीडित जाहेरवालाहरूले मिति २०७३।२।१६ मा दिएको जाहेरी दर्खास्तको करिब चार महिनापछि जाहेरवालाहरूका श्रीमतीहरूले मिति २०७३।६।५ मा दिएको जाहेरीमा यी प्रतिवादीको नामसम्म उल्लेख गरेको भन्ने आधारमा मात्र यी प्रतिवादीको पनि उक्त वारदातमा संलग्नता रहेको भनी भन्न

मिल्ने अवस्था नदेखिने।

प्रमाण ऐन, २०३१ को दफा २५ मा फौजदारी मुद्दामा कसुर प्रमाणित गर्ने भार वादीको हुने छ भन्ने कानूनी व्यवस्था रहेकोमा प्रस्तुत मुद्दामा वादीले आफ्नो दाबी शंकारहित तवरले वस्तुनिष्ठ प्रमाणद्वारा पुष्टि गर्न सकेको मिसिल संलग्न प्रमाणबाट देखिन आएन। यस अवस्थामा वैदेशिक रोजगार जस्तो गम्भीर फौजदारी अपराधमा शंका र अनुमानको भरमा कसुरदार ठहर गर्न नमिल्ने हुँदा प्रत्यर्थी प्रतिवादी साम्देन शेर्पालाई आरोपित कसुरबाट सफाइ दिने ठहराएको वैदेशिक रोजगार न्यायाधिकरणको फैसलालाई अन्यथा भन्न मिल्ने देखिएन। तसर्थ, उक्त फैसला बदर गरी निज प्रतिवादीलाई अभियोग दाबीबमोजिम सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

अत: विवेचित तथ्य, आधार र कारणहरूबाट यी प्रत्यर्थी प्रतिवादी साम्देन शेर्पाले अभियोग मागदाबीबाट सफाइ पाउने ठहराएको वैदेशिक रोजगार न्यायाधिकरणको मिति २०७५।३।१२ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : तारादत्त बडु

इति संवत् २०७७ साल जेष्ठ २१ गते रोज ४ शुभम्।

इजलास नं.२

१

मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री बमकुमार श्रेष्ठ, ०६८-WO-०८८३, उत्प्रेषण, सुरेन्द्र केशरी पौडेल उपाध्याय वि. काठमाडौं जिल्ला अदालत बबरमहलसमेत

विपक्षी बनाइएको व्यक्तिका नाममा जारी हुने म्याद वास्तविक वतनमा जारी भएको हुनुपर्छ। जारी भएको सो म्याद कानूनले निर्दिष्ट गरेको प्रक्रिया तथा रोह रीत पुऱ्याई तामेल भएको देखिनु पनि पर्दछ। यदि म्याद तामेल गर्दा प्रक्रियागत त्रुटि भएको सरसरती हेर्दा नै देखिन्छ भने सो अवस्थामा निश्चितरूपमा व्यक्तिको सुनुवाइको मौका पाउने हकसम्बन्धी प्रश्नको सिर्जनामै त्यसको लाभ जसको नाममा म्याद जारी भएको हो उसले पाउने नै देखिन्छ। किनकी कसैलाई पनि सुनुवाइको मौकाबाट वञ्चित गरिनु हुँदैन। यदि त्यस्तो हकबाट वञ्चित गरिन्छ भने त्यो प्राकृतिक न्यायको सिद्धान्तविपरीत भई कारणीको हक कुण्ठित हुन पुग्दछ। त्यसैले कसैको विरूद्धमा निजको जानकारीबेगर कारबाही गरी निर्णय गरिन्छ भने त्यस्तो निर्णय सुनुवाइको मौका नदिई भएको कारणले प्राकृतिक न्याय सिद्धान्तको विपरीत भई मान्यता पाउने अवस्थाको नहुने।

मिसिलमा संलग्न निवेदकको नागरिकता तथा जग्गाधनी प्रमाणपुर्जाको प्रतिलिपिबाट निजको वतन ललितपुर जिल्लाअन्तर्गत ललितपुर उपमहानगरपालिका वडा नं.५ देखिन्छ। यसरी ललितपुर जिल्लाअन्तर्गत ललितपुर उपमहानगरपालिका वडा नं. ५ वतन भएको निवेदकको नामको म्याद फरक वतन जिल्ला नै फरक पारी काठमाडौं जिल्ला वडा नं. ३२ देखाई वडा कार्यालयमा बेपत्ते किसिमले टाँस गरेको भन्ने देखिन्छ। सरसर्ती हेर्दा नै प्रथमदृष्टिमै

टाँस तामेल भएको सो म्याद प्रक्रियागत दृष्टिबाटै रीतपूर्वकको देखिन आएन । त्यसैले निवेदकको खास वतन अर्को रहे भएको देखिएको अवस्थामा फरक वतन देखाई वडा कार्यालयमा टाँस तामेल भएको म्यादबाट निवेदकले सुनुवाइको मौका प्राप्त गरेको भन्ने नदेखिँदा सुनुवाइको मौका पाउने निजको हकमा आघात पुगेकै देखिन आएकोले सुनुवाइको मौकाबाट वञ्चित गरी निवेदकको हकमा भएको निर्णयहरूसमेत कायम रहन सक्ने स्थितिको नदेखिने ।

अतः निवेदकको वतन ललितपुर जिल्ला, ललितपुर उपमहानगरपालिका वडा नं. ५ भन्ने देखिन आएकोमा निवेदक सुरेन्द्र केशरी पौडेलको नामको म्याद काठमाडौं नगरपालिका वडा नं.३२ को वडा कार्यालयमा टाँस गरी बेपत्ते बेहोराले तामेल भएको देखिँदा मिति २०५३।१।३, २०५६।५।२५ र २०५७।२।३ को निवेदक सुरेन्द्रकेशरी पौडेलका नामको म्यादहरू र सो म्यादको आधारमा निर्णय बदर हक कायम मुद्दामा भएको निर्णयसमेत सुनुवाइको मौका प्रदान नगरी भएको देखिँदा उत्प्रेषणको आदेश जारी भई बदर हुने ठहर्छ । अब निवेदकको वतन ललितपुर जिल्ला, ललितपुर उपमहानगरपालिका वडा नं.५ भन्ने देखिँदा निवेदकको मागबमोजिम निजका नाममा म्याद जारी गरी रीतपूर्वक तामेल गराई मुद्दामा सुनुवाइको मौका प्रदान गरी अरूमा कानूनबमोजिम गर्नु भनी विपक्षीमध्येको काठमाडौं जिल्ला अदालतका नाममा परमादेशसमेत जारी हुने ।

इजलास अधिकृत : जयराम श्रेष्ठ

इति संवत् २०७४ साल माघ २२ गते रोज २ शुभम् ।

२

मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री बमकुमार श्रेष्ठ, ०६९-WO-००३३, उत्प्रेषण, नरेशमान शाक्य वि. पुनरावेदन अदालत विराटनगरसमेत

गलत वतनमा म्याद तामेल भएको हो कि त ? भन्नलाई अदालतबाट जारी भएको निवेदकको नामको म्याद निजको श्रीमती मनोरमा शाक्यले मिति २०६४।५।३१ मा बुझेको भन्ने देखिन आएको छ । अ.बं.११० नं.मा म्यादवाला सम्बन्धित कारणी फेला नपरे वा नभेटिए त्यस्ताको म्याद घर वतनमा भेटिएका अन्य सदस्यलाई बुझाउन सकिने गरी व्यवस्था भएअनुसार निवेदकको श्रीमती मनोरमा शाक्यले निवेदकको नामको म्याद बुझी लिएको भन्ने देखिँदा त्यसरी बुझाई तामेल गरिएको म्यादलाई वस्तुनिष्ठ आधार र प्रमाणको अभावमा बेरित भन्न मिल्ने नदेखिने ।

यसरी कारणीको नामको म्याद निज नभेटिएपछि निजको श्रीमती मनोरमा शाक्यलाई बुझाई तामेल गरेको अवस्था हुँदा सुनुवाइको मौका पाएन भन्ने निवेदकको भनाइ युक्तिसङ्गत नदेखिनुको साथै कानूनी व्यवस्थालाई अनुशरण गरी म्याद तामेल भएको अवस्थाले निवेदकको दाबी कानूनसङ्गतसमेत रहेको नपाइने ।

विपक्षी हिरण्यकुमार श्रेष्ठले निवेदकउपर चलाएको लेनदेन मुद्दाको अन्तिम किनारा लागिसकेपछि बिगो भराउने सम्बन्धमा कारबाही चलाउँदा बिगो भरिभराउका निमित्त निवेदकको कुनै सम्पत्ति नभेटेपछि सिधाखर्चबापत रू.१६४२५।– दाखेल गरेको र कारबाहीको यति लामो क्रममा

निवेदकले वस्तुनिष्ठ ढङ्गबाट कुनै कारबाही नचलाई कारबाहीको अन्तिम अवस्थामा आफ्नै श्रीमतीले म्याद बुझेको कुरालाई गलत किसिमले प्रस्तुत गरी प्रतिवादको मौकाबाट वञ्चित गरियो भन्ने निजको दाबी दुराशययुक्त रहेको भन्ने पनि देखिन आउने।

न्यायको याचना गरी न्यायालय प्रवेश गर्ने व्यक्तिले सफाहात र खुला हृदय लिएर आउनुपर्छ । त्यसो गरेको देखिँदैन र निवेदकको दाबी तथा भनाइमा दुराशयको गन्ध आउँछ भने त्यस्तो अवस्थामा निजले कानूनी उपचारसहितको मद्दतबाट वञ्चित हुनुपर्ने।

वस्तुनिष्ठ र तथ्यसङ्गत आधार प्रमाणविना अदालतबाट भएको अन्तिम फैसलाको कार्यान्वयनमा बाधा अवरोध सिर्जना हुँदै जाने हो भने "न्याय गरेर मात्र हुँदैन, न्याय परेको देखिनु पनि पर्छ" भन्ने भनाइले सार्थकता नपाउने हुँदा भरपर्दो र विश्वसनीय एवम् वस्तुनिष्ठ आधार प्रमाणको अभावमा निवेदकको निवेदन दाबी स्थापित हुन नसक्ने देखिएकोले केवल प्रतिवाद गर्ने मौकाबाट वञ्चित हुनुपर्‍यो भन्ने भनाइका आधारमा मागबमोजिमको आदेश जारी हुनुपर्ने नदेखिने।

जारी भएको म्याद निवेदकको श्रीमतीले बुझी लिई तामेल भएको र ऋण लिएर आफ्नै हातले तमसुकी कागज गरी सहीछाप गरी दिएपछि सोअनुसारको साँवा ब्याज भुक्तानी गर्नुपर्नेमा नगरी बसी साहुले ऋण असुलउपरको लागि अदालती कारबाही चलाई रकम असुलउपर हुन नसकेपछि सिधा खर्च राख्ने कामसमेत समाप्त भइसकेको अवस्था हुँदा प्रतिवादीले मौकाबाट वञ्चित हुनुपर्‍यो भनी दिएको प्रस्तुत उत्प्रेषणको निवेदनमाथि विवेचना भएको आधार एवम् कारणसमेतबाट मनासिब र कानूनअनुरूपको नदेखिँदा मागबमोजिमको आदेश जारी गरिरहनुपर्ने अवस्था देखिएन। रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: जयराम श्रेष्ठ

कम्प्युटर : देवीमाया खतिवडा (देबिना)

इति संवत् २०७४ साल माघ २२ गते रोज २ शुभम्।

इजलास नं.४

१

मा.न्या.श्री मीरा खडका र मा.न्या.श्री बमकुमार श्रेष्ठ, *०७२-CR-१४९१, जबरजस्ती करणी, रमेश खड्का वि. नेपाल सरकार*

वादी प्रतिवादीका साक्षीलगायत स्वंय पीडितले आफूलाई प्रतिवादीले जबरजस्ती करणी गरेको होइन भनी अदालतमा आई बकपत्र गरे तापनि पीडितले म आफ्नो दाजु टेकबहादुर आलेमगरको घटनास्थलको परिसरभित्रै रहेको दोकानमा काम गर्दथेँ र वारदात मितिमा म सोही ठाउँमा थिएँ भन्ने कुरालाई स्वीकार गरी बकपत्र गरिदिएको देखिन्छ । पीडितको कलिलो उमेर, बाह्य प्रभाव प्रलोभनजस्ता विभिन्न कुराको आडमा आफ्नो वास्तविक तथ्यलाई लुकाई वादीका साक्षी तथा पीडितले अदालतमा उपस्थित भई बकपत्र गरे तापनि निजले मौकामा दिएको किटानी जाहेरी दरखास्त, स्वास्थ्य परीक्षण प्रतिवेदन, अनुसन्धान प्रक्रियामा प्रतिवादीले गरेको बयान, टेकबहादुर श्रेष्ठको कागजबाट घटनाको परिदृश्यलाई एक

अर्कालले पुष्टि गरिदिएको देखिन्छ। यसरी प्रतिवादीले पीडितलाई जबरजस्ती करणी गरेको कुरा मौकामा भएका उल्लिखित कागजबाट पुष्टि भइरहेको अवस्थामा घटनालाई ढाकछोप गर्ने गरी अदालतमा वादी पक्षले गरेको बकपत्र पत्यार लाग्ने अवस्थाको देखिएन र पीडितले आफूप्रति अन्याय नभएको भए प्रतिवादीउपर झुट्टा आरोप लगाउनुपर्ने अन्य कारण पनि देखिँदैन र जाहेरी दरखास्त संरक्षकसमेत राखी दिनुपर्ने त्यस्तो कुनै कारणसमेत रहेको नपाइने।

पीडित जाहेरवाली क कुमारीले अदालतसमक्ष उपस्थित भई बकपत्र गर्दा जाहेरी बेहोराको प्रतिकूल (Hostile) हुने गरी बकपत्र गरिदिए तापनि पीडित तथा प्रतिवादीको स्वास्थ्य परीक्षण प्रतिवेदन, संरक्षकको रोहवरमा पीडितले दिएको किटानी जाहेरी, संरक्षकले प्रहरीमा गरी दिएको कागजलाई समर्थन हुने गरी अदालतमा गरी दिएको बकपत्र, वस्तुस्थिति मुचुल्काका कुसाङ राईसमेतका मानिसहरूले मौकामा गरी दिएको कागजलाई समर्थन हुने गरी अदालतमा आई गरी दिएको बकपत्र, प्रतिवादीको अधिकारप्राप्त अधिकारीसमक्षको बयानसमेतबाट पीडितले जाहेरी बेहोराको प्रतिकूल (Hostile) हुने गरी अदालतमा आई गरी दिएको बकपत्र खण्डित हुन पुगेको देखिने।

यस सम्बन्धमा शिवानी कार्की (नाम परिवर्तन) को जाहेरीले नेपाल सरकार विरूद्ध नारायणबहादुर राउत भएको जबरजस्ती करणी मुद्दामा **"अन्य प्रमाणबाट कसुर गरेको भन्ने पुष्टि भइरहेको अवस्थामा केवल पीडित तथा अनुसन्धान अधिकारीसमक्ष कागज गर्ने व्यक्तिहरूले पहिला आफूले भनेको भनाइको विपरीत हुने गरी गरेको बकपत्रको आधारमा मात्र प्रतिवादीलाई सफाइ दिँदै जाने हो भने पीडित तथा अन्य व्यक्तिउपर अनुचित प्रभाव पार्न सक्ने र अपराधीहरूले कहिल्यै पनि सजाय पाउने अवस्था नआई दण्डहीनताको स्थिति सिर्जना भई अन्ततः समाज नै अराजकतातर्फ जाने"** (ने.का.प. २०६६, अङ्क ६, नि.नं. ८१७९) भनी सर्वोच्च अदालतबाट सिद्धान्त प्रतिपादन भएको देखिन्छ। अपराध भएको तथ्यलाई यसरी आफूउपर भएको जबरजस्ती करणीको जघन्य अपराधको सम्बन्धमा अदालतमा उपस्थित भई आफ्नो जाहेरी बेहोराविपरीत बक्ने निज जाहेरवालीको बकपत्रको आधारमा मात्र यी प्रतिवादीलाई सजायबाट उन्मुक्ति दिन मिल्ने नदेखिँदा आफूलाई सफाइ दिने गरी भएको सुरू फैसला सदर कायम गरिपाउँ भन्ने प्रतिवादीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

अतः सुरू ओखलढुङ्गा जिल्ला अदालतबाट प्रतिवादीलाई सफाइ दिने गरी भएको फैसला उल्टी गरी अभियोग दाबीबमोजिम प्रतिवादीले जबरजस्ती करणीको महलको १ नं. विपरीतको कसुर अपराध गरेको ठहर गरी ऐ. महलको ३(३) नं. बमोजिम ६(छ) वर्ष कैद र सोही महलको १० नं. बमोजिम पीडित क कुमारीले प्रतिवादीबाट क्षतिपूर्तिबापत रू. १,०००।– (एक हजार) भराई लिन पाउने ठहऱ्याएको पुनरावेदन अदालत राजविराजबाट मिति २०७१।२।२७ मा

भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : ध्रुवबहादुर कुँवर

कम्प्युटर: समी नेपाली

इति संवत् २०७६ साल पौष ११ गते रोज ६ शुभम्।

२

मा.न्या.श्री मीरा खडका र मा.न्या.श्री डम्बरबहादुर शाही, *०७५-CR-१२४४, पाटेबाघ वन्यजन्तुको ओखटोपहार ओसार पसार, अगानु चौधरी भन्ने अगानु डगौरा थारू वि. नेपाल सरकार*

प्रस्तुत मुद्दामा संलग्न अन्य प्रतिवादीहरू श्रवणकुमार बाबरिया र दुखराम डगौराले समेत मौकामा र अदालतसमक्ष बयान गर्दासमेत हामी प्रतिवादीहरू अगानु डगौरा थारू, श्रवणकुमार बाबरिया र दुखराम डगौरा तीनै जनाको संलग्नतामा जंगलमा पासो थाप्ने, बाघ मार्ने र मरेको बाघको छाला झिकी बिक्री गर्न लैजानेसमेतको कार्य भएको हो भनी आरोपित कसुर गरेको स्वीकार गरी यी पुनरावेदकसमेतलाई पोल गरी बयान गरेको।

बरामदी बाघको हाड तथा छाला मबाट बरामद नभई अन्य प्रतिवादीहरूसँगै हिँड्दाको क्रममा अन्य व्यक्तिबाट बरामद भएको कुरामा अभियोग दाबीबमोजिमको कसुर गरेको भनी सजाय गर्न मिल्ने होइन, हचुवाको आधारमा कैद र सजाय गरेको मिलेन भन्ने पुनरावेदन जिकिर रहेकोमा निज पुनरावेदक/प्रतिवादीले अनुसन्धान अधिकारीसमक्ष र अदालतमा समेत बयान गर्दा आरोपित कसुरमा साबित भई बयान गरेको र उक्त साबितीलाई मिति २०७२।१०।२७ को बरामदी मुचुल्का तथा प्रहरी प्रतिवेदनसमेतबाट समर्थन भइरहेको अवस्था देखिन्छ। यी पुनरावेदक प्रतिवादीसमेतले बरामदी मुचुल्कालाई अन्यथा भन्न नसकी स्वीकार गरेको अवस्था छ। प्रतिवादीबाट बरामद भएको बाघको छाला र आखेटोपहार कानूनबमोजिम राखेको भन्ने जिकिर प्रतिवादीले लिन सकेको पनि नदेखिएको तथा सोको पुष्टि पनि नभएको स्थितिमा केवल पुनरावेदन पत्रमा जिकिर लिएको आधारमा मात्र फौजदारी दायित्वबाट उन्मुक्ति दिन नमिल्ने हुँदा अभियोग मागदाबीबाट सफाइ पाउँ भन्ने पुनरावेदक प्रतिवादी अगानु चौधरीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

अतः प्रतिवादी अगानु डगौरा थारूले राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा १९(१) र दफा २६(१) बमोजिमको कसुर अपराध गरेकोले सोही ऐनको दफा २६(१) बमोजिम निज प्रतिवादीलाई १५ वर्ष कैद र रू.१,००,०००।-(एक लाख रूपैयाँ) जरिवाना हुने ठहऱ्याई सुरू अदालतबाट फैसला भएकोमा निज प्रतिवादीलाई उक्त ऐनबमोजिम १०(दश) वर्ष कैद गर्दा पनि कानूनको मकसद पूरा हुने भनी सुरू कैलाली जिल्ला अदालतबाट मिति २०७३।२।२६ मा भएको फैसलालाई केही उल्टी गरी प्रतिवादी अगानु चौधरीलाई १०(दश) वर्ष कैद हुने र सुरू अदालतबाट रू.१,००,०००।- (एक लाख रूपैयाँ) जरिवाना गरेको हदसम्म मिलेको भनी उच्च अदालत दिपायलबाट मिति २०७४।११।१५ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत : मञ्जु शर्मा

कम्प्युटर: हर्कमाया राई

इति संवत् २०७६ साल माघ २१ गते रोज ३ शुभम्।

इजलास नं.५

१

मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री टंकबहादुर मोक्तान, *०७४-CR-११९१, जबरजस्ती करणी, जबरजस्ती चोरी, अमृत श्रेष्ठ वि. नेपाल सरकार*

प्रस्तुत मुद्दामा पीडित नाम परिवर्तित "ग" कुमारीले प्रतिवादीउपर मौकामा किटानी कागज गरेकी र त्यस्तो मौकाको कागजलाई अदालतमा आई गरिदिएको किटानी बकपत्रबाट प्रतिवादीको मौकाको साबिती समर्थित हुन आएको देखिन्छ । साथै जाहेरवालाको जाहेरी, पीडितको मौकाको कागज र अदालतमा भएको बकपत्र सो बकपत्रको बेहोरालाई रामनारायण श्रेष्ठ र बुझिएका मानिसहरू हिरामाया श्रेष्ठ, दुर्गा श्रेष्ठ, सूर्यनारायण श्रेष्ठले अनुसन्धान अधिकृतसमक्ष कागज गर्दा प्रतिवादी र पीडितले अनुसन्धान अधिकृतसमक्ष गरेको कागज र जाहेरी दरखास्तको बेहोरालाई समर्थन हुने गरी मौकामा गरेको कागजसमेतको आधारमा निज प्रतिवादी अमृत श्रेष्ठले अनुसन्धान अधिकृतसमक्ष गरेको बयान सत्य रहेको र अदालतमा कसुरबाट उन्मुक्ति पाउनका लागि इन्कारी रहेको भन्ने पुष्टि हुन्छ । त्यसैगरी निज प्रतिवादी अमृत श्रेष्ठले अनुसन्धान अधिकृतसमक्ष गरेको बयानलाई पीडित बालिकाको स्वास्थ्य परीक्षण प्रतिवेदनमा उल्लेख भएको Face मा bilateral subconjunctival hemorrhage present. Mouth and oral cavity मा swelling in the lips and tongue bite present, Neck मा multiple abrasions present in neck, Leg and feet मा multiple abrasions present in right thigh. Genital Organs and anus मा Redness in grain region, Opinion मा there is presence of recent sexual activity भन्नेसमेत बेहोरा र स्वास्थ्य जाँच गर्ने चिकित्सकले प्रतिवेदनलाई समर्थन हुने गरी गरेको बकपत्रसमेतबाट यी प्रतिवादीले अनुसन्धान अधिकारीसमक्ष गरेको बयान सत्यतामा आधारित रहेको पुष्टि भइरहेको ।

चोरीतर्फ हेर्दा, प्रतिवादी अमृत श्रेष्ठको जिउ खानतलासी गर्दा कालो रंगको जिन्स पाइन्टको खल्तीमा सुन जस्तो पहेँलो रंगको सादा रिङ एक जोर फेला परेको भन्ने जिउ खानतलासी मुचुल्का, प्रतिवादी अमृत श्रेष्ठबाट बरामद भएको ४७ लाल तौल भएको सुनको एक जोर रिङ देखाउँदा देखेँ उक्त रिङ मेरो छोरी परिवर्तित नाम "ग" कुमारीलाई कानमा लगाई दिएको हो भनी जाहेरवाला परिवर्तित नाम "भुम्लिचोक क" ले गरेको सनाखत, जबरजस्ती चोरी भने यी प्रतिवादीले गरेकै हुनुपर्छ भन्नेसमेत बेहोराको वस्तुस्थिति मुचुल्काका साक्षी रामनारायण श्रेष्ठ र बुझिएका मानिसहरू हिरामाया श्रेष्ठ, दुर्गा श्रेष्ठ, सूर्यनारायण श्रेष्ठले अदालतमा उपस्थित भई गरेको बकपत्र र बरामदी सुनको रिङ थान दुई नाम परिवर्तित "ग" कुमारीलाई फकाई फुल्याई गरी लिएको हुँ। मैले निजको कानबाट सुन निकाली सकेपछि उनी रूने कराउने गरेकी हुन् । मैले जबरजस्ती करणी गर्ने प्रयास र सुन पनि चोरी गरेको हो भन्नेसमेत बेहोराको प्रतिवादी अमृत श्रेष्ठले चोरीको कसुर सम्बन्धमा सुरू अदालतसमक्ष गरेको

साबिती बयानसमेतले निज प्रतिवादी अमृत श्रेष्ठले नाम परिवर्तित वर्ष १५ कि "ग" कुमारीले कानमा लगाएको दुई थान सुनको रिङ जबरजस्ती चोरी गरेकोसमेत देखिन आएको।

अतः प्रतिवादीको कसुर जबरजस्ती करणीको उद्योगसम्म ठहर गरी र चोरीतर्फको कसुर कायम गरी भएको सुरू गोरखा जिल्ला अदालतको मिति २०७२।१२।२४ को फैसला केही उल्टी गरी पीडित नाबालिग देखिँदा प्रतिवादी अमृत श्रेष्ठलाई मुलुकी ऐन, जबरजस्ती करणीको महलको १ नं. को कसुरमा सोही ३ नं. को देहाय ३ नं. बमोजिम कैद वर्ष ६(छ) हुने र पीडित अपाङ्ग भन्ने मिसिल संलग्न प्रमाणबाट देखिन आएकोले सोही ऐनको सोही महलको ३क नं. बमोजिम प्रतिवादी अमृत श्रेष्ठलाई थप कैद वर्ष ५(पाँच) समेत हुने ठहर गरी प्रतिवादी अमृत श्रेष्ठबाट पीडित "ग" कुमारीलाई सोही ऐनको सोही महलको १० नं. बमोजिम क्षतिपूर्तिबापत रू.१०,०००।- (दश हजार मात्र) भराइदिने ठहऱ्याई चोरीतर्फ सुरू अदालतको फैसलाअनुसार नै गर्नु भनी सुरू गोरखा जिल्ला अदालतमा लेखी पठाउनु भन्नेसमेत बेहोराको उच्च अदालत पोखराबाट मिति २०७४।०७।२८ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने । तर, मुलुकी अपराध संहिता, २०७४ मा विभिन्न चोरीको कसुरको सम्बन्धमा भएको जरिवानाबापत कैद गर्ने कानूनी व्यवस्था रहेभएको नदेखिँदा फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ५ र केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९ (२)(क) अनुसार यी प्रतिवादी अमृत श्रेष्ठलाई सुरू तथा उच्च अदालतको फैसलाबमोजिम भएको जरिवाना रू.३५,८८४।५० (पैंतिस हजार आठ सय चौरासी रूपैयाँ पचास पैसा) बापतको कैद वर्ष ४(चार) को सजाय नहुने।

इजलास अधिकृत : कृष्णप्रसाद अधिकारी

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७६ साल पौष १५ गते रोज १३ शुभम्।

२

मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री टंकबहादुर मोक्तान, *०७४-CR-१२३४, ०७४-RC-०११२, कर्तव्य ज्यान, सन्दीप दमाई वि. नेपाल सरकार, नेपाल सरकार वि. सन्दीप दमाई*

प्रस्तुत मुद्दामा प्रतिवादी सन्दीप दमाईले मृतक आफ्नै श्रीमतीलाई भतिजा नाताका भरत नेपालीसँग अनैतिक सम्बन्ध राखेको आशङ्कामा इवी लिई रक्सी सेवन गरी आफ्नो श्रीमती सुना नेपालीलाई कुटपिट गरेको चोट पीडाको कारणबाट मृतकको मृत्यु भएको कुरा शंकारहित तवरबाट पुष्टि भइरहेको अवस्थामा उच्च अदालत दिपायलले गरेको फैसला मिलेकै देखिएकोले अन्यथा भन्न नसकिने । पुनरावेदक प्रतिवादी सन्दीप दमाईको पुनरावेदन जिकिरसँग सहमत हुन सक्ने अवस्था नदेखिने।

अतः माथि विवेचित आधार प्रमाणहरूबाट प्रतिवादी सन्दीप दमाईलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने गरी डोटी जिल्ला अदालतबाट मिति २०७२।११।११ को फैसला मनासिब नै देखिँदा सदर हुने ठहर्छ भन्नेसमेत बेहोराको उच्च अदालत दिपायलबाट मिति

२०७४।०४।१८ मा भएको फैसला मिलेकै देखिएकोले सदर हुने।

मुलुकी अपराध संहिता, २०७४ को दफा ४०(२) मा कुनै कसुरमा सजाय गर्दा सर्वस्व हुने गरी सजाय गरिने छैन भन्ने कानूनी व्यवस्था भएको र केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९ (२)(क), मुलुकी अपराध संहिता, २०७४ को दफा १७७ (२) र फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ५ बमोजिम प्रस्तुत मुद्दामा पनि यी प्रतिवादी सन्दीप दमाईलाई सर्वस्वको सजाय नहुने हुँदा जन्मकैदको मात्र सजाय हुने।

इजलास अधिकृत : कृष्णप्रसाद अधिकारी
कम्प्युटर: चन्दनकुमार मण्डल
इति संवत् २०७६ साल पौष १५ गते रोज ३ शुभम्।

इजलास नं.६

१

मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या. डा.श्री आनन्दमोहन भट्टराई, ०७४-CI-००७८, उत्प्रेषण, इम्प्लाइमेन्ट क्रियसन सर्भिस प्रा.लि, काठमाडौंसमेत वि. देवराज खड्का

कम्पनी रजिस्ट्रारको कार्यालयको च.नं. १०२४ मिति २०७३।२।१६ को पत्रानुसार निवेदक देवराज खड्का मिति २०६२।६।५ को वार्षिक साधारण सभासम्म सञ्चालक सदस्य देखिएको र तत्पश्चात् २०६३ सालको वार्षिक साधारण सभामा निजको उपस्थिति देखिँदैन । २०६३।३।८ को बिक्री लिखत, २०६३।१२।२७ को तत्कालीन श्रम तथा रोजगार प्रवर्द्धन विभागको सहमतिपत्रबमोजिम निज देवराज खड्काको नाममा रहेको सेयर श्री गजेन्द्र ताम्लीलाई बिक्री गरेकोसमेत देखिन आएको भन्ने उल्लेख छ। तत्पश्चात् इम्प्लाइमेन्ट क्रियसन प्रा.लि.का सञ्चालक समितिको मिति २०६२।१०।२० मा भएको निर्णयका आधारमा कर्जा पाउँ भनी इम्प्लाइमेन्ट क्रियसन सर्भिस प्रा.लि.ले. हिमालय बैंकसमक्ष निवेदन दिई मिति २०६२।११।३ मा बैंकबाट ऋण स्वीकृत भएको देखिने।

निवेदकका नामको सेयर तथा दायित्व गजेन्द्र ताम्लीले बेहोर्ने गरी मिति २०६३।३।८ मा निर्णयसमेत भइसकेको र मिति २०६३।३।१५ मा गजेन्द्र ताम्लीलाई जमानीको कागजसमेत गराएको देखिन्छ । कर्जा स्वरूपको गाडीलाई कब्जामा लिने, गजेन्द्र ताम्लीबाट ऋण असुल गर्नेतर्फ कुनै प्रक्रिया अवलम्बन गरेको मिसिल संलग्न प्रमाणबाट देखिँदैन । निवेदकलाई कालोसूचीमा राख्दा पूर्वसूचना दिएकोसमेत देखिँदैन। कम्पनी र गजेन्द्र ताम्लीको हकमा मात्र सार्वजनिक सूचना प्रकाशित गरेको देखियो । पूर्वसूचनाबेगर निवेदकलाई कालोसूचीमा राखिएको बैंकको कार्यलाई कानूनसम्मत मान्न मिल्ने देखिएन । हिमालयन बैंक लिमिटेडबाट इम्प्लाइमेन्ट क्रियसन प्रा.लि. लाई मिति २०६२।११।३ मा ऋण प्रवाह हुनुपूर्व नै निवेदकले कम्पनीको सेयर हक हस्तान्तरण गरिसकेको देखिएको र कालोसूचीमा राख्नुपूर्व निवेदिकालाई त्यसको पूर्वसूचना दिएकोसमेत नदेखिँदा विना पूर्वसूचना निवेदकलाई कालोसूचीमा

राख्ने कार्यसमेत कानूनसङ्गत देखिन नआउने।

अतः माथि विवेचित आधार, प्रमाणबाट हिमालय बैंक लिमिटेडबाट इम्प्लाइमेन्ट क्रियसन सर्भिसेज प्रा.लि.लाई ऋण प्रवाह हुनुपूर्व नै निवेदकले कम्पनीको सेयर हक हस्तान्तरण गरिसकेको देखिएको र कालोसूचीमा राख्नुपूर्व निवेदकलाई त्यसको पूर्वसूचना दिएकोसमेत नदेखिँदा विना पूर्वसूचना निवेदकलाई कालोसूचीमा राख्ने गरेको बैंकको निर्णय एवं त्यसका आधारमा कालोसूचीमा राखिएको कार्यसमेत उत्प्रेषणको आदेशले बदर भई निवेदकलाई कालोसूचीबाट हटाउनु भनी विपक्षीहरूका नाममा परमादेशको आदेशसमेत जारी हुने ठहऱ्याएको पुनरावेदन अदालत पाटनको मिति २०७३।५।१ को फैसला (आदेश) मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: विद्याराज पौडेल

कम्प्युटर: विनोदकुमार बनिया

इति संवत् २०७४ साल चैत्र १२ गते रोज २ शुभम्।

२

मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या. श्री सपना प्रधान मल्ल, ०७१-CR-१४१३, जबरजस्ती करणी, कालीबहादुर ओली वि. नेपाल सरकार

बारीमा लडेर मकैको ढोडले घोचेर चोटपटक लागेको हो। रिसइवीको कारणले पोल गरेको हुँ भनी जाहेरवाली र पीडिताले बकपत्र गरी प्रतिवादीलाई सफाइ दिने उद्देश्य लिएको देखिन्छ। मकैको ढोडले घोचेर गालामा दातले टोकेको दाग हुनै सक्तैन। पीडिताको शरीरको विभिन्न अङ्गमा घा चोट परेको छ। योनिमार्गबाट रगत बगेको र हाइमेन च्यातिएको, योनि सुन्निएको, छुँदा दुख्ने गरेको भन्ने जस्ता स्वास्थ्य परीक्षणमा उल्लेख छ। यौनाङ्गमा त्यस प्रकारको रगतपच्छे लडेर भएको भए मकैको ढोडको भागले योनिमा घोचिएको कोतरिएको चोट परेको हुनुपर्छ। योनिमार्गबाट रगत बगेको, हाइमेन च्यातिएको कारण मकैको ढोडले घोचेर घा चोट परेको भन्ने स्वास्थ्य परीक्षण रिपोर्टबाट देखिँदैन। जबरजस्ती करणी जस्तो मुद्दामा स्वास्थ्य जाँचबाट देखिएका वस्तुगत प्रमाणले उच्च कोटीको प्रमाणको स्थान ग्रहण गर्ने।

प्रतिवादीले अनुसन्धानको क्रममा गरेको साबिती बयान पीडितको स्वास्थ्य परीक्षणबाट पुष्टि भएको पाइन्छ। घटनास्थल मुचुल्कामा घाँस तथा बिरूवाहरू भाँचिएको, पाइलाको चिह्नहरू रहेको भन्ने देखिन्छ। जाहेरी दरखास्त, पीडिताको अनुसन्धानको कागजात, प्रतिवादीको अधिकारप्राप्त अधिकारीसमक्षको साबिती बयान एक आपसमा सिलसिलाबद्ध रूपमा समानता रहेको छ। यी कागज प्रमाणहरू पीडितको स्वास्थ्य जाँच प्रतिवेदनबाट पुष्टि हुन गएको छ। वस्तुतः स्वास्थ्य परीक्षण प्रतिवेदनबाट पीडिता अवोध बालिकाउपर जघन्य पाशविक अपराध भएको प्रमाणित भएको पाइने।

जाहेरवाली तथा पीडितले अदालतमा आई स्वास्थ्य परीक्षण प्रतिवेदनसँग नमिल्दो गरी प्रतिवादीले कसुर गरेको होइन भनी गरेको बकपत्र उक्त सङ्कलित तथ्यगत विवादरहित प्रमाणहरूबाट साँचो देखिन आउँदैन। मिसिल संलग्न अरू प्रमाणहरूबाट प्रतिवादीले कसुर गरेको

प्रमाणित भइरहेको हुँदा पीडित र जाहेरवालीको बकपत्रले मात्र प्रतिवादीलाई निर्दोष साबित गर्न मिल्ने नदेखिने।

विभिन्न कारणहरू जस्तैः आर्थिक प्रलोभन, सामाजिक दबाब, असुरक्षा, धम्की आदिको कारण पीडिता तथा जाहेरवालाले अनुसन्धानको क्रममा दिएको जाहेरी तथा बयान कागजलाई अदालतमा आई सत्य होइन झुट्ठा हो, प्रतिवादी दोषी होइनन् भनी बकपत्र गर्ने गरेको पाइन्छ । पीडित पक्षहरूलाई अशिक्षा, अज्ञानता, गरिबी, प्रलोभन, दबाब, सामाजिक परिवेश जस्तो गतिविधिले प्रभाव नपरेको हुँदैन । गवाहहरू Hostile हुँदैमा प्रतिवादीले स्वतः उन्मुक्ति पाउने होइन । मिसिल संलग्न प्रमाणको मूल्याङ्कनबाट नै अभियुक्त दोषी हो वा निर्दोष हो भन्ने निष्कर्षमा पुग्नुपर्ने।

विशेष गरी महिलाउपर हुने अपराधमा अदालत गम्भीर हुनै पर्दछ । वर्ष ६ की अबोध बालिकाउपर भएको कुकृति जघन्य अपराधकै श्रेणीमा रहन्छ । लामो समयको अन्तरालपछि विभिन्न दबाब प्रभावमा पर्ने गरेको स्थितिलाई विचार गरी जाहेरवाली र पीडिताको बकपत्र तत्काल उपलब्ध भएको वस्तुगत परीक्षणबाट प्रमाणित भएको तथ्यहरूसँग नमिल्ने गरी भएको देखिँदा सो बकपत्रको आधारले मात्र प्रतिवादीले कसुर गरेको होइन भनी मान्न मिल्ने।

जबरजस्ती करणीको कसुरमा पीडिताको स्वास्थ्य परीक्षण प्रतिवेदन महत्त्वपूर्ण प्रमाण हुने र सो प्रमाणबाट अनुसन्धानको क्रममा सङ्कलन गरिएका प्रमाणहरू भरपर्दो रूपमा पुष्टि हुन आएकोले प्रतिवादीले वर्ष ६ की परिवर्तित नाम ५४ कमलालाई अभियोग दाबीबमोजिम जबरजस्ती करणी गरेको प्रमाणित हुन आउने।

तसर्थ, प्रतिवादी कालीबहादुर वलीले पीडिता वर्ष ६ की परिवर्तित नाम ५४ कमलालाई जबरजस्ती करणीको १ नं. विपरीतको कसुर अपराध गरेको हुँदा निजलाई सोही महलको ३(१) नं. बमोजिम १० वर्ष कैद सजाय र रू.१,००,०००।– (एक लाख) क्षतिपूर्ति भराइदिने गरी सुरु रूकुम जिल्ला अदालतबाट भएको फैसला सदर गरी पुनरावेदन अदालत तुलसीपुर, दाङबाट मिति २०७१/९/२० मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः जीवनकुमार भण्डारी

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७४ साल श्रावण १९ गते रोज ५ शुभम्।

३

मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री सपना प्रधान मल्ल, *०७०-CI-०६०७, मोही लगत कट्टा, हिरालाल चौधरी भन्ने हिरालाल भण्डारी वि. जुम्मालाल यादव*

जुम्मालाल यादवका नाममा दर्ता रहेको कि.नं. ५६ जग्गाको दर्तावाला मोही हिरालाल भण्डारी हुन् भन्ने कुरामा विवाद देखिँदैन । सुरूमा निवेदन दिँदा मोरङ जिल्ला, बखरी गा.वि.स. वडा नं.३क हाल विराटनगर उपमहानगरपालिका वडा नं. १६ मा पर्ने कि.नं. ५६ को ज.वि. ०-४-८ जग्गा म जग्गाधनी आफैँले जोतभोग गरेको हुँदा मोहीको लगत कट्टा गरिपाउँ भनी मिति २०६८।७।८ मा निवेदन दिएको र पछि मिति २०६८।९।६ मा

निवेदन दिँदा यसअघि मैले फिराद गर्दा कुनै तरहले थाहा पाउन नसकेको हाल यसै कार्यालयको कारबाहीबाट काम सम्पन्न भई तामेलीमा रहेको विपक्षीले जगदीशप्रसाद नेपालसँगको मोरङ जिल्ला, बखरी गा.वि.स. वडा नं. ४ अन्तर्गतको ज.वि. ४-१९-१० जग्गाको मोही हक छाडी गरेको निवेदनमा मिति २०३५।७।७ मा निर्णय भइसकेको र हदबन्दीको कानूनअनुसार थप जग्गाको मोही हुन विपक्षी नसक्ने भनी २०३५।७।७ को निर्णय प्रतिलिपिसाथ निवेदन दिएको देखिने।

मोही हिरालाल भण्डारीले आफू मोही रहेको जिल्ला मोरङ, बखरी गा.वि.स. वडा नं.४क कि.नं.११९, १२०, १२२ र १२३ समेतका जग्गाको मोहीको नामबाट लगत कट्टा गरिपाउँ भनी निवेदन दिएको र सो निवेदन र सर्जमिनसमेतको आधारमा ज.वि. ४-१९-० जग्गाको मोही लगत कट्टा गरिदिने भनी मिति २०३५।७।७ मा भूमिसुधार कार्यालय, मोरङबाट निर्णय भएको उक्त निर्णयको प्रतिलिपिबाट देखिने।

ऐनले तोकेको सीमाभन्दा बढी जग्गा मोहीले जोतेको भन्ने प्रमाणसहित निवेदन दिएको अवस्थामा सो कुराको समेत प्रमाण बुझी निर्णय गर्नुपर्नेमा सुरू भुमिसुधार कार्यालय, मोरङले सो सम्बन्धमा केही नबोली जोत्न छाड्ने मोहीको लगत कट्टा हुने ठहर्‍याई भएको निर्णय बदर हुने ठहर्छ भनी पुनरावेदन अदालत विराटनगरबाट फैसला भएको र सो फैसलाअनुसार दुवै पक्ष भूमिसुधार कार्यालयमा हाजिर भई तारेखसमेत लिई रहेको तारेख भरपाईको प्रतिलिपिबाट देखिने।

तसर्थ, जग्गाधनी जुम्मालाल यादवले विवादको जग्गाबाहेक पनि पुनरावेदकले हदबन्दीभन्दा बढी जग्गाको मोही प्राप्त गरिसकेको भनी प्रमाण पेस गरेको अवस्थामा सोतर्फ केही नबोली सुरू भूमिसुधार कार्यालयबाट मिति २०६८।११।२ मा भएको फैसला नमिलेकोले बदर हुने ठहर्‍याई हदबन्दी सम्बन्धमा समेत विवेचना गरी जो जे गर्नुपर्ने हो गरी पुनः निर्णय गर्न तारेखमा रहेका पक्षलाई तारेख तोकी भूमिसुधार कार्यालय, मोरङमा पठाउने ठहर्‍याई भएको पुनरावेदन अदालत विराटनगरको मिति २०६९।१०।२३ को फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत- विद्याराज पौडेल

फैसला तयार गर्ने इजलास अधिकृत: भोजराज रेग्मी

कम्प्युटर : विनोद कुमार बनिया

इतिसंवत् २०७४ साल कार्तिक २४ गते रोज ६ शुभम्।

- यसमा यसै लगाउको ०७०-CI-०६०६, मोही बेदखली, हिरालाल चौधरी भन्ने हिरालाल भण्डारी वि. जुम्मालाल यादव भएको मुद्दामा समेत यसैअनुसारको फैसला भएको।

४

मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री सपना प्रधान मल्ल, *०६७-CI-१०७४, अपुताली हक कायमसमेत, रमा अर्याल वि. हिरण्यसिंह ढुङ्गानासमेत*

मुलुकी ऐन, स्त्री अंशधनको महलको ४२ (५) नं. मा भएको कानूनी व्यवस्था हेर्दा माइती मावलीपट्टिबाट दिएको चल अचल सम्पत्ति दाइजो हुने र सो दाइजो प्राप्त गर्ने स्वास्नी मानिसले

आफूखुस गर्न पाउने देखिन्छ। त्यस्तो दाइजो प्राप्त गरेको स्वास्नी मानिसले आफ्नो दाइजो पेवाको सम्पत्ति यो यसले खानु भनी लिखत गरिदिएको भए लिखतबमोजिम नै सो सम्पत्तिको हक निर्धारण हुने देखिन्छ। लिखत नगरेको अवस्था निज मरेमा विभिन्न नातागोताले क्रमशः सो सम्पत्ति पाउने र त्यस्तो नाता नभएको अवस्थामा हकवालाले पाउने भनी स्पष्ट कानूनी व्यवस्था रहेको छ। स्त्री अंश धनको रूपमा माइतीबाट प्राप्त सम्पत्ति निज मरेमा के कुन नाताका व्यक्तिले सो सम्पत्ति पाउने भनी भएको उक्त प्रावधानमा अन्तिममा हकवालाले नै पाउने देखिन्छ। माइतीतर्फ त्यस्तो सम्पत्ति स्वतः फर्कन सक्ने देखिन आउँदैन। अतः माइतीले बाल विधवा भएको हुँदा निजलाई बन्दोबस्त गरिदिएको सम्पत्ति प्रतिवादीले स्वतः प्राप्त गर्न सक्ने कुनै कानूनले प्रावधान गरेको नपाइने।

अर्कोतर्फ मृतक टेककुमारीको नाउँमा दर्ता रहेको साबिक कि.नं. ५ को क्षेत्रफल ज.वि. १-१५-०-० र कि.नं. ८ को क्षेत्रफल ज.वि. ०-१२-० को जग्गा २०३१ सालमा नापी हुँदा मौ. शंकरनगर रै.नं. २९ टेककुमारी उपाध्याय भनी जनिई दर्ता भएको देखिन्छ। सो कि.नं. ५ र ८ को साबिक स्रोत रै.नं. २९ टेककुमारी उपाध्यायकै नाउँबाट दर्ता हुन गएको देखिन्छ। प्रतिउत्तरमा ससुरा माइला भन्ने भेषराजले सो जग्गा बन्दोबस्ती गरिदिएको भनी उल्लेख गरे पनि २००६ सालमा परलोक भएका भेषराजले ०३१ सालमा नापी हुँदा त्यसरी बन्दोबस्त गरिदिएको आधार प्रमाण केही पेस छैन। वस्तुतः मृतक टेककुमारीको नाउँमा दर्ता रहेको उक्त जग्गाहरू माइतीतर्फबाट नै खरिद गरी दिएको भन्ने तथ्य पनि प्रमाणबाट पुष्टि हुन सकेको नदेखिने।

तुलानाथ उपाध्यायका जेठी श्रीमतीतर्फका छोरा गुप्तेश्वर भन्ने राजारामसँग टेककुमारीको विवाह भएको देखिन्छ। निज तुलानाथका कान्छी श्रीमती नैनकुमारीको तर्फबाट वादीहरू हिरण्य र भुवध्वजको जन्म भएको भन्ने देखिन्छ। अतः नाता पुस्ताबाट वादीहरू मृतक टेककुमारीको नजिकको हकदारको रूपमा रहेको।

वादी हिरण्य सिंहलाई अंशियार देवर नाताको व्यक्ति भनी स्वयं मृतक टेककुमारीले आफू जीवित छँदा नै लिखितरूपमा व्यक्त गरेको देखियो। टेककुमारीले जग्गा राजीनामा गरिदिँदा एकासगोलका देवर भनी लिखतको रोहबरमा साक्षी राखेको पनि देखिन्छ। मृतक टेककुमारीले जीवित रहेको अवस्थामा यी वादीलाई अंशियार एकासगोलका देवर भनी सरकारी कार्यालयमा व्यक्त गरेको लिखतबाट नै पुष्टि भएको हुँदा सो प्रमाण अपुताली जस्तो विषयमा महत्त्वपूर्ण प्रमाणको रूपमा रहन जाने।

मिति २०६६।२।१६ मा भएको सर्जमिन मुचुल्कामा उपस्थित व्यक्तिहरूले व्यक्त गरेको कुरालाई हेर्दा निज टेककुमारीलाई कसैले स्याहार सम्भार गर्नुपर्ने अवस्थामा नरही ६० वर्षको उमेरमा मिति २०६२।१।३० मा परलोक भएकी भनी लेखाई दिएका छन्। यसरी प्रतिवादीले टेककुमारीलाई आफूले स्याहार सम्भार र पालताल गरेको भनी स्पष्ट प्रमाण देखाउन नसकेको र टेककुमारी स्वयम्ले वादीहरूसँग एकासगोलमा रहेको भनी व्यक्त गरेको अवस्थामा घर माइती सँगसँगै भएकोले

टेककुमारी माइतीमै बसी निजको निजको स्याहार सम्भार प्रतिवादी माइतीतर्फबाट भएको हो भनी अनुमान गर्नु स्वाभाविक देखिने।

मृतक टेककुमारीलाई प्रतिवादीले स्याहार सम्भार गरी पालेको भन्ने तथ्य प्रतिवादीले कुनै प्रमाणबाट पुस्टि गर्न सकेको पाइँदैन । स्याहार सम्भार गरेको भन्ने तथ्य वस्तुगत प्रमाणबाट पुष्टि हुनुपर्दछ । स्याहार सम्भार पालन लालन गरेको छु भनी उल्लेख गर्दैमा सो तथ्य प्रमाणित हुने होइन । त्यस्तो तथ्य कुनै न कुनै सबुद प्रमाणबाट पुष्टि हुनुपर्ने ।

उपर्युक्त विवेचना गरिएको आधार, प्रमाणहरूबाट मृतक टेककुमारीको अपुताली हक पुनरावेदक प्रतिवादीले प्राप्त गर्न सक्ने आधार प्रमाण देखिन आउँदैन । यस अवस्थामा नजिकको हकदार देवर वादीहरूले नै अपुताली हक पाउने ।

अत: उल्लिखित तथ्य, कानूनी व्यवस्था एवं विवेचनासमेतको आधारमा वादीहरू मृतक टेककुमारीका सबैभन्दा नजिकका हकवाला भएको हुँदा विवादित जग्गामा फिराद दाबीबमोजिम वादीहरूको हक कायम गरी प्रतिवादीको अनधिकृत दाबी छुटाई वादीहरूको नाउँमा संयुक्त नामसारी हुने ठहऱ्याएको सुरू रूपन्देही जिल्ला अदालतको फैसलालाई सदर गरेको पुनरावेदन अदालत बुटवलको मिति २०६७।२।१२ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः- यज्ञप्रसाद आचार्य

कम्प्युटर: उत्तरमान राई

इति संवत् २०७३ साल भाद्र ५ गते रोज १ शुभम् ।

- यसमा यसै लगाउको ०६७-CI-१०७५, हक कायम, रमा अर्याल वि. हिरण्य सिंहसमेत भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

५

मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री तेजबहादुर के.सी., ०७२-CR-१४८८, कर्तव्य ज्यान, जगजंग शाही वि. नेपाल सरकार

मृतकको घाँटीमा दाबिएको कारणले श्वासप्रश्वासमा अवरोध भई मृतकको मृत्यु भएको भन्ने बेहोराको शव परीक्षण प्रतिवेदन भएको, सो तथ्यलाई शव परीक्षण गर्ने चिकित्सकले अदालतसमक्ष आई बकपत्रसमेत गरिदिएको र वारदातको मिति समयमा मृतकसँग प्रतिवादीहरू जगजंग शाही तथा नविनबहादुर शाही मात्र मृतकसँग रहेको भन्ने तथ्य देखिन आएको छ । घरतर्फ जान लागेकोमा अरू व्यक्तिसँग बाटोमा निजहरूको भेट भएको भन्ने देखिँदैन । बिच बाटोसम्म होटलवाला मुनबहादुरले तीनै जनालाई पुऱ्याउन आएका छन् । सो अवस्थामा निजले तीन जनाबाहेक अरू व्यक्ति पनि भेट भएको भनी भन्न सकेको देखिँदैन । मृतकको लास बाटोबाट पर खेतमा भेटिएको छ । बाटोमा सँगै हिँडेका मृतकको लास खेतसम्म कसरी पुग्न सक्छ ? यी परिस्थितिजन्य प्रमाणहरूले मृतकको कर्तव्यमा प्रतिवादीको संलग्नता रहेको तथ्य पुष्टि गरेको देखिने ।

मृतकको मृत्युको सम्बन्धमा प्रतिवादी जगजंग शाहीले लिएको पुनरावेदन जिकिर वारदातको स्थिति र अवस्थाले खण्डित भइरहेको हुँदा प्रस्तुत कर्तव्य ज्यानको वारदातमा यिनै प्रतिवादीहरूको संलग्नता पुष्टि हुन आयो । यसरी

पुनरावेदक प्रतिवादी जगजंग शाहीसमेतको संलग्नतामा मृतक तेजबिक्रम शाहीलाई घाँटी थिची कर्तव्य गरी मारेको तथ्य मालाकाररूपमा पुष्टि भई प्रतिवादी जगजंग शाही पनि कसुरदार देखिन आएकोले अभियोग माग दाबीबाट सफाइ पाउँ भन्ने पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

अतः घाँटी थिची हड्डीसमेत भाँचिने गरी मृतक तेजबिक्रम शाहीलाई कुटपिट गरी प्रतिवादीहरू जगजंग शाही र नबिनबहादुर शाहीले नै मारेको माथि उल्लिखित परिस्थितिजन्य प्रमाणहरूबाट पुष्टि हुन आएकोले अभियोग मागदाबीबमोजिम ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम प्रतिवादीहरूलाई जन्मकैद हुने ठहराई सुरू जिल्ला अदालतले गरेको फैसला सदर हुने गरी पुनरावेदन अदालत जुम्लाबाट मिति २०७१।१२।१९ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक प्रतिवादी जगजंग शाहीको पुनरावेदन जिकिर पुग्न सक्दैन । प्रतिवादी नबिनबहादुर शाहीको हकमा प्रस्तुत भएको साधकसमेत सदर हुने।

प्रतिवादीहरूलाई अभियोग दाबीअनुसार जन्मकैदको सजाय हुने देखिए पनि मृतकलाई मार्नुपर्ने पूर्वरिसइवी भएको देखिँदैन । तीनै जना एकैसाथ होटलमा बसी मादक पदार्थ सेवन गरेका छन्। मादक पदार्थ सेवन गरेपछि निजहरू घरतर्फ जाने क्रममा बाटोमा प्रस्तुत वारदातको घटना हुन पुगेको छ। वारदात हुँदाको समयमा प्रतिवादी जगजंग शाही १८ वर्ष र प्रतिवादी नविनबहादुर शाही २० वर्षको उमेरका देखिने।

अपराध गर्दाको परिस्थिति र अवस्था, प्रतिवादीहरूको उमेर एवं मृतकलाई मार्नुपर्नेसम्मको पूर्वरिसइवी र तयारीसमेत नभएको अवस्थामा ठहरेबमोजिम सजाय गर्दा चर्को पर्ने देखिन आएकोले प्रतिवादीहरूको उमेर र निजहरूको कसुरमा संलग्नता रहन जाने सन्दर्भलाई समेत अ.बं.१८८ नं. अनुसार विचार गर्दै पुनरावेदक प्रतिवादी जगजंग शाहीलाई १० वर्ष कैद र अर्का प्रतिवादी नविनबहादुर शाहीलाई १२ वर्ष कैदको सजाय हुने।

इजलास अधिकृत : कल्याण खड्का

कम्प्युटर : संजय जैसवाल

इति संवत् २०७५ साल श्रावण ३१ गते रोज ५ शुभम्।

६

मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री तेजबहादुर के.सी., ०७०-WO-०७४२, उत्प्रेषण, प्रभावती अहिर वि. पुनरावेदन अदालत बुटवल, रूपन्देहीसमेत

प्रतिवादी प्रभावती अहिरले प्रतिउत्तर पत्रमा देखाएको कल्पु भन्ने कल्लु अहिरलाई अ.बं.१३९ नं. बमोजिम बुझ्दा निजले रामा अहिर र केवला अहिर सुब्बाप्रसाद यादवको छोरा श्रीमती हुन्। निजहरू मेरो वंश कुलका अंशियार होइनन्। आवश्यक परे DNA परीक्षण गरी प्रमाण लगाई पाउँ भनी मिति २०७०।१।१३ मा बयान गरेको देखिन्छ । रामा अहिरको जैविक अस्तित्व पत्ता लगाउन भनी रूपन्देही जिल्ला अदालतबाट रामा अहिर, केवला अहिरनी र कल्पु अहिरको DNA परीक्षण गर्नु भनी मिति २०७०।९।२४ मा आदेश भएको देखियो । सो आदेशउपर चित्त

नबुझाई अ.बं. १७ नं. बमोजिम प्रभावती अहिरको पुनरावेदन अदालत बुटवलमा निवेदन परेकोमा सो अदालतबाट सुरू रूपन्देही जिल्ला अदालतको आदेश सदर हुने गरी मिति २०७०।१२।२३ मा आदेश भएको देखिन्छ । सुरू रूपन्देही जिल्ला अदालतबाट मिति २०७०।९।२४ मा DNA जाँच गर्ने भनी गरेको आदेशउपर चित्त नबुझेमा पुनरावेदन अदालत बुटवलमा अ.बं. १७ नं. बमोजिम यी रिट निवेदकले निवेदन दिन सक्ने कानूनी व्यवस्था अवलम्बन गरी पुनरावेदन अदालत बुटवलबाट उक्त DNA जाँच गर्ने आदेश परीक्षण भइसकेको अवस्था देखियो । यसरी कानूनले निर्देशन गरेको मार्ग अवलम्बन गरिसकेको अवस्थामा पुनः सोही विषयमा सर्वोच्च अदालतको असाधारण अधिकार क्षेत्रअन्तर्गत अदालत प्रवेश गरेको पाइने ।

DNA परीक्षण प्रमाण बुझ्ने प्रक्रियाको एउटा क्रम भएको र मुद्दाको विवादको निराकरण गर्नका लागि DNA लगायतका प्रमाण बुझ्न जिल्ला अदालत स्वतन्त्र रहन्छ । त्यसमा माथिल्लो अदालतबाट नियन्त्रण गर्ने, बन्देज लगाउने वा हस्तक्षेप गर्न पनि मिल्दैन । कानूनअनुसार कुन प्रमाण बुझ्नुपर्ने वा कुन प्रमाण बुझ्न नपर्ने हो भनेर जिल्ला अदालतमा विचाराधीन मुद्दामा नै असर पर्ने गरी रिट क्षेत्रबाट हस्तक्षेप गर्न मिल्ने पनि होइन । DNA परीक्षण मुद्दाको सत्य तथ्य पत्ता लगाउने एउटा विधि भई सोको प्रयोजनका लागि गरिने हुँदा त्यस्तो परीक्षणबाट निवेदककै विरूद्ध नै प्रमाण हुन जान्छ भनी अनुमान गर्न पनि मिल्ने देखिँदैन । प्रस्तुत विवादसँग सम्बन्धित अंश नामसारी मुद्दामा नाता सम्बन्धमा विवाद आएको अवस्थाबाट DNA परीक्षण गराउने आदेश भएको देखिन्छ । निर्विवाद रूपमा नातामा विवाद नभएको स्थितिमा सो परीक्षण गराउनु आवश्यक नभए पनि नातामा विवाद आएको अवस्थामा त्यस्तो परीक्षणको आदेश गर्न मिल्ने नै देखिन्छ । विवादित विषयवस्तुको न्यायिक निरूपण गर्न आवश्यक सम्बद्ध प्रमाणहरू अदालतबाट बुझिने नै हुन्छ । नातामा विवाद निवेदकले नै देखाएकी हुँदा नाता सम्बन्धमा यकिन हुन अदालतबाट भएका DNA परीक्षण गर्ने आदेश भएको कानूनसङ्गत नै देखिने ।

अतः जिल्ला अदालतमा दायर रहेको मुद्दाबाट प्रमाण बुझी कानूनबमोजिम विवादको विषयमा निर्णय हुने नै हुँदा रिट निवेदन क्षेत्रबाट अदालतमा विचाराधीन विषयलाई अनुकूल वा प्रतिकूल असर पर्ने गरी रिट क्षेत्रबाट निर्णय गर्न नमिल्ने हुँदा प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत:- विद्याराज पौडेल

कम्प्युटर: विनोद कुमार बनिया

इतिसंवत् २०७५ साल वैशाख १२ गते रोज ४ शुभम्।

७

मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या. श्री पुरूषोत्तम भण्डारी, *०६९-WO-१२९२, उत्प्रेषण / परमादेश, अधिवक्ता डिलहरी शर्मा वि. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौंसमेत*

निवेदकले बदर गर्न माग गरेको निर्णय हाल कायम नरही प्राधिकरण स्वयंले फिर्ता लिइसकेको एवं निवेदन दायर हुँदाको अवस्थाभन्दा हाल परिस्थिति परिवर्तन भई प्रस्तुत निवेदनको औचित्यता र सार्थकतासमेत रहेको नदेखिँदा

निवेदन मागबमोजिमको आदेश जारी गरिरहन परेन। प्रस्तुत निवेदनको औचित्य समाप्त भइसकेको देखिँदा खारेज हुने ठहर्छ भनी आदेश भइसकेको देखिन आयो । प्रस्तुत विषय र उक्त विषयको विषयवस्तु समान रही विवादको निरूपण पनि समान तवरबाट हुनुपर्ने।

उल्लिखित रिटमा सार्वजनिक महत्त्वको विषय उल्लेख भएको र प्रस्तुत रिटमा पनि सोही विषयमा उल्लेख भई समान कानूनी प्रश्न समावेश भएको देखिन आयो। प्रस्तुत मुद्दाका विपक्षीहरूले नेपाल विद्युत् प्राधिकरण, सञ्चालक समितिको मिति २०७०।२।१७ को बैठकबाट ६० MW बाट ९० MW कायम गर्ने गरी भएको निर्णय सोही समितिको मिति २०७०।२।२९ को बैठकबाट पुनः फिर्ता लिने भनी निर्णय भइसकेको भनी लिखित जवाफ पेस गरेको पाइयो । मिति २०७०।२।१७ को निर्णय बदरको लागि प्रस्तुत निवेदन मिति २०७०।२।२७ मा दर्ता गरेकोमा सञ्चालक समितिले उक्त निर्णय मिति २०७०।२।२९ मा फिर्ता लिइसकेको भनी विपक्षीबाट लिखित जवाफमा समेत उल्लेख गरेको अवस्थामा विपक्षीबाट विवादास्पद निर्णय फिर्ता लिइसकेको बेहोराको जानकारी यी निवेदकले समेत अदालतलाई गराएको पाइएन । निवेदकले जुन निर्णय बदरको माग गरी आएको हो सो निर्णय फिर्ता भई हाल कायम नरही निष्प्रभावी रहेको देखिँदा प्रस्तुत रिटको औचित्य समाप्त भएकाले खारेज हुने।

इजलास अधिकृत: दुर्गाप्रसाद भट्टराई

कम्प्युटर : प्रेमबहादुर थापा

इति संवत् २०७५ साल वैशाख ५ गते रोज ४ शुभम्।

८

मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री डम्बरबहादुर शाही, *०६७-CI-१२५२, परमादेश, स्वास्थ्य सेवा विभाग, टेकु वि. जयलाल सहनी*

स्वास्थ्य सेवा नियमावली, २०५५ को नियम ७ मा उल्लेख भएअनुसारको अनुसूची-३ बमोजिमको हेल्थ इन्स्पेक्सन समूहअन्तर्गतको पदनाम उल्लेख भई सि.नं.१५ देखि २८ सम्म पदनामहरू उल्लेख भएको देखिँदा स्वास्थ्य सेवा, हेल्थ इन्स्पेक्सन समूहको छैठौं तहमा कार्यरत कर्मचारीहरूको पदनाम यस अनुसूचीमा उल्लेख भएबमोजिम हुने नै देखियो। रिट निवेदक कानूनबमोजिम स्तरवृद्धि भएको र निजले हेल्थ इन्स्पेक्सन समूहअन्तर्गतको सि.नं.२३ को सि.अ.हे.ब. अधिकृत पद नै माग गर्नुपर्ने भन्ने कानूनी आधार विपक्षीहरूले उल्लेख गर्न सकेको छैन् । अर्कोतर्फ रिट निवेदकले हेल्थ इन्स्पेक्सन समूहअन्तर्गतको सि.नं.२६ को परिवार नियोजन सुपरभाइजर अधिकृत पदको दाबी गर्न नमिल्ने कुनै कानूनी आधारसमेत विपक्षीहरूले उल्लेख गर्न सकेको नपाइने।

मूलतः कानूनबमोजिम योग्यता पुगेको आधारमा निवेदकलाई स्तर वृद्धि गरिसकेपछि ऐन, नियममा भएको पदअनुसारको पदनाम प्रदान गर्न कुनै कानूनले रोक लगाएको देखिएन। विपक्षीहरूले यो यस कानून तथा नियम र वैध अभ्यासको आधारमा रिट निवेदकले हेल्थ इन्स्पेक्सन समूहअन्तर्गतको सि.नं.२३ को सि.अ.हे.ब. अधिकृत पद नै माग गर्नुपर्ने हो, सि.नं.२६ को परिवार नियोजन सुपरभाइजर अधिकृत पदको दाबी गर्न नमिल्ने

भनी कानूनसम्मत जिकिर लिन सकेको पनि देखिन आएन । यस स्थितिमा रिट निवेदन मागबमोजिम विपक्षीहरूको नाउँमा परमादेशको आदेश जारी हुने गरी पुनरावेदन अदालत पाटनबाट भएको आदेश अन्यथा भन्न नमिल्ने ।

अतः रिट निवेदकलाई निवेदन मागबमोजिम स्वास्थ्य सेवा नियमावली, २०५५ को अनुसूची-३ अन्तर्गतको हेल्थ इन्स्पेक्सन समूहको सि.नं.२६ को परिवार नियोजन सुपरभाइजर अधिकृत पदनाम दिई कानूनबमोजिम पदस्थापन गर्नु भनी विपक्षीहरूको नाउँमा परमादेशको आदेश जारी हुने ठहर गरेको पुनरावेदन अदालत पाटनको मिति २०६७।०५।२३ को आदेश मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत : केदारनाथ पौडेल, कालिबहादुर साम्पू लिम्बू

कम्प्युटर : चन्द्रशेर राना

इति संवत् २०७४ साल पौष ११ गते रोज ३ शुभम् ।

९

मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री डम्बरबहादुर शाही, *०६७-CR-०६७०, ज्यान मार्ने उद्योग र डाँका, नेपाल सरकार वि. विकास भन्ने कमल रोक्का*

प्रतिवादीहरूमध्ये देवानन्द चौधरी र टिका गुरूङको हकमा अ.बं. १९० नं. बमोजिम मुद्दा मुलतबीमा रहेको र हालसम्म जगाई कारबाहीमा नरहेकोले सोतर्फ थप विवेचना गरिरहनु नपर्ने ।

पीडिताहरूलाई धारिलो हतियारले हानेको बेहोरासम्म इन्कारी रही सोबाहेक जाहेरी दरखास्तको अन्य तथ्य र उल्लिखित घटनास्थल प्रकृति मुचुल्कालाई स्वीकार गरी अधिकारप्राप्त अधिकारीसमक्ष र विकास भन्ने कमल रोक्काले भागीरथी पौडेलको घरमा पैसा छ लुट्न जाउँ भनी भनेको हुँदा देवानन्द चौधरी, विकास भन्ने कमल रोक्का, टिका गुरूङ, मस्तदिन मियाँ र मसमेत पैसा लुट्न गएका हौँ, म तथा मस्तदिन मियाँ बाटोमा मानिस ढुक्न बस्यौं, देवानन्द चौधरी, टिका गुरूङ, विकास भन्ने कमल रोक्का र अर्को नाम थाहा नभएका व्यक्तिले निज भागीरथी पौडेलसमेतलाई धारिलो हतियार प्रहार गरी घाइते बनाएका हुन् भनी पीडितको घर डाँका गरी पैसा लुट्नसम्म गएको तथ्यलाई स्वीकार गर्दै बरामद भएको सामान पहिचान गरिदिई सनाखतसमेत गरी प्रतिवादी तीर्थनारायण चौधरीले अदालतमा बयान गरेको पाइने ।

प्रतिवादीहरू मस्तदिन मियाँ र कमल रोक्काले अदालतमा आरोपित कसुरमा इन्कारी रही बयान दिए तापनि बुझिएका अनरूद्र मुसहरले यी प्रतिवादीहरूले खुकुरी माग गरेको र दिन इन्कार गरेपछि गाली गलौज गरी हिँडेकामा मिसिल संलग्न अन्य तथ्य र सहप्रतिवादी तिर्थ नारायण चौधरीको अदालतको बयानबाट खुकुरीले कुटपिट गरेको पुष्टि हुने ।

पवित्राकुमारी पौडेल र प्रेमकुमारी पौडेलले अनुसन्धानको क्रममा खडा भएको मौकाको कागजमा र आरोपित प्रतिवादीहरूको वारदातमा उपस्थिति पुष्टि गर्दै कमल रोक्काले मुखमा नकाव लगाई खुँडाले प्रहार गरेको घटना अरूलाई बताएमा जे पनि हुन सक्ने भनी डर त्रास देखाएको, आरोपित सबैको घटनामा उपस्थिति रहेको बेहोरा उल्लेख

गरी जाहेरी बेहोरा र घटनास्थल प्रकृति मुचुल्कालाई समर्थन गरी अदालतमा बकपत्र गरिदिएको पाइने।

प्रतिवादी मस्तदिन मियाँले वारदातको समयमा अन्यत्र थिएँ भनी जिकिर लिएको पनि पाइन्छ। बुझिएका अनरूद्र मुसहरले यी प्रतिवादीले खुकुरी माग गरेको र दिन इन्कार गरेपछि गाली गलौज गरी हिँडेको भनी खुलाइदिएको अवस्था रहेको छ । सहप्रतिवादी तिर्थनारायण चौधरीले दुवैजना पैसा लुट्न जाने एक आपसमा सल्लाह गरी बाटोमा मानिस ढुक्न बसेको बेहोरा स्वीकार गरी बयान गरेको पाइने।

पीडिताहरूले गरेको बकपत्रबाट पनि निजको वारदातमा उपस्थिति देखिनुको साथै मिसिल संलग्न अन्य तथ्यले घटनामा संलग्न देखाएको अवस्थामा अन्यत्र थिएँ भनी लिएको जिकिर प्रमाण ऐन, २०३१ को दफा २८ बमोजिम प्रमाणित हुन सकेको देखिन नआउने।

अभियोग पत्रमा प्रतिवादीहरूले रू. ३९००।- बराबरको धनमाल डाँका गरी लगेको भनी अभियोग लगाएको पाइन्छ । मिति २०६४।५।२ को बरामदी मुचुल्काअनुसार विभिन्न सामानहरू बरामद भएको भनी उल्लेख भए पनि पीडिताहरूको भनाइबमोजिमको इमरजेन्सी लाइट र नाकको फुली बरामद भएको पाइँदैन । डाका गरी लगी खाई मासे भन्ने पनि देखिँदैन। जाहेरी दरखास्त, पीडिताहरूको मौकाको कागज र अदालतमा भएको बकपत्रमा प्रतिवादीहरूले डाँका गरी धनमाल लगेको भनी उल्लेख गरेको नपाइने।

मिति २०६४।५।२ मा कुटपिट गर्न प्रयोग भएको खुँडा बरामद भई सो खुँडालाई प्रतिवादी तीर्थ नारायण चौधरीले सनाखत गरेको पाइन्छ । खुँडा बरामद हुनुले हातहतियारको प्रयोग भएको पुष्टि हुन्छ। प्रतिवादीहरू एक आपसमा सरसल्लाह गरी पैसा लुट्न जाने योजना बनाई मुखमा कालो पट्टी बाँधी हतियार खुँडासमेत लिएर समूहगत रूपमा पीडिताको मन्जुरीबेगर घरमा पसी आफ्नो हक नपुग्ने वस्तु हक पुग्ने धनीको मन्जुरी नलिई लैजानेसम्मको उद्देश्य रहेको देखिन आउने।

फौजदारी मुद्दा खास गरी चोरी तथा डाँका मुद्दामा आरोपित कसुर पुष्टि गर्ने दसीको सामान महत्त्वपूर्ण प्रमाण हो । जुन धनमाल डाँका भएको हो भनी लगाइएको आरोप पुष्टि गर्न सो धनमाल बरामद भएको हुनुपर्छ वा यसरी लगिएको भनिएको धनमाल पीडिताको वैधानिक कब्जामा थियो र सो धनमाल प्रतिवादीहरूले लगी खाई मासेका हुन् भन्ने कुराको स्वतन्त्र पुष्टि नभईकन अभियोग पत्रमा धनमाल डाँका गरी लगेको भन्ने आरोप लगाउँदैमा स्वतः पुष्टि हुन सक्दैन। आफ्नो हक नपुग्ने धनमाल धनीको मन्जुरी नलिईकन बेइमानको नियतले लिन खानको लागि लगेको भनिएको सामान बरामद भएको नपाइने।

प्रतिवादीहरूको कसुर डाँका गर्नको लागि आवश्यक पर्ने तत्त्वहरूमध्ये मनसाय, तयारी, उद्योगसम्म गरी धनमाल लुट्ने कार्य हुन नपाएको अवस्था रहेको छ । यसमध्ये दाबीबमोजिम धनमाल लुटी लगेको प्रमाणित भएको अवस्थामा भने पूर्ण अपराध भई डाँका गरेको पुष्टि हुने थियो। अपराधका चार चरणमध्ये अन्तिम चरणको कार्य हुन नपाएको देखिँदा डाँका उद्योगसम्मको वारदात स्थापित भएको देखिएको अवस्थामा डाँकाको

कसुर ठहऱ्याई तीनै जना प्रतिवादीलाई सजाय गरेको पुनरावेदन अदालत बुटवलको फैसला मिलेको देखिन नआउने।

ज्यान मार्ने उद्योगको वारदात पुष्टि हुनको लागि कर्तव्य ज्यानको वारदातमा आवश्यक पर्ने तयारी, मनसाय र कार्यमध्ये तयारी र मनसायको चरण सम्पन्न भई सोबमोजिमको कार्य गर्न खोजेको अवस्थामा तेस्रो तत्त्वको उपस्थिति भई मर्नबाट जोगिएको भन्ने तथ्य शंकारहित तवरमा निर्विवादित तवरले पुष्टि भएको हुनुपर्छ । तर प्रस्तुत मुद्दामा सोबमोजिमको तथ्य स्थापित भएको नपाइने।

पीडिताहरूको अनुसन्धानको क्रममा भएको कागज र सो बेहोरालाई समर्थन हुने गरी अदालतमा भएको बकपत्र, वारदातको प्रकृति, प्रतिवादीहरूको अनुसन्धानको क्रममा र अदालतमा भएको बयानबाट पनि यी प्रतिवादीहरू मिली डाँका गर्ने उद्देश्यको साथ चार जनाभन्दा बढीको समूह भई कुटपिटसम्म गरेको देखिन आउने।

पीडिताहरूको शरीरमा परेको घा चोटको प्रकृतिको आधारमा प्रतिवादीहरूले डाँका गर्ने उद्देश्यले कुटपिट गरे पनि ज्यानै मार्ने नियतबाट प्रहार गरेको देखिन नआएको वारदातलाई ज्यान मार्ने उद्योगको वारदातको नामकरण गर्नु न्याय र कानूनसङ्गत हुन नसक्ने।

अत: उपर्युक्त आधार, कारण एवं प्रमाणबाट पुनरावेदक प्रतिवादी डल्ले भन्ने मस्तदिन मियाँलाई अभियोग दाबीबमोजिम डाँका गरेको ठहर गरी मुलुकी ऐन, चोरीको महलको १ र ६ को कसुरमा ऐ. को १४(४) नं. बमोजिम कैद वर्ष ६(छ) र जरिवाना रू.५,८५०।- हुने ठहऱ्याई सजाय गर्ने गरेको पुनरावेदन अदालत बुटवलबाट मिति २०६७।३।२० मा भएको फैसला मिलेको नदेखिँदा केही उल्टी भई चोरीको १ र ६ नं.को कसुरमा ऐ. १२, १४(४) र १७ नं. अनुसार डाँका उद्योगको कसुर गरेको पुष्टि हुन आएकोले निज प्रतिवादीलाई चोरीको १७ नं. अनुसार ३ वर्ष कैद हुने।

वारदात नै डाँका उद्योग भएको हुँदा पुनरावेदन नगर्ने अन्य प्रतिवादीहरू विकास भन्ने कमल रोक्का, त्रिलोकी भन्ने कमल नारायण चौधरीलाई पनि अ.बं. २०५ नं. बमोजिम सोहीअनुसार ३ वर्ष कैद हुने ठहर्छ । प्रतिवादीहरूलाई अभियोग माग दाबीबमोजिम ज्यान मार्ने उद्योगमा समेत सजाय हुनुपर्छ भन्ने वादी नेपाल सरकारको तर्फबाट उपस्थित हुनुभएका विद्वान् उपन्यायाधिवक्ताको बहस जिकिरसँग र अभियोग दाबीबाट पूरै सफाइ पाउनु पर्दछ भन्ने प्रतिवादी डल्ले भन्ने मस्तदिन मियाँको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

पीडिताहरूको शरीरमा घा चोट परेको देखिँदा प्रतिवादीहरूले डाँका गर्ने उद्देश्यले कुटपिट गरे पनि ज्यानै मार्ने नियतबाट प्रहार गरेको देखिन नआई ज्यान मार्ने उद्योगको वारदात पुष्टि हुन नआएकोले सो आरोपबाट सफाइ दिने गरी पुनरावेदन अदालत बुटवलबाट मिति २०६७।३।२० भएको फैसला अन्यथा नभए पनि पीडितालाई परेको घा चोटको सम्बन्धमा सरोकारवाला पक्षले कुटपिटतर्फ कारबाही गरिपाउँ भनी सकार गर्न आएका बखत सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा २७

अनुसार कुटपिटतर्फ परिणत हुने।

इजलास अधिकृत : दुर्गाप्रसाद भट्टराई

कम्प्युटर: चन्द्रशेर राना

इति संवत् २०७४ साल मङ्सिर ४ गते रोज २ शुभम्।

इजलास नं.७

१

मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री सुष्मालता माथेमा, *०७५-CR-००८९, वैदेशिक रोजगार कसुर, नेपाल सरकार वि. सिता दाहाल*

जाहेरवालामध्येका रिजन श्रेष्ठसमेतले मिति २०७०।७।१५ र.नं. ७२०४ बाट प्रतिवादी सिता दाहालको नाउँको बारा जिल्लाको कि.नं. ४१५, ५१८ को जग्गा रू. ५,००,०००।- (पाँच लाख रूपैयाँ) मा दृष्टि बन्धक पारित गरी लिएको मिसिल संलग्न लिखतको प्रतिलिपिबाट देखिन्छ । यी जाहेरवालाहरूले प्रतिवादीमध्येका उज्ज्वल दाहालसँगको हिसाब असुल गर्नको लागि निजकी आमा सिता दाहालको नाउँमा सम्पत्ति रहेकोले सो सम्पत्तिबाट आफ्नो बिगो असुल गर्न प्रतिवादी सिता दाहालको पनि कागजमा सही गराएको र फसेको रकम उठाउने प्रयत्न गरेकोसम्म देखियो। निजहरू वैदेशिक रोजगार न्यायाधिकरणमा उपस्थित भई बकपत्र गरी यी प्रत्यर्थी प्रतिवादीलाई गढाउ गर्न सकेकोसमेत नदेखिने।

तसर्थ, प्रतिवादीको अनुसन्धानको क्रममा र न्यायाधिकरणसमक्ष भएको इन्कारी बयान, प्रतिवादीका साक्षीहरूको बकपत्रसमेतबाट प्रतिवादी सिता दाहाल अनपढ, ग्रामीण, एकल महिला भएको र निज वैदेशिक रोजगारमा लगाइदिन्छु भनी रकम लिनेसम्मको कार्य गर्नसक्ने महिला भएको भन्ने नदेखिई केवल रकम उठाउन सहजताका लागि सिता दाहालको सहीछाप गराएकोसम्म देखिँदा प्रतिवादी सिता दाहालले अभियोग दाबीबाट सफाइ पाउने ठहऱ्याई वैदेशिक रोजगार न्यायाधिकरणबाट मिति २०७४।९।११ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: रूद्रप्रसाद अर्याल

कम्प्युटर : मन्दिरा रानाभाट

इति संवत् २०७७ साल जेष्ठ ३० गते रोज ६ शुभम्।

२

मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री हरिप्रसाद फुयाल, *०६९-WO-०२११, उत्प्रेषण, रामप्रसाद राई वि. राष्ट्रिय वाणिज्य बैंक, केन्द्रीय कार्यालयसमेत*

आर्थिक ऐनले प्रत्येक वर्षको आम्दानीमा लाग्ने आयकरको फरकफरक दर निर्धारण गरेको हुन्छ र पारिश्रमिक आय हुने करदाताको हकमा प्रत्येक वर्षको छुट्टाछुट्टै आय निर्धारण गरी तदनुरूप आयकर लगाउनुपर्ने हुन्छ । उक्त व्यवस्थाको विपरीत विपक्षीहरूद्वारा निवेदकको निलम्बन रहेको अवधि (२०५८।३।१९ देखि २०६४।३।१२) सम्म ६ आर्थिक वर्षको छुट्टाछुट्टै हिसाब गरी कर निर्धारण गर्नुपर्नेमा एकमुष्ट रकम प्राप्त गरेको वर्षको एकमुष्ट आय मानी कर लगाउने निर्णय न्यायसङ्गत नदेखिने।

कर लगाउने राज्यको अधिकार हो । तर यो अधिकार अनियन्त्रित र स्वविवेकीय अधिकार होइन । पारिश्रमिक आयमा आयकर प्रत्येक आ.व.

को दरले हिसाब गर्नुपर्ने हुन्छ। निवेदकउपर राष्ट्रिय वाणिज्य बैंक, बानेश्वर शाखामा कार्यरत रहँदा एल.सी. सम्बन्धी कारोबारमा अख्तियार दुरूपयोग एवं विदेशी विनिमय अपचलन गरी भ्रष्टाचार गरेको अभियोगमा विशेष अदालत काठमाडौंमा भ्रष्टाचार मुद्दा दायर भई मिति २०६४।३।१२ मा विशेष अदालतबाट आरोपित मुद्दामा सफाइ पाएको कुरामा विवाद छैन । मिति २०५८।३।१९ देखि २०६४।३।१२ सम्म निलम्बनमा परी मुद्दामा सफाइ पाई पुनर्बहाली भएकोमा निवेदकको टुटेको अवधिको तलबभत्ता एकमुष्ट प्राप्त गरेकोलाई एकमुष्ट रकमलाई कर निर्धारण गर्ने पछिल्लो वर्षको आय मान्न मिल्दैन । एकमुष्ट रकम प्राप्त गरेको वर्षको एकमुष्ट आय मानी कर लगाएको नमिल्ने।

अतः माथि उल्लिखित आधार र कारणबाट निवेदक निलम्बनमा परेको अवधिको प्रत्येक वर्षको छुट्टाछुट्टै आय निर्धारण गरी तत् तत् आय वर्षमा कानूनबमोजिम लाग्ने कर रकम कट्टा गरी बढी कट्टा गरेको रकम निवेदकलाई फिर्ता दिनु भनी नेपालको संविधानको धारा १३३(२) र (३) बमोजिम विपक्षीका नाउँमा परमादेश जारी हुने।

इजलास अधिकृतः बिना गौतम

इति संवत् २०७६ साल पौष २० गते रोज १ शुभम्।

इजलास नं.८

मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या. श्री सुष्मालता माथेमा, *०७२-CR-१७५४, ०७२-CR-१२९७, ०७२-CR-१२९८, कर्तव्य ज्यान, अनवर अलि मुसलमान वि. नेपाल सरकार, जुवेर अहमद मुसलमान वि. नेपाल सरकार, नेपाल सरकार वि. अनवर अलि मुसलमानसमेत*

जाहेरवाला, मृतक र प्रतिवादीहरूबिचमा आपसमा कुटपिट भएको र कुटपिटबाट यी प्रतिवादीहरूलाई छुट्याई घर पठाएको हुँ भनी मौकामा घटना विवरण लेखाइदिने लालविहारी कुर्मीसमेतका व्यक्तिहरूको बेहोराबाट यी दुईजना प्रतिवादीहरूको वारदातमा संलग्नता रहेको तथ्य समर्थित भएको पाइन्छ। वारदातको मिति र समयमा वारदातस्थलमा उपस्थित थिएँ तर मैले कुटपिट गरेको होइन भनी अधिकारप्राप्त अधिकारीसमक्ष बयान बेहोरा लेखाउने प्रतिवादी सारूख मुसलमानले अन्य प्रतिवादीहरूको के कस्तो संलग्नता थियो खुलाउन नसकेको भए तापनि प्रतिवादी जुवेर मुसलमानले मृतकलाई कठबाँसको लट्ठीसमेतले हानेको तथा प्रतिवादी अनवर मुसलमानले लात्ता र मुक्काले हानेको हो । अनवर मुसलमान झडपबाट घाइते भएकोले मैले अस्पतालतर्फ लगेको समयमा पक्राउ परेका हुन् भनी खुलाई लेखाइदिएको पाइएबाट वारदातमा यी दुवै जना प्रतिवादीहरूको संलग्नता रहेको थिएन भन्ने भनाइ विश्वसनीय हुन सकेको पाइएन । उल्लिखित तथ्यसमेतबाट निज अनवर अलि मुसलमानले अदालतको बयान र दुवै तहका पुनरावेदन-पत्रहरूसमेत मार्फत म वारदातको दिन र समयमा अन्यत्रै थिएँ भनी लिएको Alibi जिकिर मौखिक रही त्यसलाई पुष्टि गर्ने प्रमाणको अभावमा सो भनाइ पुष्टि हुन सकेको पाइएन । यस अवस्थामा निज दुईजना प्रतिवादीहरूलाई मुलुकी ऐन ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम जन्मकैदको सजाय हुने ठहर गरेको सुरू

कपिलवस्तु जिल्ला अदालतको फैसला सदर गरी भएको पुनरावेदन अदालत बुटवलको फैसलालाई अन्यथा गर्नुपर्ने नदेखिएको हुँदा सो फैसला उल्टी गरी हामीलाई सफाइ दिलाइपाउँ भन्ने पुनरावेदक प्रतिवादीहरू अनवर अलि मुसलमान र जुवेर मुसलमान दुवै जनाको पुनरावेदन जिकिर पुग्न नसक्ने भई यस अदालतबाट प्रत्यर्थी झिकाउँदा लिइएको आधारसँग पनि सहमत हुन नसकिने।

अब जन्मकैदको सजाय हुने गरी कसुर ठहरेका प्रतिवादीहरूको हकमा अ.बं.१८८ नं. बमोजिम ब्यक्त गरिएको रायतर्फ हेर्दा, यी प्रतिवादीहरूले पूर्वयोजना बनाई नियोजित ढङ्गले मृतकउपर आक्रमण गरेको भन्ने देखिन आएको छैन । मृतक र प्रतिवादीहरूबिच मार्नुपर्नेसम्मको पूर्वरिसइवी केही रहेकोसमेत खुल्न आएको पाइँदैन । मृत लासको अवस्था र घाउचोट हेर्दा वारदातमा घातक र धारिलो हतियारको प्रयोग भएको, निर्मम र क्रूर तरिकाले ज्यान मारेको भन्ने पनि देखिँदैन। वारदातको समयमा प्रतिवादीहरूको उमेर क्रमशः २२ र २५ वर्ष रहेको देखिन्छ । उल्लिखित परिस्थितिजन्य घटना विवरण र वारदातको प्रकृतिसमेतलाई मध्यनजर गरी हेर्दा, जन्मकैदको सजाय गर्दा चर्को पर्न जाने देखिएको हुँदा अ.बं.१८८ नं. बमोजिम प्रतिवादीहरू अनवर अलि मुसलमान र जुवेर मुसलमानलाई जनही ६/६ वर्ष कैदको सजाय हुने गरी सुरू कपिलवस्तु जिल्ला अदालतबाट व्यक्त भई तत्कालीन पुनरावेदन अदालत बुटवलबाट सदर भएको रायसमेत मनासिब नै हुँदा सो रायसमेत सदर हुने।

अतः माथि विवेचित आधार कारणसमेतबाट पुनरावेदक प्रतिवादी अनवर अलि मुसलमान र जुवेर मुसलमानलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम जन्मकैदको सजाय हुने ठहर गरी अ.बं. १८८ नं. बमोजिम निज दुवैजना प्रतिवादीहरूलाई जनही ६/६ वर्ष कैदको सजाय हुन व्यक्त गरेको रायसहित प्रतिवादीहरू सारूख मुसलमान, हुसेनी मुसलमान, सजरून निसा मुसलमान भन्ने सबरू निसा मुसलमान, कैसरजहाँ मुसलमान र असगर अलि मुसलमानलाई अभियोग दाबीबाट सफाइ हुने गरी भएको सुरू फैसला सदर गरी भएको तत्कालीन पुनरावेदन अदालत बुटवलको मिति २०७२।४।२६ को फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत: फणेश्वरी घिमिरे

कम्प्युटर: पद्मा आचार्य

इतिसंवत्२०७७सालकात्तिक१७गतेरोज२शुभम्।

इजलास नं.९

मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री टंकबहादुर मोक्तान, *०७५-CR-०५२०, कर्तव्य ज्यान, रामशंकर पासी वि. नेपाल सरकार*

मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. ले "लाठा, ढुङ्गा र साधारण सानातिना हातहतियारले कुटी, हानी, रोपी, घोची वा अरू ज्यान मर्ने गैह्र कुरा गरी ज्यान मरेमा एकै जनाले मात्र सो काम गरी ज्यान मारेमा सोही एक जना र धेरै जनाको हुल भई मारेमा यसैले मारेको वा यसको चोटले मरेको भन्ने प्रमाणबाट देखिन ठहर्न आएमा सोही मानिस मुख्य ज्यानमारा ठहर्छ। त्यस्तालाई

सर्वस्वसहित जन्मकैद गर्नुपर्छ। सोबाहेक अरूलाई र यसैले मारेको वा यसैका चोटले मरेको भन्ने कुरा सो हातहतियार छाड्ने कसैउपर कुनै प्रमाणबाट देखिने ठहर्न नआएमा सबैलाई जन्मकैद गर्नुपर्छ" भन्ने व्यवस्था गरेको छ। यी प्रतिवादी हाउ भन्ने रामशंकर पासीको बयान, मृतकको शव परीक्षण प्रतिवेदनसमेतका मिसिल संलग्न प्रमाणबाट यी प्रतिवादीले कर्तव्य गरी मारेको देखिएकोले निजले अभियोग दाबीबमोजिमको कसुर अपराध गरेको पुष्टि हुन आएको देखिन्छ। त्यसैले यी प्रतिवादी हाउ भन्ने रामशंकर पासीलाई अभियोग दाबीबमोजिम कसुरदार ठहर गरी मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहर्‍याई सुरू कपिलवस्तु जिल्ला अदालतबाट भएको फैसलालाई सदर हुने ठहर्‍याई उच्च अदालत तुलसीपुर, बुटवल इजलासबाट भएको फैसला मिलेकै देखिन आउने।

प्रतिवादी रामशंकर पासीको हकमा साबिक मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहर्‍याएको सुरू कपिलवस्तु जिल्ला अदालतको फैसला सदर गर्ने गरी उच्च अदालत तुलसीपुर, बुटवल इजलासबाट मिति २०७४।११।२ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९(२)(क) मा "कुनै कसुरको सजाय साबिक ऐनमा मुलुकी अपराध संहितामा लेखिएकोभन्दा बढी रहेछ भने संहितामा लेखिएको हदसम्म मात्र सजाय हुने छ" भन्ने कानूनी व्यवस्था भएको, मुलुकी अपराध संहिता, २०७४ को दफा १७७(२) मा ज्यान मार्ने कसुर गर्ने, गराउने व्यक्तिलाई जन्मकैदको सजाय मात्र हुने भन्ने कानूनी व्यवस्था रहे भएको देखिएको र फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ५ मा कुनै कसुरका सम्बन्धमा कसुर गर्दाका बखतभन्दा सजाय निर्धारण गर्दाका बखत घटी सजाय हुने रहेछ भने घटी सजाय हुने कानूनी व्यवस्था भएको साथै ऐ. दफा ४०(२) मा कानूनमा कुनै कसुर गरेबापतमा सर्वस्वको सजाय हुने रहेछ भने यो ऐन प्रारम्भ भएपछि त्यस्तो कसुरमा सजाय निर्धारण गर्दा सर्वस्व हुने गरी सजाय गरिने छैन भन्ने व्यवस्था रहेकोसमेतबाट प्रस्तुत मुद्दामा यी प्रतिवादीलाई सर्वस्वसहित जन्मकैद नहुने भई जन्मकैदको मात्र सजाय हुने ठहर्छ। प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत : सोनी श्रेष्ठ

कम्प्युटर : शान्ति तामाङ

इतिसंवत् २०७७ साल आषाढ १० गते रोज ४ शुभम्।

इजलास नं.१०

१

मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या. श्री डम्बरबहादुर शाही, *०७१-WO-०२१४, उत्प्रेषण, उच्च माध्यमिक शिक्षा परिषद् वि. पुनरावेदन अदालत पाटनसमेत*

निवेदकलाई विपक्षी राष्ट्रिय सूचना आयोगले कक्षा १२ को Accountancy विषयको आंशिक परीक्षा सिम्बल नं. ३३१००३६८ को

उत्तरपुस्तिकाको प्रतिलिपि पाउन आदेश जारी गरेकोमा उक्त आदेश बदर गरी पाउन निवेदकले पुनरावेदन अदालत पाटनमा निवेदन दिएकोमा राष्ट्रिय सूचना आयोगको आदेश रीतपूर्वक नै रहेको भनी सदरसमेत भएको देखिन्छ । सो आदेशपछि निवेदक यस अदालतमा प्रस्तुत रिट निवेदन दर्ता गराई प्रवेश गरेको देखियो । राष्ट्रिय सूचना आयोगले उत्तरपुस्तिकाको प्रतिलिपि दिनु भनी गरेको आदेश र सो आदेश बेरितको नदेखिँदा केही गरिरहनु परेन, कानूनबमोजिम गर्नु भन्ने पुनरावेदन अदालत पाटनको आदेश के, कसरी गैरकानूनी भयो र कुन कानूनको कसरी त्रुटि भयो ? निवेदकले निवेदनमा उल्लेख गरेको पाइएन । रिट निवेदकले कार्यविधि नबनेको कारण उत्तरपुस्तिकाको प्रतिलिपि दिन नमिल्नेसम्म जिकिर लिएको पाइन्छ । उत्तरपुस्तिकाको प्रतिलिपि उपलब्ध गराउनेसम्बन्धी कार्यविधि बनाउने कार्य उच्च माध्यमिक शिक्षा परिषद्को परीक्षा नियन्त्रकको कार्यालयको नीतिगत विषयवस्तुकै कुरा पनि हुन् । आ.व. ०७१/०७२ देखि हालसम्म किन कार्यविधि नबनेको हो, त्यसको कुनै युक्तियुक्त कारण रिट निवेदकले उल्लेख गर्न सकेको देखिँदैन । उत्तरपुस्तिकाको प्रतिलिपिसम्बन्धी कार्यविधि बनाउनुपर्ने जिम्मेवारी निवेदक कार्यरत रहेको कार्यालयकै हो । कार्यविधि नबनाएको कारण उत्तरपुस्तिकाको प्रतिलिपि उपलब्ध गराउन नसकिने अभिप्राय सन्निहित रहेको निवेदन जिकिर न्यायोचित नदेखिने ।

पुनरावेदन अदालत पाटनसमेतले राष्ट्रिय सूचना आयोगको उत्तरपुस्तिकाको प्रतिलिपि दिनु भन्ने आदेशलाई बेरितको नदेखिएको भनी गरेको आदेशमा कुनै कानूनी त्रुटि देखिएन । अतः रिट जारी गर्नुपर्ने अवस्थाको विद्यमानता रहेन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः मन्दिरा शाही

कम्प्युटर: मन्जिता ढुंगाना

इति संवत् २०७६ साल भाद्र २ गते रोज २ शुभम् ।

२

मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या. श्री टंकबहादुर मोक्तान, *०६८-CI-०४३०, जग्गा खिचोला मेटाई चलन चलाई पाऊँ, रमेशप्रसाद अधिकारी वि. श्रीराम पाण्डे*

प्रस्तुत विवादित न.नं. ५ को कि.नं. २६० को सम्बन्धमा अदालतको आदेशानुसार मिति २०६५।३।६ मा भई आएको नापनक्सा मुचुल्कामा पूर्व बाबानानी पाण्डेको हाल न.नं. ६ को जग्गा, पश्चिम सिउरे दमाइको हाल न.नं. ४ को जग्गा, उत्तर सडक न.नं. १ र दक्षिण भुवनप्रसाद अधिकारी हाल पुनरावेदक प्रतिवादीहरूको न.नं. ११ को जग्गा रहेबाट विपक्षी वादीका पिताले मिति २०४८।१।८ मा प्राप्त गरेको हालैदेखिको बकसपत्रसँग विवादित जग्गाको ४ किल्ला भिडेको तथ्य मिसिल संलग्न नक्सा कागजातहरूबाट पुष्टि हुन आएको ।

यस अदालतबाट मिति २०७५।५।४ मा मुलुकी ऐन, अ.बं. १३९ नं. बमोजिम सामुयल वि.क.लाई बुझ्दा निज सामुयल वि.क.का एकाघरको हजुरबुबा पर्शुराम वि.क.ले विवादित कि.नं. २६० बाट वादी श्रीराम पाण्डेको नाममा पनि नापी हुनुपर्ने हो, किन भएन भन्ने बयान गरेको पाइन्छ । पुनरावेदक प्रतिवादी रमेशप्रसाद

अधिकारीका आमा भुमकुमारी अधिकारीको नाउँमा रहेको साबिक कि.नं. २५६ र २५७ को ज.वि. ०-०-५ $^{१}/_{२}$ जग्गा रहेको र त्यसमा कुनै साँधसिमाना नभएकोले त्यसको उत्तरतर्फ रहेको घुम्ती टहरा बनाई आफूले मासु पसलेलाई भाडामा दिई भाडाबापत मासिक भाडा बुझ्दै आएको भनी नक्सा प्रकृति मुचुल्कामा स्वीकार गरी बसेको एवं निज प्रतिवादी स्वयंले जग्गाको उत्तरतर्फ टहरा बनाई भाडामा दिएको भन्ने भनाइ हेर्दा उल्लिखित जग्गाको उत्तरतर्फ विपक्षी वादीको जग्गा साँधमा रहेको भन्ने नक्साबाट देखिई वादीको जग्गातर्फ प्रतिवादीको टहरा भएकोले वादीको जग्गा प्रतिवादीले खिचोला नगरेको भनी भन्न सक्ने अवस्था भएन। वादीले नै ज.वि. ०-०-३ $^{१}/_{८}$ क्षेत्रफल जग्गा खिचोला गरेको भन्ने दाबी लिएकोमा ०-०-३ $^{१}/_{८}$ क्षेत्रफल जग्गासम्म प्रतिवादीले खिचोला गरेको ठहऱ्याउनुपर्नेमा सोभन्दा बढी ०-०-३ $^{१}/_{२}$ क्षेत्रफल जग्गा खिचोला ठहऱ्याएको हदसम्म पुनरावेदन अदालत हेटौंडाको फैसला मिलेको नदेखिँदा केही उल्टी हुने।

सुरू जिल्ला अदालतले वादीका हक अधिकार नै नभएको कुरामा फिराद दिएको भनी खारेज हुने ठहऱ्याएको फैसला उल्टी गरी नक्सा मुचुल्काको न.नं. ५ को ज.वि. ०-०-३ $^{१}/_{८}$ क्षेत्रफल जग्गा र त्यसमा भएको टहरासम्म प्रतिवादीहरूले खिचोला गरेको हुँदा सो हदसम्म मात्र खिचोला मेटाई चलनसमेत पाउने भनी ठहऱ्याउनुपर्नेमा सोभन्दा बढी ज.वि. ०-०-३ $^{१}/_{२}$ क्षेत्रफल जग्गा खिचोला गरेको भनी खिचोला मेटाई चलन पाउने ठहऱ्याएको हदसम्म पुनरावेदन अदालत हेटौंडाको मिति २०६७।७।८ को फैसला केही उल्टी हुने।

इजलास अधिकृतः मन्दिरा शाही

कम्प्युटर: मन्जिता ढुंगाना

इतिसंवत् २०७६ साल मङ्सिर ११ गते रोज ४ शुभम्।

इजलास नं.११

१

मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.श्री पुरूषोत्तम भण्डारी, *०७०-CI-१२०५, १२८१, जग्गा गुठी तैनाथी कायम, चक्रविर श्रेष्ठसमेत वि. भाइचा महर्जनसमेत, पञ्चलाल महर्जनसमेत वि. भाइचा महर्जनसमेत*

विवादित जग्गा खान्गीको जग्गा हो वा होइन भन्ने सम्बन्धमा हेर्दा सो विवादित जग्गा संवत् १९८६ सालको श्री ५ को सरकार गुठी लगत अड्डा ललितपुर इलाका हरिसिद्धी भवानीको १२ वर्षे जात्रा चलाउने भनी गुठीको लगत किताबमा टिका च्याबुल्लेको खान्गी भनी लेखिएको देखिँदैन। विवादित जग्गालाई गुठी लगत किताबमा टिका च्याबुल्ले हरिसिद्धी भनी मात्र लेखेको देखिएबाट विवादित जग्गा गुठी संस्थानको किताबबाटै खान्गीको होइन भनी स्थापित भएको अवस्थामा सो जग्गा खान्गीको जग्गा हो भन्ने गुठी संस्थान प्रधान कार्यालयले दायर गरेको पुनरावेदन जिकिरसँग सहमत हुन सक्ने अवस्था नदेखिने।

नापीको फिल्डबुकमा जोताहाको नाम थर चन्द्रबहादुर श्रेष्ठ भई किसानको बेहोरामा यो हरिसिद्धी भवानी गुठीको जग्गा भई मैले हरिसिद्धी

पाखाचा टोल बस्ने जित गोविन्द महर्जनसँग भोग बन्धकी लिई जोती आएको छु भन्ने बेहोरा उल्लेख गरी सहीछापसमेत गरिदिएको अवस्थामा सो विवादित जग्गा चन्द्रबहादुर श्रेष्ठले जित गोविन्द महर्जनसँग भोग बन्धकीमा लिएको भन्ने कुरा पुनरावेदककै पिताको लेखाई बेहोरासमेतबाट पुष्टि हुन आएको देखिन्छ । भूमिसुधार कार्यालय ललितपुरबाट ऋण निश्चित गरिपाउँ भन्ने मुद्दामा तत्काल नापीमा जसका नाममा मोही जनिएको हो सोही व्यक्ति विरूद्ध ऋण निश्चित मुद्दा निजले फिराएको प्रतिउत्तरपत्रमा नै भोग बन्धकी लिएको भन्ने थाहा पाई सर्वे नापीको समयमा भोगबन्धकी लेखाएको बाबुसँग भएको लिखतको थैली बुझीलिई तमसुक फट्टा गरी लगिसकेको भन्ने सम्झना छ भनी उल्लेख गरेको आधारमा ऋण निश्चित सम्बन्धमा केही गर्नु नपर्ने र लगत कट्टा सम्बन्धमा छुट्टै निवेदन परेमा कारबाही हुने भनी मिति २०३९।९।१५ मा भएको निर्णयका आधारमा परेको निवेदनमा मिति २०४२।११।१ को तोकादेश निर्णयअनुसार भाइचा महर्जनले भूमि सुधार कार्यालय, ललितपुरबाट मोहीको प्रमाणपत्र लिएको अवस्था देखिन्छ । सोही विषयमा भूमि सुधार कार्यालयको मिति २०३९।९।१५ गतेको फैसला बदर गरिपाउँ भनी दायर गरेको मुद्दामा जित गोविन्द भन्ने कृष्ण गोविन्द महर्जनलाई सोही कित्ताको मोही हकको प्रमाणपत्र दिई हाल उक्त जग्गाको मोही महलमा निजको नाम कायम रहेको अवस्थामा सो कार्यलाई अन्यथा भन्न नसकिने र मोही नामसारी हुन सक्ने अवस्था नदेखिँदा वादी दाबी पुग्न नसक्ने भनी मिति २०६९।११।२० मा भूमि सुधार कार्यालय, ललितपुरबाट भएको फैसला मिलेकै देखिँदा सो फैसला सदर हुने ठहर्छ भनी पुनरावेदन अदालत पाटनबाट मिति २०७०।१०।१२ मा भएको फैसला अन्तिम भई बसेको अवस्थासमेत रहे भएको देखिएबाट भोग बन्धकी लिएको कुरा प्रमाणित भएको छैन भन्ने पुनरावेदन जिकिर मनासिब देखिन नआउने ।

गुठी संस्थान ऐन, २०३३ को दफा २७ मा गुठी जग्गामा खास जोताहा किसानले प्रचलित कानूनबमोजिम मोहियानी हक पाउने छ भन्ने कानूनी व्यवस्था रहेको र ऐ. ऐनको दफा २७(क) मा गुठीको कुनै निश्चित काम गरेबापत जोती भोग गर्न पाउने रकमीले त्यस्तो जग्गामा मोहियानी हक पाउने छैन भन्ने व्यवस्था भएकोमा सो व्यवस्था २०४९।१०।५ मा भएको दोस्रो संशोधनबाट थप भएको देखिन्छ । दफा २७ मा भएको कानूनी व्यवस्थाको अधीनमा रही भूमि सुधार कार्यालय ललितपुरको मिति २०३९।९।१५ गतेको फैसलाका आधारमा २०४२।११।१ मा साबिक मोही चन्द्रबहादुर श्रेष्ठको नामको मोही लगत कट्टा भई प्रत्यर्थी भाइचा महर्जनले मोहीको प्रमाणपत्र पाएको देखिन्छ । तत्काल प्रचलित गुठी संस्थान ऐन, २०३३ अनुसार जग्गावालाको प्राप्त भइसकेको हकलाई पछि २०४१ सालमा भएको संशोधनबाट असर पार्न नसक्ने हुँदा रिट निवेदकको मागअनुसार आदेश जारी गर्न मिल्दैन भनी (ने.का.प.२०४३, अङ्क ७, नि.नं.२७९१, पृ.६८५) सम्मानित सर्वोच्च अदालतबाट सिद्धान्तसमेत प्रतिपादन भएको देखिन्छ । यसरी कानूनी व्यवस्था तथा सम्मानित सर्वोच्च अदालतबाट प्रतिपादन भएको

सिद्धान्तसमेतका आधारमा गुठी संस्थान ऐन, २०३३ को दफा २७ बमोजिम प्राप्त गरिसकेको हकलाई २०४९ सालमा थप भई आएको संशोधित कानूनी व्यवस्थाले असर पार्न सक्ने अवस्था नदेखिने।

अत: उल्लिखित तथ्य एवं प्रमाणको विश्लेषण, प्रचलित कानून व्यवस्था तथा सम्मानित सर्वोच्च अदालतबाट प्रतिपादन भएको सिद्धान्तसमेतका आधारमा गुठी संस्थान ऐन, २०३३ को दफा २७(क) मा पछि भएको संशोधित व्यवस्थाअनुसार मोही महलमा जनिएको नाम कट्टा गरी गुठी तैनाथी कायम हुने ठहऱ्याएको गुठी संस्थान केन्द्रीय कार्यालयको मिति २०६८।४।९ को निर्णय मिलेको नदेखिँदा बदर गरिदिएको छ। पुनरावेदक जित गोविन्द भन्ने कृष्ण गोविन्द महर्जनको मोही हक यथावत् कायम हुने ठहर्छ भनी पुनरावेदन अदालत पाटनले मिति २०७०।१०।१२ मा गरेको फैसला मिलेकै देखिँदा सो फैसला सदर हुने।

इजलास अधिकृत : जनक सिंह बोहरा

कम्प्युटर : चन्द्रा तिमल्सेना

इति संवत् २०७६ साल मङ्सिर ३ गते रोज ३ शुभम्।

२

मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.श्री पुरूषोत्तम भण्डारी, *०७२-CR-०६१३, वैदेशिक रोजगार, नेपाल सरकार वि. आनन्द पराजुलीसमेत*

मिति २०७०।४।२२ मा वैदेशिक रोजगार न्यायाधिकरणबाट फैसला भएको संवत् २०६८ सालको ४५/२१८ नं. को मुद्दा यसै मुद्दाका जाहेरवालाले मिति २०६८।५।२६ मा दिएको जाहेरी दरखास्तबाट उठान भएको र सोको प्रमाणको रूपमा जाहेरवालाहरूसमेत तीन भाइ खिमबहादुर, देवानन्द र टेकबहादुरलाई अमेरिका पठाइदिने भनी पति विष्णु थापा र पत्नी शान्ता थापाले धनराज थापासँग २५ लाख ६६ हजार लिएको भन्नेसमेत बेहोराको मिति २०६७।१०।२५ मा भएको लिखत पेस भएको छ। सो मुद्दाको जाहेरी दरखास्त र उसैसाथ पेस भएको लिखतमा आनन्द पराजुलीको नाम कतै उल्लेख भएको पाइँदैन । त्यसैगरी, यस मुद्दाको उठान उल्लिखित अघिल्लो मुद्दाकै जाहेरवाला खिमबहादुर र देवानन्दले मिति २०६८।६।२९ मा दिएको जाहेरी दरखास्तबाट भएको र सोको प्रमाणस्वरूप उनै खिमबहादुर, देवानन्द र टेकबहादुरलाई अमेरिका पठाइदिन भनी आनन्द पराजुलीले तीन जनाबाट १३ लाख ५० हजार रूपैयाँ बुझिलिएको भनी मिति २०६७।१०।२७ मा गरिदिएको लिखत पेस भएको पाइन्छ । यस मुद्दाको जाहेरी दरखास्त र सोसाथ पेस भएको लिखतमा प्रतिवादी विष्णु थापाको नाम कहीँकतै उल्लेख भएको पाइँदैन । दुवै थान जाहेरी दरखास्त र सोसाथ पेस भएका लिखतमा यी दुई प्रतिवादीहरू प्रत्यक्ष रूपमा जोडिन पुगेका छैनन्। दुवै मुद्दाहरूमा अघिल्लो जाहेरी दरखास्त र सोसाथै पेस भएको लिखतमा नाम उल्लेख नभएका प्रतिवादी आनन्द पराजुली तथा पछिल्लो जाहेरी र लिखतमा नाम उल्लेख नभएका प्रतिवादी विष्णु थापा एउटै प्रयोजनको लेनदेनमा अन्तरसम्बन्धित रहेको भन्ने तथ्य दुवै मुद्दाको छानबिन हुँदै जाँदा खुलेको देखिन आयो । पहिलो जाहेरीबाट उठान भएको मुद्दामा आनन्द पराजुली प्रतिवादी नभए पनि सो मुद्दामा प्रतिवादी रहेका विष्णु थापाले गरेको

बयानबाट यी जाहेरवालाहरूलाई अमेरिका पठाउन भनी आनन्द पराजुलीसँग आफूले १७ लाख लिएको कुरा स्वीकार गरेका छन् । उल्लिखित पछिल्लो जाहेरीबाट कारबाही प्रारम्भ भएको यस मुद्दामा सोही प्रयोजनको लागि आफूले जाहेरवालाहरूसँग लिएको सबै रकम विष्णु थापालाई बुझाएको भनी आनन्द पराजुलीले बयान गरेबाट समेत यी दुई मुद्दाको अन्तरवस्तु र प्रयोजन एउटै भएको तथा प्रतिवादीहरू विष्णु र आनन्दको रकम लेनदेन कारोबारको आपसी संलग्नता र साँठगाँठ पुष्टि हुन आएको छ। उनै व्यक्तिहरू एकै समयमा एउटै देशमा जानका लागि फरकफरक तरिकाले दुई अलग अलग व्यक्तिसँग सम्झौता गरी लेनदेन गर्नुपर्नाको औचित्यपूर्ण, विश्वसनीय र वस्तुनिष्ठ कारण के थियो भनी जाहेरीमा उल्लेख भएको बेहोरा र मुद्दाको अनुसन्धानको क्रममा समेत खुलेको देखिन आउँदैन र दुवै लिखतको अलग अलग प्रयोजन पुष्टि हुने अन्य परिस्थिति पनि देखिँदैन। तसर्थ, दुवै थान जाहेरीसँग पेस हुन आएका दुई दिनको फरक पारी मिति २०६८।१०।२५ र मिति २०६८।१०।२७ मा फरकफरक व्यक्तिसँग फरकफरक लिखत गरेको देखिए तापनि यी दुई लिखतको बेहोरा, प्रयोजन र सरोकारवाला एकै भएको र यी दुई प्रतिवादीहरू सोही कार्यमा अन्तरसम्बन्धित र आपसी रूपमा संलग्न रहे भएको देखिँदा एउटै प्रयोजनको निमित्त बनेका यी दुई लिखतको स्वतन्त्र अस्तित्व रहेको भनी विश्वस्त हुन सकिने अवस्था नदेखिने।

प्रतिवादी आनन्द पराजुलीले जाहेरवालाहरू खिमबहादुर थापा, टेकबहादुर थापा र देवानन्द बरालसँग निजहरूलाई वैदेशिक रोजगारीको लागि अमेरिका पठाउन भनी प्रतिव्यक्ति रू.४,५०,०००।– का दरले आफूले बुझिलिएको सबै रकम विष्णु थापालाई बुझाएको भनी बयान गरेको र प्रतिवादी विष्णु थापाले समेत यी तीन जनालाई अमेरिका पठाउनको लागि आफूले आनन्द पराजुलीबाट १७ लाख बुझिलिएको भनी उल्लिखित अघिल्लो मुद्दामा स्वीकार गरेको अवस्था छ । यी जाहेरवालाहरूले सोही विषयमा जाहेरी दिई वैदेशिक रोजगार न्यायाधिकरणमा मुद्दा चली फैसला हुँदा प्रतिवादी विष्णु थापालाई कसुरदार ठहर गरी जाहेरवालाहरूले बुझाएको रकम र हर्जाना फिर्ता पाउने भनी फैसला नै भइसकेको अवस्था रहेको र माथि विवेचना गरिएका आधार एवं कारणबाट यी दुई लिखतको उल्लङ्घन गरी भएका वारदात अलगअलग हुन् भन्ने पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन जिकिर र विद्वान् उपन्यायाधिवक्ताले बहसको क्रममा लिनुभएको जिकिरसँग सहमत हुन सकिएन । उल्लिखित दुई अभियोगपत्रमा जिकिर लिइएका वारदातहरूले अलगअलग अस्तित्व बोकेको नभई दुवै लिखतको प्रयोजन एउटै भएकोले उल्लिखित दुई लिखतको जिरियाबाट उत्पन्न वारदात पनि एकै भएको देखिन आयो । जुन वारदातमा वैदेशिक रोजगार न्यायाधिकरणबाट मिति २०७०।४।२२ फैसला हुँदा प्रतिवादी विष्णु थापालाई कसुर कायम गरी सजाय भई जाहेरवालाहरूले आफ्नो रकम र क्षतिपूर्तिसमेत भरिपाउने गरी ठहर फैसला भइसकेको देखिन्छ। कुनै एउटा कसुरमा कुनै एक प्रतिवादीलाई एक पटक सक्षम अदालतबाट सजाय भइसकेपछि

उही प्रतिवादीलाई उही कसुरमा पुन: सजाय गर्नु फौजदारी विधिशास्त्रको सिद्धान्तविपरीत हुन जाने।

तसर्थ, एकपटक कारबाही भइसकेको विषयलाई पुनरावृत्ति गरी एउटै तथ्यमा यो मुद्दा दर्ता भई आएको देखिँदा उही वारदातमा उनै प्रतिवादीलाई पुन: कसुर कायम गरी सजाय गर्न नमिल्ने भएकाले अभियोग मागदाबी पुग्न नसकी प्रतिवादीहरू आनन्द पराजुली र विष्णु थापाले आरोपित कसुरबाट सफाइ पाउने ठहर्छ भनी वैदेशिक रोजगार न्यायाधिकरणबाट मिति २०७१।१२।३० मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : ताराप्रसाद डाँगी

कम्प्युटर : चन्द्रावती तिमल्सेना

इति संवत् २०७६ साल श्रावण १५ गते रोज ४ शुभम्।

इजलास नं.१२

१

मा.न्या.श्री तेजबहादुर के.सी. र मा.न्या. श्री सुष्मालता माथेमा, *०७७-WH-०१३७, बन्दीप्रत्यक्षीकरण, रामबहादुर वाइवा वि. काठमाडौं जिल्ला अदालतसमेत*

निवेदकउपर साबिक मुलुकी ऐनअन्तर्गत मुद्दा चलेको भए तापनि मिति २०७५।८।२५ मा फैसला हुनुभन्दा अगाडि नै केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ ले तत्कालीन मुलुकी ऐनलाई खारेज गरेको अवस्थामा हाल प्रचलित कानूनी व्यवस्थाविपरीत काठमाडौं जिल्ला अदालतको मिति २०७७।८।५ को गैरकानूनी आदेश र कैदी पुर्जी बदर गरी बन्दीप्रत्यक्षीकरणको रिट जारी हुनुपर्दछ भन्ने निवेदक जिकिरतर्फ विचार गर्दा, निवेदकउपर तत्कालीन मुलुकी ऐन, २०२० को चोरीको महलको १२ नं. अन्तर्गत मुद्दा चली सोही ऐनअनुसार काठमाडौं जिल्ला अदालतबाट मिति २०७५।८।२५ मा फैसला भएको देखिन्छ। मिति २०७५।०५।०१ देखि लागु भएको हाल प्रचलित फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ५ मा **"कुनै कसुरका सम्बन्धमा कसुर गर्दाका बखतभन्दा सजाय निर्धारण गर्दाका बखत कानूनबमोजिम घटी सजाय हुने रहेछ भने घटी सजाय हुने गरी निर्धारण गर्नुपर्ने छ।"** भन्ने कानूनी व्यवस्थाका साथै केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९(२) (ख) मा **"...कुनै फौजदारी कसुरको सजाय मुलुकी अपराध संहितामा लेखिएभन्दा बढी रहेछ भने मुलुकी अपराध संहितामा लेखिएको हदसम्म मात्र सजाय हुनेछ।"** भन्ने कानूनी व्यवस्था रहेको पाइन्छ। हाल प्रचलित मुलुकी अपराध संहिता, २०७४ को दफा २४२(२) बमोजिम चोरीमा अधिकतम जरिवाना रू.३०,०००।– सम्म हुने व्यवस्था रहेको छ। उक्त व्यवस्थाबमोजिम निवेदकलाई ३ वटा चोरी मुद्दामा रू.३०,०००।– का दरले जम्मा रू.९०,०००।- जरिवाना हुने देखिन्छ। यसरी जरिवानाबापत कैद गर्दा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १६१(२) बमोजिम दिनको रू.३००।- का

दरले कट्टा गर्दा यी निवेदकलाई १० महिना कैद सजाय हुने ।

यी निवेदक मिति २०७४।९।२ देखि थुनामा रहेकामा निजलाई लागेको कैद मिति २०७५।३।१ मा भुक्तान भई मिति २०७५।३।२ देखि हालसम्म जरिवानाबापत थुनामा रहेकोमा उल्लेखित कानूनी व्यवस्थानुसार मिति २०७५।३।२ मा जरिवानाबापत थुनामा बस्नुपर्ने अवधि १० (दश) महिना थप गर्दा निवेदकको मिति २०७६।१।१ मा जरिवानाबापतको कैदसमेत भुक्तान भई निज थुनाबाट छुट्नुपर्ने देखिँदा काठमाडौं जिल्ला अदालतले मिति २०७७।०४।१८ मा कैद ठेकिएको कैदी पुर्जी संशोधन गरिरहनुपरेन भन्ने काठमाडौं जिल्ला अदालतको मिति २०७७।८।५ को आदेश मिलेको नदेखिने ।

यी निवेदक रामबहादुर वाइवाले मिति २०७६।१।२ गतेदेखि नै जरिवानाबापतको कैदसमेत भुक्तान गरिसकेको देखिँदा निजलाई सोअनुसारको संशोधित कैदी पुर्जी दिई निजलाई अन्य कुनै मुद्दामा थुनामा राख्नु नपर्ने भए आजै थुनाबाट मुक्त गरिदिनु भनी काठमाडौं जिल्ला अदालतमा लेखी पठाइदिनू भनी बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिएको ।

इजलास अधिकृत: माधव भण्डारी / सदिक्षा नेपाल
कम्प्युटर: प्रेमबहादुर थापा
इति संवत् २०७७ साल मङ्सिर २४ गते रोज ४ शुभम् ।

रायबाझी फैसला

मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.श्री डम्बरबहादुर शाही, *०७१-CI-०९७९, धर्मलोप, भरतलाल न्याछ्यो वि. लक्ष्मी न्याछ्यो*

कि.नं. ७८६ को जग्गा निजी गुठीको जग्गा भई अक्षयकोष राखी उक्त जग्गा २०५५।१२।२६ मा रैकर परिणत भएको तथ्यमा दुवै पक्षको मुख मिलेको पाइन्छ । उक्त रैकर परिणतको बेहोरा हेर्दा गुठीको कि.नं. ७८६ को जग्गाको न्यूनतम मूल्याङ्कनबमोजिमको रकम अक्षयकोष खडा गरी अक्षयकोष रू.६७५३९१- मिति २०५५।१२।२६ मा बैंकको मुद्दती खातामा जम्मा गरी ब्याज मात्र झिक्न पाउने तथा उक्त अक्षयकोषसँग सट्टापट्टा गरी जग्गा रैकर परिणत गर्ने र गुठीको लगत कट्टा गर्ने भन्ने देखियो । प्रकाशमणी शर्मा विरूद्ध नेपाल सरकार, मन्त्रिपरिषद् सचिवालयसमेत भएको उत्प्रेषण परमादेशसमेतको रिट निवेदनमा यस अदालतको पूर्ण इजलासबाट मिति २०६४।१०।१० मा भएको आदेश (ने.का.प. २०६४, नि.नं.७८८५) ले गुठीको जग्गा अक्षयकोष राखी सट्टापट्टा रैतान परिणत गर्न नपाइने भनी आदेश भएका मितिपश्चात् मात्र प्रभावी (Prospective Overruling) हुने गरी सिद्धान्त प्रतिपादन भएकोले २०५५ सालमा नै अक्षयकोष राखी गुठीको जग्गा रैकर परिणत भएकोलाई भने प्रतिकूल असर पारेको देखिएन । यसरी उक्त आदेशसमेतले मिति २०६४।१०।१० अघि गुठीको जग्गा अक्षयकोष राखी रैकर परिणत सट्टापट्टा गरेको काम कारबाहीलाई वैधता प्रदान गरेको र कि.नं. ७८६ को जग्गामा मिति २०५५।१२।२६ मा रैकर परिणत भएतर्फ वादी प्रतिवादी दुवै पक्षको मुख मिलेको र मिति २०६४।१०।१० अघि अक्षयकोष राखी रैकर परिणत गर्ने कार्यले कानूनी वैधता नै पाउने देखिएकोबाट त्यसतर्फ थप केही बोलिरहनु

नपर्ने।

प्रतिवादी लक्ष्मी न्याछ्योसमेतले नै रैतान परिणत गर्ने बखत निज दर्तावाल गुठियारबाहेकका न्याछ्यो परिवारका अन्य व्यक्तिहरूलाई समेत गुठियार स्वीकार गरेकोमा पछि दर्तावालाबाहेक अन्य माथि उल्लिखित व्यक्तिहरूलाई गुठियार नै होइनन् भनी अस्वीकार गर्नुको आधार प्रमाण प्रतिवादीले पेस गरेको देखिँदैन । गुठी स्थापना गर्दाका सन्तती / हकदार दर्तावाल गुठियार मात्र भएको भनी प्रमाणबाट प्रतिवादीले पुष्टि नगरेको र भरतलाल न्याछ्योसमेतलाई गुठियार स्वीकार गरी रैकर परिणत गरेकोमा हाल आएर दर्तावालबाहेकका अन्य गुठियारको अस्तित्व नै अस्वीकार गरिएको कथन वा भए गरिएका काम कार्यमा एकरूपता देखिएन । विबन्धनको सिद्धान्तले कसैलाई पनि परस्पर विरोधी कुरा गर्ने अधिकार दिँदैन। आफूलाई फाइदा हुँदा एउटा कुरा र बेफाइदा हुँदा अर्को कुरा गर्ने छुट कसैलाई हुँदैन । वचनबद्धता वा तथ्यमा अडिगता नहुने व्यवहार वा काम कारबाहीका विरूद्ध विबन्धनको सिद्धान्त आकर्षित हुन्छ। अत: भरतलाल न्याछ्योसमेतलाई प्रतिवादी स्वयंले गुठियार स्वीकार गरिरहेको देखिएकोले हाल आएर वादी न्याछ्यो परिवारका भरतलालसमेत गुठियार नै नरहेको र दर्तावाल मात्र गुठियार रहेको भन्ने जिकिर परस्पर विरोधी देखिँदा विवन्धनको सिद्धान्तविपरीतका कथन प्रमाण ऐन, २०३१ को दफा ३४ विपरीत हुने देखिन आयो। माथि विवेचित आधारमा दर्तावाल देखिएका पुष्पबहादुर र लक्ष्मी न्याछ्यो मात्र गुठी राख्नेको सन्तान / हकदार रहेको पुष्टि नभएको तथा भरतलाल न्याछ्योसमेत गुठियार देखिएको र रैकर परिणत हुनुअघि वा रैकर परिणतपश्चात् कुनै लिखतको माध्यमबाट अन्य गुठियारको हक टुटेको नदेखिएकोबाट दर्तावाल गुठियार मात्र गुठियार वा गुठी संस्थापकको हकवाला भनी मान्न नसकिने।

अब कसले अक्षयकोष राखेको हो र रैकर जग्गामा कसको हक हुने भन्नेतर्फ हेर्दा दर्तावाल गुठियार पुष्पबहादुर न्याछ्यो र लक्ष्मी न्याछ्योसमेतले मिति २०५५।१२।७ मा मालपोत कार्यालयमा दिएको निवेदन हेर्दा कि.नं. ७८६ को क्षे.फ. ३-८-३-२ जग्गाको आयस्रोतबाट आँगमाजुको पूजाआजा गर्न नसकिएकोले रजिस्ट्रेसन प्रयोजनको **"न्यूनतम मूल्य"** अनुसार अक्षयकोष खडा गरी ब्याजबाट पूजाआजा निरन्तर रूपमा सञ्चालन गर्न गुठियारको मन्जुरी भएकोले निजी गुठी कट्टा गरी रैकर परिणत गरिपाउँ भन्ने छ। उक्त बेहोरामा अक्षयकोष राख्ने रकम प्रतिवादी लक्ष्मी न्याछ्यो र पुष्पबहादुरले निजी तवरले अक्षयकोषको रकम राखेको भन्ने देखिँदैन । मिति २०५५।१२।२५ को गुठियारको बैठकमा आँगमाजुको नियमित पूजाआजा गर्न कि.नं. ७८६ को आयस्ताले नपुग भएकोले सो जग्गाको सट्टा नगद रू.६७५३९१ । ज.ध. पुष्पबहादुर न्याछ्यो र लक्ष्मी न्याछ्योको नाउँमा अक्षयकोष खडा गरी प्राप्त ब्याजबाट पूजा चलाउने र उक्त जग्गा रैकरमा परिणत गर्ने निर्णयसम्म गरेको देखिन्छ । सोही निर्णयअनुरूप मिति २०५५।१२।२६ गते अक्षयकोष राखी सट्टापट्टा गरी रैकर परिणत भई गुठियारको निर्णय नै कार्यान्वयन भएको पाइने।

दर्तावालले निजी रकम दिएको हो वा रैकर

परिणतपश्चात् निज दर्तावालहरू मात्रको हक हुने बेहोराको पुष्ट्याइँ न त गुठियारको बैठक वा न त सट्टापट्टाको लिखतबाट पुष्टि भएको छ। रैकर परिणत हुँदाको दिनमा नै वादी दाबीबमोजिमको कि.नं. ७८६ कित्ताकाट भई कि.नं. ७९९ रो.०-१२-०-० जग्गा मात्र नानीबहादुर सुनुवार र नीलकुमारी राईलाई हालैको बकसपत्रमार्फत हक हस्तान्तरण भएको छ। सो जग्गा बिक्री गरी अक्षयकोष राखेको भन्ने वादीको कथन रहेको छ। साथै यसै लगाउको ०७१-CI-०९७८ (वादी पुष्पबहादुर न्याछ्योको मु.स. गर्ने अनुपबहादुर न्याछ्यो र प्रतिवादी अशोककुमारी पुनसमेत भएको मुद्दा कित्ताफोड) को प्रतिउत्तर हेरिएमा कि.नं. ७८६ को क्षे.फ.३-८-३-२ जग्गामध्ये ०-४-० (कि.नं. ८०० केवलबहादुर लामा) लाई दिइएको, रो.०-१२-० जग्गा (कि.नं. ७९९ को जग्गा नानीबहादुर सुनुवार र नीलकुमारी राई) सामूहिक निर्णयबाट बिक्री गरी सो रकम बैंकमा जम्मा गरिएको र सोही कित्ताकाटमध्येको कि.नं.८०१ बाटो कायम गरिएको र कि.नं. ८०२ जग्गा जग्गा गुठिकै हुने गरी साबिक दर्तावाला गुठियारकै नाममा राखिएकोले पीता पुष्पबहादुर न्याछ्यो र लक्ष्मी न्याछ्योको नाममा राखिएको कारणले मात्र हाम्रो आफूखुस गर्न पाउने जग्गा होइन भनी वादी दाबी समर्थन गरेको पाइन्छ। अक्षयकोष दर्तावाल आफूहरूले मात्र नराखेको भनी निज गुठीयार स्व. पुष्पबहादुर न्याछ्योको हकदारले आफ्नो हित प्रतिकूल र गुठीको हितमा व्यक्त गरेको उल्लिखित कथनलाई अन्यथा मान्नुपर्ने देखिँदैन। मिति २०६३।८।६ मा भएको न्याछ्यो गुठीको कार्यकारणी समितिको बैठकको निर्णय नं. २ हेरिएमा वडा नं.१४ नखिपोटमा रहेको पुष्पबहादुर न्याछ्यो र लक्ष्मी न्याछ्योको संयुक्त नाममा रहेको जग्गाबारे छलफल हुँदा **लक्ष्मी न्याछ्योले एक रोपनी जग्गा माग गरेकोमा सो सम्बन्धमा आगामी बैठकमा निर्णय गर्ने निर्णय गरियो भन्ने निर्णयमा प्रतिवादी लक्ष्मी न्याछ्योले हस्ताक्षर गरेको** देखिँदा उक्त दाबीको जग्गामा दर्तावालको मात्र हक रहेको भन्ने प्रतिउत्तर जिकिर प्रतिवादीको व्यवहार प्रमाणबाट समेत खण्डित भएको पाइने।

विवेचित आधारमा दर्तावाल गुठियारमध्ये स्व. पुष्पबहादुरको हकदारले पनि कि.नं. ७९९ को जग्गा बिक्री गरी अक्षयकोष राखेको स्वीकार गरेको, गुठीको कार्यकारणी समितिको बैठकमा प्रतिवादी लक्ष्मी न्याछ्योले दाबीको जग्गाबाटै १ रोपनी जग्गा माग गरेको देखिएको, दर्तावाल लक्ष्मी न्याछ्योले अक्षयकोषको रकम निजले जम्मा गरेको देखिने कुनै आधिकारिक स्रोतबाट पुष्टाइँ हुन नसकेको, गुठीको जग्गा रैकर परिणत हुँदाको दिनमा नै बकसपत्र लिखत भएकोमा गुठी जस्तो संस्थालाई कसरी रिझगुन गरेको हो प्रतिउत्तरबाट नखुलेको, कुनै लिखत प्रमाणसमेतबाट हकदारको हक हस्तान्तरण भएको पुष्टि नभएको अवस्थामा दर्तावाल गुठियारले मात्र अक्षयकोष राखेको होला भनी अनुमान गर्न मिलेन। दर्तावालको मात्र एकलौटी हुने कुराको जिकिर प्रतिवादीले लिएकोमा सो कुराको पुष्टाइँ गर्ने भार प्रमाण ऐन, २०३१ को दफा २७ बमोजिम प्रतिवादीको हुनेमा सोअनुरूप आफ्नो जिकिर पुष्टाइँ गर्न सकेको नपाइने।

कि.नं. ७८६ कित्ताकाट भई कायम कि.नं. ७९९ र ८०० को जग्गा हक हस्तान्तरण

भएतर्फ वादी दाबी नदेखिँदा सोतर्फ केही बोली बोलिरहनु परेन । साथै कि.नं. ८०१ को जग्गा बाटो कायम भएको देखियो । कि.नं. ८०२ को जग्गामा निजी गुठी जग्गाको प्रकृति हेरफर गरी रैकर परिणत गरेको देखिए तापनि दर्तावालले मात्र रकम दिई अक्षयकोष राखी दर्तावाल मात्रको हुने गरी स्वामित्व स्थापित हुने कुराको वस्तुनिष्ठ प्रमाण पेस गर्न नसकेको अवस्थामा अनधिकार, अस्पष्ट, द्विविधायुक्त, विरोधाभाष तथ्यको फाइदा दर्तावाल पक्ष प्रतिवादीले लिन र गुठी हितविपरीत प्रयोग हुन सक्तैन । अत: बहुसंख्यक गुठियारहरूले रैकर परिणत भए पनि दाबीको कि.नं. ८०२ को जग्गा गुठीको जग्गा हो कथन अन्यथा नदेखिएको तथा पूर्ववत् हकदारहरूले हक हस्तान्तरण गरेको पुष्टि नभएबाट कि.नं. उक्त कि.नं. ८०२ मा दर्तावाल वा प्रतिवादीको मात्र एकलौटी हक अधिकार कायम रहेको मान्न नसकिने ।

न्याछ्यो प्रतिष्ठानलाई फिराद गर्ने हक छ, छैन भन्ने दोस्रो प्रश्नमा विचार गर्दा गुठियारहरू प्रचण्डधर न्याछ्यो, पुष्पबहादुर न्याछ्यो, नरेन्द्रबहादुर न्याछ्यो, मोहन गोपाल न्याछ्यो, रविनमान न्याछ्यो, भरतलाल न्याछ्यो र लक्ष्मी न्याछ्योको मिति २०५५।१२।२५ को बैठकले रैकर परिणत गर्ने निर्णय गरेबमोजिम कि.नं. ७८६ को जग्गा रैकर परिणत भएको र कि.नं. ७८६ कि.का. भई बाँकी रहेको कि.नं. ८०२ को जग्गामा रैकर परिणत गर्ने सबै हकदारहरूको समेत यथावत् हक रहेको देखिएको छ । कि.नं. ७९९ जग्गा बिक्री गरी अक्षयकोष राखिएको भन्ने वादीको भनाइरहेकोमा अक्षयकोषको रकम दर्तावाल वा अन्य हकदारले राखेको पुष्टाइँ नभएबाट अनुचित तवरले गुठी संस्था (Entity) लाई नोक्सानी पार्ने, आफूलाई व्यक्तिगत फाइदा लिने, तथ्यगत वास्तविकता ढाँट्ने वा जुनसुकै तवरले अनधिकार वा गुठीको हितविपरीतको कार्य रोक्ने वा हक हनन भएकोमा हक पुनर्स्थापना गराउनेसमेतको दायित्व सम्बन्धित गुठियार वा सञ्चालकको हो । उक्त कि.नं. ८०२ रैकर परिणत जग्गा देखिन आए तापनि उक्त लक्ष्मी न्याछ्योबाहेकका भरतलालसमेतका अधिकांश गुठियारहरूले गुठीको जग्गा हो भनी गुठीको पूजाआजा वा गुठी सञ्चालनमा प्रयोग गर्न चाहेको तथ्य फिरादी बेहोरासमेतका कागजातबाट देखिन आउँछ । हितग्राहीको हित प्रतिकूल वा गुठीको उद्देश्यविपरीत हुने गरी गुठीको सम्पत्ति हिनामिना नास्न मास्न नदिनु वा कुनै किसिमले नोक्सानीबाट बचाउ गर्ने कार्यबाट गुठियार हकदार / सञ्चालकहरू पन्छिन मिल्दैन । गुठीको हित हुने गरी सञ्चालन, व्यवस्थापन, संरक्षणसमेतको सम्बन्धमा गुठियार हकदारले आपसी सल्लाह वा निर्णयबमोजिम गरेको कार्यलाई चुनौती दिने कानूनी आधार के हो प्रतिउत्तरबाट समेत नदेखिने ।

गुठी राख्ने संस्थापक दाताको उद्देश्यबमोजिम आँगमाजुको पूजा उल्लिखित गुठियारसमेतबाट नै नचलाएको भन्ने देखिँदैन । गुठी सम्पत्तिको सञ्चालन, व्यवस्थापन, संरक्षण, हेरविचार वा अन्य गुठी सम्बद्ध कार्य गर्ने सम्बन्धमा गुठी संस्थापनपत्र वा लिखतमा कुनै बेहोरा गुठी संस्थापकले गरेको भन्नेसमेत मिसिलबाट देखिँदैन । यसरी गुठी सञ्चालनसम्बन्धी कुनै बेहोरा मिसिल कागजातबाट नदेखिएको र गुठी राख्नेको

एकभन्दा सन्तान / हकदार रहेको अवस्थामा त्यस्ता गुठियार / हकदारहरूले सामूहिक निर्णयबाट गुठी सञ्चालनसम्बन्धी कुनै निर्णय गुठीको हितमा गरेसम्म उक्त निर्णय स्वाभाविक मान्नुपर्ने हुन्छ । गुठी रैकर परिणत गर्दा गुठियारहरूको बैठकबाट भएकोमा सहमत हुने प्रतिवादी लक्ष्मी न्याछ्योले गुठियारहरूको सामूहिक निर्णयबाट गठन भएको न्याछ्यो प्रतिष्ठानलाई गुठीको हितमा मुद्दा गर्ने अख्तियारी हुँदैन भनी जिकिर लिए पनि सोको कानूनसम्मत आधार पेस गरेको देखिँदैन । न्याछ्यो प्रतिष्ठानको विधान, २०५९ हेरिएमा न्याछ्यो कुलको धार्मिक, सामाजिक, आर्थिक, बौद्धिक तथा शैक्षिक विकास गर्ने, न्याछ्यो कुलका चल अचल सम्पत्ति तथा सम्पदाको संरक्षण सम्बर्द्धन तथा पुनर्निर्माण गर्ने गराउनेसमेतका उद्देश्य देखिएको छ । उक्त प्रतिष्ठान गुठियार वा निजका हकदारबाहेकका अन्य व्यक्तिले स्थापना गरेको भन्ने पनि देखिँदैन । मिति २०६२।१२।५ को न्याछ्यो प्रतिष्ठानको बैठक / महाधिवेशनले "न्याछ्यो प्रतिष्ठान २०५९" लाई वैधानिकतासमेत प्रदान गरेको छ । न्याछ्यो वंशको इष्टदेवताको संरक्षणसहित गुठीको चल अचल सम्पत्ति एवं सम्पदाको संरक्षणसहित धार्मिक सांस्कृतिक कार्य गर्ने उद्देश्य रहेको देखिने ।

न्याछ्यो गुठीको उद्देश्यअनुरूप वा समान वा परिपूरक उद्देश्य रहेको संगठित संस्थाले गुठीको हितमा फिराद दिने कार्यले गुठीको जीवन्तता र निरन्तरता नै दिने देखियो । गुठियार / हकदारहरूको वृद्धि, गुठी संस्थाको परिष्कृत अवस्था र सामाजिक परिवर्तनसँगै संगठित संस्थासमेत गुठी सञ्चालक हुन नसक्ने भन्ने होइन । यसै आवश्यकतालाई महसुस गरेर नै मुलुकी देवानी संहिता, २०७४ को दफा ३२७ मा समेत संगठित संस्था गुठी सञ्चालक हुन सक्ने कानूनी व्यवस्था गरेको छ । यसरी विद्यमान कानूनी व्यवस्थाबाटै संगठित संस्था गुठी सञ्चालक हुन सक्ने देखिएकोले गुठियारहरूले नै स्थापना र सञ्चालन गरी वैधता प्रदान गरेको संस्थाले साबिकदेखि चलिआएको गुठीलाई गुठीको हितमा फिराद दिनु अन्यथा देखिएन । अत: गुठियारबाटै स्थापना भएको र गुठीको उद्देश्यसँग मिल्दो संस्थाले गुठीको हित र गुठीको उद्देश्यलाई निरन्तरता र जीवन्तता प्रदान गर्न फिराद दिने कार्यलाई हकदैयाको अभाव भएको मान्न नसकिएबाट हकदैयाको अभावमा फिराद खारेज गरेको पुनरावेदन अदालत पाटनको मिति २०६९।५।१९ को फैसला मिलेको नदेखिने ।

अब प्रतिवादीले गरेको हक हस्तान्तरणको लिखतबाट धर्मलोप हुने हो, होइन भन्ने तेस्रो प्रश्नमा विचार गर्दा, मुलुकी ऐन गुठीको महलको ३ र ४ नं. मा गुठी राख्ने वा गुठी राख्नेको सन्तान / हकदारले गुठीको दानपत्र शिलापत्रसमेतका लिखतबमोजिमको उद्देश्य पूरा गरी गुठी चलाउनुपर्ने र लिखतबमोजिमको कामसमेत नगरी धर्मलोप गर्न हुँदैन भन्ने कानूनी व्यवस्था रहेको छ । माथि विवेचित आधारमा प्रतिवादी लक्ष्मी न्याछ्योको एकलौटी निजी हक हुने गरी रकम तिरी रैतानी गरेको नदेखिएको तथा गुठीको बन्दोबस्त, अक्षयकोष राख्ने कार्य, अक्षयकोषको सञ्चालन, निजी गुठी रैकर परिणत गर्ने निर्णयसमेतका कार्यहरू भरतलाल न्याछ्योसमेतका गुठियारहरूको

सामूहिक निर्णयबाट भएको र कि.नं.७९९ बिक्री गरी प्राप्त रकम नै अक्षयकोष राखिएको भन्ने देखिँदा त्यस्तो अन्य गुठियार / हकदारको सहमति र मन्जुरी लिनुपर्ने प्रकृतिको जग्गालाई मिति २०६३।१०।२७ मा लक्ष्मी न्याछ्योले आफ्नै छोरीलाई मिति २०६२।१२।२१ मा र.नं. १८९२(ख) बाट हा.व.गरी दिएको देखियो । दाबीको कि.नं. ८०२ को जग्गामा दर्तावालाबाहेक अन्य हकदारको हक रहेको र निजहरूले उक्त जग्गा रैकर परिणत गराए पनि पटकपटक रैकर परिणत गर्न नपरोस् भनी आफूहरू जिम्मा रहने गरी गुठीको पूजाआजा सञ्चालनार्थ प्रयोग हुने गुठीकै जग्गा हो भनी आधिकांश गुठियारले स्वीकार गरिरहेको छन्। कि.नं. ७९९ को क्षे.फ. ०-१२-०-० जग्गा बिक्री गरी अक्षयकोष राखेको हो भन्ने भरतलालसमेतका गुठियार वादीहरूको कथन रहेकोमा वस्तुनिष्ठ तवरले दर्तावाल प्रतिवादीले खण्डन गर्न नसकेको र कि.नं. ८०२ को जग्गा गुठियारहरूकै जिम्मा राखेको तथ्य मिति २०६३।८।६ को गुठियारको बैठकमा १ रोपनी जग्गा माग गरेबाट पुष्टि भएकोले दाबीको कि.नं. ८०२ को जग्गा दर्तावाल प्रतिवादी लक्ष्मी न्याछ्योले रैकर परिणत भएको भन्ने आधारमा एकलौटी हक हस्तान्तरण गर्न नसक्ने हुँदा माथि विवेचित ७८८५ बमोजिम २०६४।१०।१० अघिको रैकर परिणत भएको भन्ने आधारमा मात्र हक हस्तान्तरण गर्न नमिल्ने।

रैकर परिणत भएको जग्गा कुनै एक पक्षले खण्डीकरण गरी हक हस्तान्तरण गर्ने र अर्को पक्षले गुठी जग्गा यथावत् राख्ने गरी गुठियारहरू नै विभाजित भै गुठीको सम्पत्ति नै खण्डित गरी विभिन्न रूप दिन मिल्ने हुँदैन । जग्गाको स्रोत नै गुठी देखिएको र गुठीको उद्देश्य लोप गर्ने कार्य गुठीको मान्यता र अवधारणाविपरीत हो। हकदारले स्पष्ट बेहोरा र उचित कानूनी प्रक्रिया पूरा गरी हक हस्तान्तरण नगरेसम्म निजहरूको दाबीको जग्गामा हक गुमेको भन्न नमिल्ने भई निजहरूको सहमति मन्जुरी विना दर्तावालले मात्र हक हस्तान्तरण गरेको देखिँदा उक्त कार्य दूषित देखिन आएकोले वैधता प्राप्त गर्न सक्ने देखिएन । दाबीको जग्गालाई रैकर परिणत गराए पनि गुठीकै उद्देश्य र हितमा उपयोग हुनुपर्ने कुरामा अधिकांश गुठियार / हकदारको सहमति नै देखिएकोमा सोविपरीत गुठीको उद्देश्य र हितविपरीत गुठीको जीवन्तता र निरन्तरतामा असर पर्ने गरी प्रतिवादीले दाबीको जग्गा हक हस्तान्तरण गरेको देखियो । अघिदेखि चली आएको आँगमाजुको पूजाआजा गुठियारले थिति बन्देजअनुसार गुठियारको मन्जुरी र सहमतिमा आवश्यक बन्दोबस्त मिलाई गुठीको निरन्तरता र जीवन्ततालाई अक्षुण्ण राख्नुपर्नेमा दर्तावाला भएकै आधारमा आफ्नो हकको भनी अनुचित लाभ लिने, नास्ने, मास्ने वा खण्डीकरण गर्ने कार्य गुठी अवधारणा, मान्यता र उद्देश्यविपरीत देखिने।

तसर्थ, दर्तावाल गुठियारमध्येकी लक्ष्मी न्याछ्योले आफ्नै छोरीलाई मिति २०६२।१२।२१ मा र.नं. १८९२(ख) बाट उक्त कि.नं. ८०२ को जग्गा हालैको बकसपत्र दिने कार्य मुलुकी ऐन, गुठीको महलको ३, ४, ६ र १३ विपरीत भई निज प्रतिवादी लक्ष्मी न्याछ्योले धर्मलोप गरेको देखिन आएकोले निजलाई गुठियारबाट निष्कासन हुनेसमेत ठहर्छ। वादी दाबी नपुग्ने ठहराएको सुरू ललितपुर

जिल्ला अदालत मिति २०६७।३।१५ को फैसला तथा वादी दाबी खारेज हुने ठहराई इन्साफमा असर नपरेको भनी सुरू फैसला सदर गरेको पुनरावेदन अदालत पाटनको मिति २०६९।५।१५ को फैसला मिलेको नदेखिँदा उल्टी हुने।

<u>माननीय न्यायाधीश श्री डम्बरबहादुर शाहीको राय</u>

कि.नं. १३० र १३३ का जग्गाबाट कित्ताकाट हुँदै पछिल्लो समय कि.नं. १३० मध्येको कि.नं. ८०२ र कि.नं. १३३ मध्येको कि.नं. ७८४ को जग्गा उक्त गुठीका गुठियारमध्येका पुष्पबहादुर न्याछ्यो र लक्ष्मी न्याछ्योको नाममा संयुक्तरूपमा रहेकोमा उक्त गुठीको गुठियारहरूबीचको मिति २०५५।१२।२५ को बैठकले उक्त निजी गुठीको जग्गा रैकरमा परिणत गरी सोबाट प्राप्त रकम अक्षयकोषको रूपमा बैंकमा राखी उक्त रकमको ब्याजबाट उक्त गुठीको काम तथा पूजाआजा सञ्चालन गर्ने भनी भएको निर्णयानुसार मालपोत कार्यालयबाट नेपाल बैंक लिमिटेडमा पत्राचार गरी मिति २०५५।१२।२६ मा अक्षयकोषको रूपमा नेपाल बैंक लिमिटेडमा मुद्दती खाता खोली उक्त कि.नं.८०२ को क्षेत्रफल रोपनी २-४-३-२ जग्गाबापत कानूनबमोजिमको हुने रकमस्वरूप रू.६,७५,३९१।- अक्षयकोषमा जम्मा गरी सोही रकमको ब्याजबाट उक्त गुठीको पूजाआजा चलाउने व्यवस्था गरी उक्त कि.नं. ८०२ को जग्गाको सम्बन्धमा सोही मितिमा निजी गुठीबाट सट्टापट्टाको लिखत पारित गरी रैकरमा परिणत गरी उक्त जग्गाको निजी गुठीअन्तर्गतको प्रकृति परिवर्तन भई रैकर जग्गाको प्रकृतिमा निज पुष्पबहादुर न्याछ्यो र लक्ष्मी न्याछ्योको नाममा संयुक्तरूपमा दर्ता रहेको देखिने।

उक्त घटनाक्रमबाट निजी गुठीको सम्पत्तिको रूपमा उक्त गुठीका गुठियारमध्येका पुष्पबहादुर न्याछ्यो र लक्ष्मी न्याछ्योको नाममा संयुक्तरूपमा दर्ता रहेको उक्त कि.नं. ८०२ को जग्गाको हैसियत मिति २०५५।१२।२६ देखि निजी गुठीको लगतबाट कट्टा भई निजहरूको नाममा संयुक्तरूपमा रहेको रैकर जग्गाको स्वरूपमा स्वामित्व र प्रकृति दुवै परिवर्तन हुन पुगेको देखिन्छ । यसरी दाबीको कि.नं. ८०२ को जग्गाको हक / स्वामित्व निजी गुठीबाट परिवर्तन भई जग्गाधनी पुष्पबहादुर न्याछ्यो र लक्ष्मी न्याछ्योको नाममा संयुक्तरूपको निजी सम्पत्तिको रूपमा परिवर्तन भएको देखिन्छ। उक्त घटनाक्रम गुठी संस्थान ऐन, २०३३ मा उल्लिखित कानूनी व्यवस्थाकै अधीनमा रही भए गरिएको देखिएबाट दाबीको जग्गा निजी गुठीको जग्गाबाट रैकर जग्गामा परिवर्तन भएको विषयमा विवाद नरहने।

अब, यसरी प्रत्यर्थी / प्रतिवादी लक्ष्मी न्याछ्योसमेतको नामदर्तामा आएको निजसमेतको हक स्वामित्वको सम्पत्ति निजले आफूखुसी आफ्नी विवाहिता छोरी जयन्ती न्याछ्यो श्रेष्ठलाई आफ्नो हकहिस्साजति कानूनबमोजिम हालैदेखिको बकसपत्रको लिखत पारित गरी हक हस्तान्तरण गर्न नपाउने भन्ने नदेखिएकोले निजले कानूनबमोजिम हक हस्तान्तरण गरिदिएको उक्त सम्पत्तिको हक हस्तान्तरणको कार्यउपर प्रश्न उठाई बेसरोकारको व्यक्ति यी पुनरावेदक / वादीले फिराद गर्ने हकदैया

रहेको देखिँदैन । किनकि मुलुकी ऐन, अ.बं. को ८२. नं. मा **"...जसको जुन कुरामा हक पुग्छ उसले सो कुरामा दाबी गरी नालेस दिए मात्र लाग्छ"** भनी व्यवस्था भएको देखिन्छ। सोअनुसार हेर्दा; प्रत्यर्थी / प्रतिवादी लक्ष्मी न्याछ्योंले उक्त हक हस्तान्तरणको कार्य गुठियारको हैसियतबाट नगरी निजले आफूसमेतको नाउँमा कानूनबमोजिम हक प्राप्त हुन आएको निजी हक स्वामित्वको सम्पत्ति कानूनबमोजिम नै हक हस्तान्तरण गरेको र सो कार्यबाट २०५९ सालमा स्थापित न्याछ्यो प्रतिष्ठानका सचिवको रूपमा कार्यरत रहेको भनिएका यी पुनरावेदक / वादीको कुनै हक अधिकार उल्लङ्घन भए गरेको नदेखिएबाट उक्त कार्यलाई चुनौती दिई उक्त सम्पत्ति हकहस्तान्तरण गर्ने निज लक्ष्मी न्याछ्यो तथा निजको सम्पत्ति प्राप्त गर्ने निजकी विवाहिता छोरी जयन्ती न्याछ्यो श्रेष्ठसमेतका उपर फिराद दायर गर्न यी पुनरावेदक / वादीलाई कानूनले हकदैया प्रदान गरेको नदेखिने।

साथै; पुनरावेदक / वादी भरतलाल न्याछ्योले आफू न्याछ्यो प्रतिष्ठानको सचिव भएकोले सचिवको हैसियतले प्रस्तुत मुद्दाको फिराद दायर गरेको भनी फिरादपत्रमा उल्लेख गरेको पाइन्छ। निजसमेतका गुठियारहरूको उपस्थितिमा मिति २०५५।१२।२५ मा न्याछ्यो निजी गुठीका तर्फबाट उक्त गुठीको जग्गा रैकरमा परिणत गरी सोबाट प्राप्त हुने रकम अक्षयकोषको रूपमा बैङ्कमा जम्मा गरी उक्त अक्षयकोषको ब्याजबाट प्राप्त हुने रकमले उक्त गुठीको काम तथा पूजाआजा सञ्चालन गर्ने गराउने भन्ने निर्णय गरी सहमति दिई गुठियारहरूसमेतको निवेदनबमोजिम उक्त निर्णय भएको भोलिपल्ट नै मिति २०५५।१२।२६ मा उक्त गुठीको निम्ति बैंकमा अक्षयकोष स्थापना गर्ने र सोको लागि उक्त कि.नं. ८०२ को जग्गा सट्टापट्टा गरी निजी गुठीबाट रैकर जग्गाको रूपमा परिणत गरे गराएको देखिन्छ । यसरी उक्त निजी गुठीको गुठियारको हैसियतले भरतलाल न्याछ्योसमेतको उपस्थिति, सहमति र सहकार्यबाट मिति २०५५।१२।२५ मा निर्णय भई उक्त निर्णय कार्यान्वयनसमेत भइसकेको देखिँदा उक्त कामकारबाहीलाई लिई धर्मलोप भयो भनी प्रत्यर्थी / प्रतिवादीउपर आफ्नो व्यक्तिगत हैसियतबाट समेत प्रस्तुत मुद्दाको फिराद दायर गर्नका लागि निजलाई हकदैया रहेको देखिँदैन भने उक्त कामकारबाहीप्रति निज स्वयम् नै पनि जिम्मेवार रही विबन्धित रहेका देखिन्छन्। त्यसैगरी; २०५५ सालमा भएको उक्त निर्णय तथा कामकारबाहीबाट दाबीको कि.नं. ८०२ को जग्गामा न्याछ्यो गुठी वा न्याछ्यो प्रतिष्ठानसमेतको हक कायम नै नरहेपछि उक्त निर्णय तथा कामकारबाहीलाई लिई २०५९ सालमा स्थापित भएको न्याछ्यो प्रतिष्ठान तथा सोको सचिवको हैसियतबाट समेत प्रस्तुत मुद्दाको फिराद दायर गर्नका लागि निजलाई हकदैया रहेको देखिँदैन। तसर्थ; प्रस्तुत मुद्दाको फिराद दायर गर्न यी पुनरावेदक / वादीलाई हकदैया रहेको नदेखिने।

प्रत्यर्थी / प्रतिवादी लक्ष्मी न्याछ्योले दाबीको कि.नं.८०२ को जग्गा आफ्नी छोरी जयन्ती न्याछ्यो श्रेष्ठलाई हालैदेखिको बकसपत्रको लिखत पारित गरिदिँदाको अवस्थामा उक्त जग्गामा निज लक्ष्मी न्याछ्योको हक निजी गुठी जग्गाको गुठियारको हकको रूपमा नरही निजी गुठीबाट रैकरमा परिणत भइसकेको जग्गामा रहने प्रकृतिको

हक स्वामित्वको रूपमा रहेको देखिन्छ । न्याछ्यो गुठीको सम्पत्तिको रूपमा रहेको उक्त कि.नं. ८०२ को जग्गा रैकरमा परिणत गरी सोबाट प्राप्त रकमले अक्षयकोष खोली सोमा उक्त रकम जम्मा गरी उक्त रकमको आउने ब्याजले गुठी सञ्चालन गर्ने उद्देश्यले उक्त गुठीका गुठियारहरूबिचको मिति २०५५।१२।२५ को निर्णयानुसार उक्त कि.नं. ८०२ को जग्गा निजी गुठीको गुठी अधिनस्थ सम्पत्तिबाट रैकरमा परिणत भई प्रत्यर्थी / प्रतिवादी लक्ष्मी न्याछ्योसमेतको नाममा निजी हक स्वामित्वको जग्गाको रूपमा दर्ता हुन पुगेको र सोही जग्गाबाट आफ्नो हकजति निजले आफ्नी छोरी जयन्ती न्याछ्यो श्रेष्ठलाई हालैदेखिको बकसपत्रको लिखत पारित गरी दिएको देखिँदा उक्त हा.ब.को लिखत पारित हुँदाको बखत उक्त कि.नं. ८०२ को जग्गा उक्त निजी गुठी जग्गाबाट रैकर जग्गाको प्रकृतिमा परिणत भइसकेको जग्गा रहेको देखिने।

निजी गुठीको सम्पत्तिको रूपमा रहेको उक्त कि.नं. ८०२ को जग्गा उक्त गुठीका गुठियारहरूकै मिति २०५५।१२।२५ को निर्णयानुसार रैकरमा परिणत गर्ने उद्देश्यले सट्टापट्टा गरी निजी गुठीअन्तर्गतको प्रकृतिबाट परिवर्तन गरी रैकरमा परिणत गरी सोबाट प्राप्त भएको कानूनबमोजिमको रकम (रजिस्ट्रेसन प्रयोजनको निम्ति कायम गरिएको न्यूनतम मूल्य) रू.६,७५,३९१।- बाट उक्त गुठीको निम्ति नेपाल बैंक लिमिटेडमा मुद्दती खाताको अक्षयकोष खोली सोमा उक्त रकम जम्मा गरी सोही रकमबाट प्राप्त हुने ब्याजको रकमबाट उक्त गुठीको काम तथा पूजाआजा सञ्चालन गर्ने व्यवस्था मिलाई उक्त जग्गाको व्यवस्थापन गरिएको देखिने।

यसरी उक्त गुठीको अधिकारप्राप्त गुठियारहरूको निर्णयानुसार नै उक्त गुठी अधिनस्थ रहेको उक्त कि.नं. ८०२ को जग्गा रैकरमा परिणत गरी सोबाट प्राप्त रकमले अक्षयकोष खोली सोमा जम्मा गरेको रकमबाट प्राप्त हुने ब्याजको रकमले उक्त गुठीको खर्चको व्यवस्थापन गर्ने काम यी प्रत्यर्थी / प्रतिवादी लक्ष्मी न्याछ्योसमेतबाट भए गरिएको देखिन्छ । सोही सिलसिलामा उक्त गुठी अधिनस्थ कि.नं. ८०२ को जग्गा रैकरमा परिणत भई यी प्रत्यर्थी / प्रतिवादी लक्ष्मी न्याछ्यो र पुष्पबहादुर न्याछ्योको नाममा संयुक्त रूपमा दर्ता हुन आएको देखिन्छ। यसरी आफूसमेतको नाममा निजी सम्पत्तिको रूपमा कानूनबमोजिम प्राप्त हुन आएको उक्त सम्पत्तिमध्ये आफ्नो हकहिस्सा जति (आधा जग्गा) यी प्रत्यर्थी / प्रतिवादी लक्ष्मी न्याछ्योले आफ्नी विवाहिता छोरी जयन्ती न्याछ्यो श्रेष्ठलाई कानूनबमोजिम हालैदेखिको बकसपत्रको लिखत पारित गरी हकहस्तान्तरण गरेको कार्य तत्कालीन गुठी संस्थान ऐन, २०३३ समेतको कानूनी प्रावधानअनुसार नै भए गरेको देखिएकोले निजको सो कार्यबाट उक्त गुठीको धर्मलोप भए गरेको मान्न मिल्दैन । तसर्थ; प्रत्यर्थी / प्रतिवादी लक्ष्मी न्याछ्योले उक्त गुठीको गुठियारहरूको निर्णयानुसार गुठी संस्थान ऐन, २०३३ मा उल्लिखित प्रावधानअनुसार नै उक्त गुठी अधिनस्थ रहेको उक्त कि.नं. ८०२ को जग्गा रैकरमा परिणत गरी सोबाट प्राप्त भएको रकमले उक्त गुठीको निम्ति अक्षयकोष खोली उक्त गुठीको पूजाआजाको व्यवस्थापन मिलाएको देखिँदा

निजको उक्त कार्यबाट निजले उक्त गुठीको धर्मलोप गरेको नदेखिने ।

पुनरावेदक / वादीले यस अदालतसमक्षको आफ्नो पुनरावेदन (मुद्दा दोहोऱ्याई हेरिपाउँ भन्ने निवेदन) जिकिरमा ने.का.प. २०४३, पृष्ठ ९१५, नि.नं. २८५६ र ने.का.प. २०४०, पृष्ठ ७३२, नि.नं. १८०७ मा प्रकाशित नजिरहरू आफ्नो जिकिरको समर्थनमा उल्लेख गरेको देखिन्छ । उक्त नजिरहरूमध्ये ने.का.प. २०४३ को नि.नं. २८५६ को नजिरमा **गुठीको जग्गामा सामूहिकरूपमा भोगचलन गर्न पाउनेसम्म मात्र हो, एकलौटी कसैको हक हुने कुरा हुँदैन, मास्न नास्न कसैलाई हक छैन** भनी भनिएकोमा उक्त सिद्धान्तलाई दाबीको न्याछ्यो गुठीका गुठियारहरूको मिति २०५५।१२।२५ को बैठकबाट उक्त गुठी अधिनस्थ जग्गा रैकरमा परिणत गरी आएको रकमबाट अक्षयकोष खडा गरी सो कोषको सञ्चित रकमबाट आएको ब्याजबाट गुठीको कार्य सञ्चालन गर्ने भनी भएको निर्णयानुसार दाबीको कि.नं. ८०२ को जग्गा रैतान नम्बरीमा परिणत हुन पुगेको हो । यसरी उक्त गुठीको गुठियारहरूको मिति २०५५।१२।२५ को निर्णयानुसार नै यी प्रत्यर्थी / प्रतिवादी लक्ष्मी न्याछ्योसमेत भई उक्त जग्गा सट्टापट्टा गरी रैकरमा परिणत गरे गराएको र गुठीको सुव्यवस्थापनको लागि सोअनुसार निजी गुठीको जग्गा रैकरमा परिणत गराउन सकिने भन्ने गुठी संस्थान ऐन, २०३३ मा उल्लिखित तत्कालीन कानूनी व्यवस्थाहरूले अनुमति प्रदान गरेको नै देखिएबाट प्रत्यर्थी / प्रतिवादी लक्ष्मी न्याछ्योसमेतबाट भएको उक्त कार्य गैरकानूनी, आधारहीन र धर्मलोप गराउने उद्देश्य र प्रकृतिको नभएको देखिएबाट ने.का.प. २०४३, पृष्ठ ९१५, नि.नं. २८५६ मा प्रकाशित उक्त नजिर प्रस्तुत मुद्दाको सन्दर्भमा पुनरावेदक / वादीको दाबी पुष्टि गर्ने आधार हुन नसक्ने ।

त्यस्तै; ने.का.प. २०४०, पृष्ठ ७३२, नि.नं. १८०७ मा प्रकाशित नजिरमा **गुठी राख्नेको सन्तानलाई गुठी धर्मलोप भएको खण्डमा धार्मिक कृति विधिवत्रूपले चलाई राख्नुपर्ने हक दायित्व रहन्छ । आफ्नो पुर्खाले राखेको गुठी कसैले धर्मलोप गरेमा गुठीको ३, ४ नं. तथा अ.बं. ८२ नं. ले उजुर गर्ने हकदैया निजमा रहने स्पष्ट छ** भनी उल्लेख भएको देखिन्छ । गुठीको धर्मलोप गरेमा फिराद गर्ने हकदैयासँग सम्बन्धित रहेको प्रस्तुत नजिर प्रस्तुत मुद्दाका सन्दर्भमा पुनरावेदक / वादीको हकदैया प्रमाणित गर्ने आधार हुन नसक्ने भन्ने माथि प्रश्न नं. (१) को सन्दर्भमा भएको विश्लेषणको निष्कर्षबाट पनि पुष्टि भइरहेको देखिन्छ । तसर्थ; २०४० सालको ने.का.प. मा प्रकाशित उक्त नजिर पनि प्रस्तुत मुद्दामा पुनरावेदक / वादीको हकदैया प्रमाणित गर्ने आधार बन्न सक्ने नदेखिने ।

प्रस्तुत मुद्दामा यस अदालतको संयुक्त इजलासबाट मिति २०७१।१०।१८।१ मा मुद्दा दोहोऱ्याई हेर्ने निस्सा प्रदान हुँदा ने.का.प. २०६४, पूर्णाङ्क १०, नि.नं. ८७८५ र ने.का.प. २०६८, अङ्क २, नि.नं. ८५६३ को मुद्दामा प्रतिपादित सिद्धान्तहरूलाई आधार लिई पुनरावेदन अदालत पाटनको फैसलामा उक्त सिद्धान्तको प्रतिकूल फैसला भई गम्भीर कानूनी त्रुटि भएको भन्ने आधारमा प्रस्तुत मुद्दामा पुनरावेदन अदालत

पाटनको फैसला दोहोऱ्याई हेर्ने निस्सा प्रदान गरिएको देखिन्छ । तसर्थ; उक्त दुईवटै निर्णयहरूमा प्रतिपादित सिद्धान्तहरूतर्फ हेर्नुपर्ने हुन आयो । उक्त दुईमध्ये पहिलो ने.का.प. २०६४ को नि.नं. ८७८५ को निर्णय खोजी गर्दा २०६४ सालको नेपाल कानून पत्रिकामा वैशाखदेखि चैत्र महिनासम्मको अङ्कमा नि.नं. ७८०२ देखि ७९१० सम्मका निर्णयहरू मात्र प्रकाशित भएको र नि.नं. ८७८५ को उक्त निर्णय प्रकाशित भएको नै देखिएन । तर उक्त सालको माघ अङ्कमा निर्णय नं. ७८८५ को यस अदालतको ३ सदस्यीय विशेष इजलासबाट निर्णित गुठी जग्गाहरूलाई रैतान नम्बरीमा परिणत गर्ने गुठी संस्थान ऐन, २०३३ को सम्बन्धित कानूनी प्रावधानहरूलाई उत्प्रेषणको आदेश जारी गरी अमान्य र बदर घोषित गरिएकोसम्बन्धी बहुचर्चित निर्णय प्रकाशित भएको देखिन्छ । तसर्थ उक्त बहुचर्चित निर्णय नं. ७८८५ नै टाइपको भूलवश ८७८५ भनी उल्लेख हुन पुगेको ठानी सोही निर्णय नं. ७८८५ को निर्णयमा यस अदालतबाट प्रतिपादित सिद्धान्तहरूतर्फ नै हेर्नुपर्ने ।

तसर्थ; ने.का.प. २०६४, अंक १०, नि.नं. ७८८५ मा प्रकाशित निवेदक जनहित संरक्षण मञ्चका तर्फबाट अधिकारप्राप्त तथा आफ्नो हकमा समेत अधिवक्ता प्रकाशमणि शर्मा विरूद्ध विपक्षी नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद् सचिवालय, सिंहदरबार, काठमाडौंसमेत भएको २०५८ सालको रिट नं. ७७ को उत्प्रेषण परमादेशसमेत मुद्दामा यस अदालतबाट सिद्धान्त प्रतिपादन भएको पाइन्छ । पश्चात्दर्शी असर नपर्ने गरी मिति २०६४।१०।१० मा जारी भएको यस अदालतको उक्त आदेशले मिति २०६४।१०।१० भन्दा अगाडि भए गरिएका कामकारबाहीहरू अर्थात् अक्षयकोष राखी गुठी अधिनस्थ जग्गा सट्टापट्टा गरेको तथा रैकर परिणत गरेको कार्यलाई कुनै प्रतिकूल असर पारेको देखिँदैन । अर्थात् आदेश जारी भएपश्चात् मात्र उक्त कार्य गर्न नपाइने वा गरेको कार्य उक्त सिद्धान्त प्रतिकूल तथा अवैधानिक मानिने भन्ने उक्त आदेशको उद्देश्य रहेको देखिन्छ । यसबाट आदेश जारी भएपश्चात् हुने कामकारबाहीहरूउपर मात्र प्रभावी (Prospective Overruling) भएकोले सोअघि सम्पन्न भए गरेका कामकारबाहीलाई उक्त आदेशले वैधता नै प्रदान गरेको देखिन्छ । यसरी उक्त आदेशमा प्रतिपादित सिद्धान्त पश्चातदर्शी (Retrospective Ruling) नभई आदेश भएको मितिपछि मात्र लागु हुने (Prospective Overruling) आदेश भएकोले उक्त आदेश हुनु अगावै प्रतिवादी लक्ष्मी न्याछ्योसमेतले उक्त न्याछ्यो गुठीका गुठियारहरूको मिति २०५५।१२।२५ को निर्णयानुसार अक्षयकोषमा रू.६,७५,३९१।- बुझाई मिति २०५५।१२।२६ को निर्णयबाट उक्त निजी गुठीको जग्गा आफूसमेतको नाममा रैकर गराएको देखिँदा प्रचलित कानूनबमोजिम अक्षयकोषमा रकम राखी निजी गुठीको जग्गा सट्टापट्टा गरी रैकरमा परिणत गरे गराएको उक्त कार्य उल्लिखित सिद्धान्तसमेतबाट कानूनसम्मत नै रहेको देखिन आएबाट उक्त नजिर प्रस्तुत मुद्दामा पुनरावेदन अदालत पाटनबाट भएको फैसला उल्टी गर्न होइन कि उक्त फैसलालाई कानूनसम्मत नै रहेको पुष्टि गर्न

सहयोगी रहेको देखिने।

त्यस्तै; मुद्दा दोहोर्‍याउने निस्सा प्रदान गर्ने उक्त आदेशमा आधार लिएको अर्को निर्णय ने.का.प. २०६८, अङ्क २, निर्णय नं. ८५६३ मा प्रकाशित रहेको भनिएकोमा उक्त निर्णयउपर पुनरावलोकनको निवेदन परी पुनरावलोकन गरी हेर्ने गरी यस अदालतबाट मिति २०७०।३।१४ मा आदेश भई २०६९-NF-००१८ मा दर्ता भई उनै पक्ष विपक्ष भएको धर्मलोप मुद्दा पुनरावलोकनको लागि पूर्ण इजलाससमक्ष पेस हुँदा उक्त नि.नं. ८५६३ फैसला मिति २०६६।२।१० रहेको उक्त फैसला उल्टी भई उक्त मुद्दामा वादी दाबी पुग्न नसक्ने ठहराएको पुनरावेदन अदालत पाटनको फैसला नै सदर हुने ठहर्‍याई यस अदालतबाट मिति २०७२।१।१० मा फैसला भइसकेको देखिँदा उक्त नि.नं. ८५६३ को नजिर नै कायम नरही सो सम्बन्धमा अन्यथा निर्णय भई ने.का.प. २०७२, अङ्क १०, निर्णय नं. ९४७४ मा प्रकाशित भएको अवस्था रहेछ। तसर्थ; नि.नं. ९४७४ को प्रकाशित नजिरसमेतको आधारमा प्रस्तुत मुद्दामा पुनरावेदक / वादीको दाबी पुग्न नसक्ने देखिने।

तसर्थ; पुनरावेदक / वादीको पुनरावेदन (मुद्दा दोहोर्‍याई हेरिपाऊँ भन्ने निवेदन) जिकिर र यस अदालतबाट मुद्दा दोहोर्‍याउने निस्सा प्रदान हुँदाको आदेशमा उल्लिखित नजिरहरूबाट वादी दाबीको कि.नं. ८०२ को जग्गाको हक हस्तान्तरण गर्न पाउने प्रत्यर्थी / प्रतिवादी लक्ष्मी न्याछ्योको हकलाई सीमित गर्न वा वादी दाबीको जग्गा रैकर परिणत गर्दाको कामकारबाहीलाई शून्य गर्न नसक्ने देखिन्छ। अत: वादी दाबीको कि.नं. ८०२ को जग्गा निजी गुठीअन्तर्गतको प्रकृतिबाट रैकरमा परिणत भई प्रत्यर्थी / प्रतिवादी लक्ष्मी न्याछ्योसमेतको नाममा निजी हक स्वामित्वको जग्गाको रूपमा परिणत भए गरिएको कामकारबाहीहरू तत्काल प्रचलित गुठी संस्थान ऐन, २०३३ का व्यवस्थाहरू र माथि उल्लिखित यस अदालतबाट प्रतिपादित नजिर तथा सिद्धान्तहरूसमेतको प्रतिकूल रहे भएको नदेखिने।

माथि विभिन्न प्रकरणहरूमा उल्लेख भएबमोजिम प्रस्तुत मुद्दाकी प्रत्यर्थी / प्रतिवादी लक्ष्मी न्याछ्योसमेतले न्याछ्यो गुठीका गुठियारहरूको बैठकले मिति २०५५।१२।२५ मा गरेको निर्णयबमोजिम उक्त गुठीको कामकारबाही सञ्चालनार्थ नेपाल बैङ्क लिमिटेडमा मुद्दती खाताको अक्षयकोष खडा गरी दाबीको कि.नं. ८०२ को जग्गा मिति २०५५।१२।२६ मा रैकरमा परिणत गरी गराई उक्त जग्गा रैकरमा परिणत गरेबापत कानूनबमोजिम हुने रकम रू.६,७५,३९१।- उक्त गुठीको अक्षयकोषमा जम्मा गरी सो रकम जम्मा गरेबापत उक्त बैङ्कबाट प्राप्त हुने ब्याजबाट उक्त गुठीको काम तथा पूजाआजा नियमितरूपमा सञ्चालन गर्ने व्यवस्थापन गरे गराएको कामकारबाही गुठी संस्थान ऐन, २०३३ को तत्काल प्रचलित व्यवस्थाहरू अनुरूपकै भए गरेको देखिएको आधारमा प्रस्तुत मुद्दामा प्रत्यर्थी / प्रतिवादी लक्ष्मी न्याछ्योले उल्लिखित कार्य गरी धर्मलोप गरेको भन्ने वादी दाबी पुग्न नसक्ने ठहर्‍याएको ललितपुर जिल्ला अदालतको मिति २०६७।३।१५ को फैसलाउपर पुनरावेदन सुनी प्रस्तुत मुद्दामा प्रत्यर्थी / प्रतिवादी लक्ष्मी न्याछ्योले

उल्लिखित कार्य गरी धर्मलोप गरेको भनी निजउपर फिरादपत्र दायर गर्न यी पुनरावेदक / वादीको हकदैया नै नरहेको भनी यी पुनरावेदक / वादीको तर्फबाट दायर गरिएको प्रस्तुत मुद्दाको फिरादपत्र हकदैयाको अभावमा खारेज गर्ने ठहऱ्याएको पुनरावेदन अदालत पाटनको मिति २०६९।५।१९ को फैसला माथि विभिन्न प्रकरणहरूमा गरिएको विश्लेषणको निष्कर्षको आधारमा मिलेकै देखिन आउने।

तसर्थ; प्रस्तुत मुद्दामा वादी दाबी पुग्न नसक्ने ठहऱ्याएको ललितपुर जिल्ला अदालतको मिति २०६७।३।१५ को फैसलाउपर पुनरावेदन सुनी प्रस्तुत मुद्दामा वादीको फिरादपत्र नै खारेज गर्ने ठहऱ्याएको पुनरावेदन अदालत पाटनको मिति २०६९।५।१९ को फैसलासमेत उल्टी गरी फिराद दाबीबमोजिम गरिपाउँ भन्नेसमेतको पुनरावेदक / वादीको पुनरावेदन जिकिर पुग्न सक्ने नदेखिने।

अतः प्रस्तुत मुद्दामा वादी दाबी पुग्न नसक्ने ठहऱ्याएको ललितपुर जिल्ला अदालतको मिति २०६७।३।१५ को फैसलाउपर पुनरावेदन सुनी प्रस्तुत मुद्दामा वादीको फिरादपत्र नै खारेज गर्ने ठहऱ्याएको पुनरावेदन अदालत पाटनको मिति २०६९।५।१९ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। पुनरावेदक / वादीको पुनरावेदन जिकिर पुग्न सक्दैन। पुनरावेदन अदालत पाटनको फैसला उल्टी गर्ने सहकर्मी माननीय न्यायाधीश श्री सपना प्रधान मल्लसँग रायमा मैतक्य हुन नसकेकोले सर्वोच्च अदालत नियमावली, २०७४ को नियम २३(२)(क) बमोजिम संयुक्त इजलासतर्फको लगत कट्टा गरी प्रस्तुत मुद्दा निर्णयार्थ पूर्ण इजलाससमक्ष पेस गर्नू।

इजालास अधिकृतः हर्कबहादुर क्षेत्री
कम्प्युटर: विशाल खड्गी
इति संवत् २०७६ साल आषाढ १ गते रोज १ शुभम्।

- यसमा यसै लगाउको ०७१-CR-०९२८, ०९२९, ०७१-CI-०९७५, ०९७६, ०९७७, ०९७८ जालसाजी, लिखत बदर, कित्ताफोड, भरतलाल न्याछ्यो वि. जयन्ती न्याछ्यो खोसीसमेत, भरतलाल न्याछ्यो वि. लक्ष्मी न्याछ्योसमेत, भरतलाल न्याछ्यो वि. जयन्ती न्याछ्योसमेत, भरतलाल न्यायाछो, अनुपबहादुर न्याछ्यो वि. लक्ष्मी न्याछ्यो, अनुपबहादुर न्याछ्यो वि. अशोककुमारी पुनसमेत भएको मुद्दाको फैसला यसै प्रकृतिको रहेको।